२०५०-२०७५

25

NEPAL RURAL DEVELOPMENT SOCIETY CENTRE
NRDSC
2050
BIRATNAGAR-14

रजत महोत्सव

# स्मारिका

## नेपाल ग्रामीण विकास समाज केन्द्र

विराटनगर

# कार्यकारिणी समितिका पदाधिकारीहरू



मणिकुमार अर्ज्याल
सभापति



भुवनेश्वर मण्डल
उपसभापति



हरिप्रसाद पोखरेल
कोषाध्यक्ष



सुरेन्द्रराज भट्टराई
महासचिव



गायत्री अर्ज्याल (नेपाल)
सदस्य



मीरा अर्ज्याल
सदस्य



मनमोहन उपाध्याय
सदस्य

२०५०-२०७५

रजत महोत्सव

# स्मारिका

**प्रधान सम्पादक**

मणिकुमार अर्ज्याल

**सम्पादक मण्डल**

डा.भेषप्रसाद धमला

सुरेन्द्रराज भट्टराई

भुवनेश्वर मण्डल

गायत्री अर्ज्याल (नेपाल)

राजु श्रेष्ठ

**प्रकाशन**

**नेपाल ग्रामीण विकास समाज केन्द्र (एन.आर.डी.एस.सी.)**

विराटनगर-९, मोरङ

# नेपाल ग्रामीण विकास समाज केन्द्र
## रजत महोत्सव स्मारिका

© सर्वाधिकार : प्रकाशकमा
(स्रोत उद्दृत गरेर यसमा रहेका सामग्री प्रयोग गर्न सकिन्छ)

प्रकाशन मिति : २०७५
संस्करण : पहिलो
प्रति : ५००
सहयोग : रु.१००/-
छपाई : पञ्चकन्या प्रिन्टर्स, विराटनगर
फोन : ०२१-५२५२०८
ईमेल : panchakanyaprinters@gmail.com
आवरण तथा डिजाइन : गोकुल कार्की र राजु श्रेष्ठ

**प्रकाशन**
**नेपाल ग्रामीण विकास समाज केन्द्र (एन.आर.डी.एस.सी.)**
विराटनगर-९, भानुटोल, मोरङ
फोनः ०२१-५२४५६०, इमेलः nrdscbrt@gmail.com

**मा. लालबाबु पण्डित**
मन्त्री
संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

**नेपाल सरकार**
**सिंहदरवार, काठमाडौं**
**नेपाल**



शुभकामना

नेपाल ग्रामिण विकास समाज केन्द्र विराटनगरले स्थापना कालको २५ औं वसन्त पुरा गरेको अवसर पारेर रजत जयन्ती स्मारिका प्रकाशन गर्न लागेको जानकारी पाउँदा खुशी लागेको छ । संस्थाले स्थापनाकालदेखि नै नेपालको ग्रामिण तथा शहरी क्षेत्रमा विपन्न वर्गको समाजिक तथा आर्थिक विकासका निम्ति स्थानीय जनशक्ति परिचालन गरी समुदायको सहभागिता जुटाएर विपन्न वर्ग र समुदायको समग्र आर्थिक उत्थानका लागि कार्य गर्दै आइरहेको छ ।

नेपाली समाज आजको एक्काइसौं शताब्दिका मूल्यमान्यताको अवलम्बन गर्दै आफ्नो संस्कृति तथा पहिचान कायम राख्नु पर्ने चुनौतिको सामना गरिरहेको अवस्थामा यस ग्रामिण विकास समाज केन्द्रले समग्र आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमा योगदान गर्नेमा म विश्वस्त छु । देश अहिले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यमा रुपान्तरण भएको अवस्थामा यस्ता संस्थाहरु अझ वढी जनकेन्द्रित र समााजसेवी हुनेमा दुई मत छैन ।

आगामी दिनमा पनि संस्थाले आफ्ना यस्ता कार्यक्रमहरुलाई निरन्तरता दिई नेपाल सरकारले लिएको समृद्ध नेपाल सुखी नेपाली निर्माणको अभियानमा सहयोग पुऱ्याउने छ भन्ने आशा लिएको छु ।

अन्त्यमा, नेपाल ग्रामिण विकास समाज केन्द्रको ग्रामिण तथा शहरी क्षेत्रका विपन्न वर्गको सामाजिक तथा आर्थिक विकासको उद्देश्य प्राप्तिका लागि सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु ।

....................................
लालबाबु पण्डित
मन्त्री
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
प्रदेश नं. १
विराटनगर, नेपाल

☎०२१-५३६१८४
ई—मेल : mosdprov1@gmail.com

## शुभकामना

नेपाल ग्रामिण विकास समाजकेन्द्र विराटनगरले स्थापनाको पच्चिसौं वर्षको उपलक्षमा **रजत महोत्सव स्मारिका** प्रकाशन गर्न लागेको खवर पाउदा मलाई खुसी लागेको छ । संस्थाले समुदायमा आधारित कार्यक्रमहरू, जेष्ठ नागरिक सम्बन्धी कार्यक्रमहरू, सूचनाको हक सम्बन्धी कार्यक्रमहरू स्वास्थ्य प्रबर्धन तथा लघुवित्त कार्यक्रम, बैङ्क स्थापना , शैक्षिक ऋण लगानी, सम्मान कार्यक्रम आदि सम्पादन गरी निरन्तर सामाजिक अभियानमा जुटेको कुरा प्रसङ्सनीय छ ।
संस्थाले सञ्चालन गरेका कार्यक्रमको सार्वजनिक जानकारी गरी स्मारिका प्रकाशन गर्नु निश्चय नै सह्राहनीय कार्य हो । यो प्रकाशनमा छापिएका प्रकाशन सामग्री निश्चय नै नेपाली समाज र पाठकका लागि ज्ञानप्रद तथा शिक्षाप्रद हुनेकुरामा कुनै द्विविधा छैन, आगामी दिनमा पनि विभिन्न रचनात्मक कार्यक्रमका साथ संस्थाले निरन्तर थप कार्य गर्दै जाने कुराको अपेक्षा गर्दछु । संस्थाले गर्ने आफ्नो कार्यक्षेत्रको दायरा अझ विस्तारित गर्दै सामाजिक सेवाको काममा निरन्तरता दिन सकोस् भन्ने सकोस भन्ने शुभकामना ब्यक्त गर्दछु र संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

०९ असोज २०७५

जीवन घिमिरे
मन्त्री

# विराटनगर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल।

मिति: २०७५।६।२१

**शुभकामना**

वि.स.२०५० सालमा विराटनगरमा स्थापना भएको नेपाल ग्रामीण विकास समाज केन्द्र (NRDSC) ले २५ औं स्थापना दिवस मनाउन लागेको जानकारी पाउँदा मलाई अत्यन्तै खुशी लागेको छ। साथै सोही अवसर पारेर संस्थाले स्मारिका प्रकाशन गर्न लागेको काम प्रशंसायोग्य छ।
संस्थाले स्थापनाकालदेखि नै ग्रामीण जनताको सहभागितालाई उच्च प्राथमिकतामा राख्दै समृद्ध र सृजनशील समाजको निर्माण गर्न आफ्नो कृयाकलापहरुलाई अगाडि बढाउँदै आएको र स्थापनाको सुरुवाती वर्षहरूमा शिक्षाको चेतनाबाट वञ्चित भएका ग्रामीण भेगका बालबालिकाहरूलाई बाल शिक्षाको माध्यमबाट शिक्षाको चेतना फैलाई समाज रूपान्तरणमा महत्वपूर्ण योगदान पुऱ्याएको जानकारी प्रप्त गरिएको छ। सधैं चुलो चौका गरेर घरभित्र घुम्टो ओढेर बस्ने महिलाहरूलाई सशक्तीकरण गराई वित्तीय चेतनाको विकास गरी दुई पैसा भए पनि बचत गर्नु पर्छ भन्ने भावनाको विकास गराई वित्तीय क्षेत्रमा पुऱ्याएको योगदान तारिफ योग्य छ।

नेपाल राष्ट्र बैंकबाट सीमित बैङ्किङ कारोबार गर्ने इजाजत लिई कारोबार सुरु गरेको नेपाल ग्रामीण विकास समाज केन्द्रले, प्रदेश १ कै पहिलो लघुवित्त संस्थाको रूपमा विराटनगरमा केन्द्रीय कार्यालय राखेर राष्ट्रिय स्तरको लघुवित्त वित्तीय संस्थाको रूपमा नेरुडे लघुवित्त वित्तीय संस्थालाई जन्माएको छ। यो कुरा संस्थालाई मात्र नभएर हामी सम्पूर्ण विराटनगरवासीकै गौरवको कुरा हो। यस संस्थाको सेवाबाट धेरै भन्दा धेरै जनताहरू लाभान्वित हुन सकुन् र संस्थाको कार्यले समाज परिवर्तनमा अझै अमूल्य योगदान पुगोस् भन्ने कामना गर्दछु।

पछिल्लो समयमा संस्थाले ज्येष्ठ नागरिकको क्षेत्रमा पनि धेरै काम गर्दै आइरहेको बुझिएको छ। यस संस्थाले ज्येष्ठ नागरिकको सवालमा गरेका कार्यहरूले हामीलाई पनि मार्ग निर्देश गर्ने छ भन्ने आशा लिएको छु। भविष्य प्रति अझ आशावादी रहँदै राष्ट्र विकासका लागि उल्लेखनीय योगदान दिन सकोस् भन्ने शुभकामना सहित स्मारिका प्रकाशन सँग सम्बन्धित सबैलाई हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्न चाहन्छु।

मिति : २०७५।०६।२१ गते

...............................
भीम पराजुली
नगर प्रमुख
विराटनगर महानगरपालिका,
मोरङ , प्रदेश नं.

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मोरङ, विराटनगर

प्र.जि.अ.:- ५२८५२५
स.प्र.जि.अ.:- ५३०३८३, ५३६९०८
कार्यालय:- ५३०३७२
फ्याक्स :- ५२५२५१

प.सं. : ०७५/७६
च.नं. :

मिति : २०७५।०६।१७

## बिषय : शुभ-कामना ।

वि.सं.२०५० सालमा स्थापना भै विभिन्न संघ संस्था तथा संजालहरुमा आवद्ध रहेर विभिन्न सामाजिक कार्यहरुमा समेत क्रियाशिल नेपाल ग्रामीण विकास केन्द्र (NRDSC) ले आफ्नो स्थापनाको २५ औं वार्षिकोत्सव (रजत महोत्सव) को अवसरमा "स्मारिका" प्रकाशन गर्न लागेको थाहा पाउंदा अत्यन्त खुशी लागेको छ ।

एक्काइसौं शताब्दीकालागि आवश्यक पर्ने आत्मनिर्भर, सीपयुक्त र सक्षम जनशक्ति उत्पादन तथा महिला सशक्तीकरणको क्षेत्रमा संस्थाले खेलेको भूमिकाको सराहना गर्न चाहन्छु । नेपाल ग्रामीण विकास समाज केन्द्रले गाउँ-गाउँमा वाल शिक्षाको माध्यमबाट शिक्षाको चेतना फैलाई शैक्षिक क्षेत्रमा विश्मयकारी परिवर्तन ल्याई समृद्ध नेपालको सपना साकार पार्ने कार्य गरेको छ । आउँदा दिनहरुमा पनि समाज परिवर्तनमा आफ्नो अमूल्य योगदान दिई रहनेछ भन्ने विश्वास लिएको छु ।

स्वतन्त्र व्यक्तित्वहरुको विचार, संस्थागत सूचनामूलक लेख, रचनाहरु समेटिएको संस्थाको रजत महोत्सव स्मारिका गैह्र सरकारी संस्थामा संलग्न व्यक्ति, सामाजिक अभियन्ता, विद्यार्थी लगायत सम्पूर्ण पाठकवर्गको लागि बौद्धिक खुराक बन्नेछ भन्ने विश्वासका साथ रजत जयन्तीको उपलक्ष्यमा संस्था परिवारलाई बधाई तथा शुभेच्छा सहित उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

..........................
(रमेश कुमार केसी)
प्रमुख जिल्ला अधिकारी
प्रमुख जिल्ला अधिकारी

# सम्पादकीय

नेपाल ग्रामीण विकास समाज केन्द्र (एनआरडीएससी) ले स्थापनाको २५ वर्ष पूरा गरेको छ । संस्थाले २५ वर्षको समयावधिमा सामाजिक रूपान्तरण, गाउँसमाजका महिलाहरूमा आएको आत्मनिर्भरता, सशक्तीकरण, स्वरोजगार तथा वित्तीय क्षेत्रमा पुऱ्याएको योगदान अतुलनीय छ ।

सीमित बैकिङ्ग कारोबारको रूपमा लघुवित्त कार्यक्रम सञ्चालन गरेको संस्थाले आजको दिनसम्म आइपुग्दा राष्ट्रिय स्तरको लघुवित्त वित्तीय संस्थाको रूपमा नेरूडे लघुवित्त वित्तीय संस्था लिमिटेड स्थापना गर्न सफल भएको छ भन्न पाउँदा संस्थासँग आबद्ध सबैलाई गौरवको अनुभूति हुनु स्वाभाविकै नै हो ।

स्थापना कालको २५ वर्षको अवधिमा समाज रूपान्तरणका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न उदार एवम् सहयोगी भावना राखी आर्थिक तथा प्राविधिक सहयोग पुऱ्याउने संयुक्त राष्ट्रसंघीय निकाय, अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरू, सहकार्य गर्ने गैरसरकारी संस्थाहरू स्थानीय निकायहरू, सरकारी निकायहरू, बैक तथा वित्तीय संस्थाहरू, विज्ञ व्यक्तिहरू धन्यवादको पात्र हुनुहुन्छ ।

काम गरेपछि इतिहास निर्माण हुन्छ । नेपाल ग्रामीण बिकास समाज केन्द्रले २५ वर्षको यात्रा पूरा गरी इतिहास निर्माण गर्न सफल भएको छ । इतिहासलाई अभिलेखका रूपमा सुरक्षित राख्न सकिएन भने इतिहास समयको पत्रपत्रमा हराएर जान सक्छ । रजतजयन्ती सम्मको इतिहासलाई एकीकृत प्रतिवेदन (स्मारिका) का माध्यमबाट अभिलेख गर्न लागिएको हो । संस्थाको रजत महोत्सवको सन्दर्भ पारेर प्रकाशित गरिएको स्मारिकामार्फत हामीले केन्द्रको स्थापनाको पृष्ठभूमि, भवन निर्माण, संस्थाका गतिविधिका दौरान व्यक्ति विशेष स्वयमले भोगेका कथा व्यथा, विशेषज्ञहरूका दृष्टिकोण, विशिष्ट व्यक्तित्वहरूको विचार, विगतदेखि वर्तमानसम्मका तस्विरहरू लगायतका विषयमा केही प्रकाश पार्ने प्रयास गरेका छौँ । तर यो नै सम्पूर्ण इतिहास भने होइन । हामीले प्राप्त गरे सम्मका सङ्घ संस्थासम्बन्धी सूचनाहरू, अभिलेखहरू र जानकारीहरूलाई यस स्मारिकामा राख्ने प्रयास गरेका छौँ । तर पनि कतिपय सामाग्री अभिलेखको अभावमा यहाँ प्रस्तुत गर्न सकिएको छैन ।

स्मारिकामा प्रकाशित तथ्याङ्क, विवरणहरू र लेख रचनाहरू संस्थाको कार्यप्रगतिको सङ्क्षिप्त एकीकृत अभिलेख मात्र हो । गैरसरकारी क्षेत्रका सरोकारवाला, विश्वविद्यालयका अनुसन्धानकर्ता, जिज्ञासु व्यक्तित्वहरू, सामाजिक विकासकर्मीहरू, अधिकारकर्मीहरू, अभियन्ताहरू, स्थानीय सरकार, अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरू तथा दातृनिकायहरूका लागि उपयोगी एवं महत्वपूर्ण सन्दर्भ सामाग्री साथै संस्थाका लागि पनि भविष्यमा योजना तर्जुमा गरी कार्यान्वयन गर्नको लागि आधार हुन सक्ने अपेक्षा एवम् विश्वास लिएका छौँ ।

स्मारिकालाई यस स्वरूपमा प्रकाशित गर्न आफ्ना संस्मरणात्मक रचना प्रदान गर्नुहुने विशिष्ट व्यक्तित्वहरूलाई संस्था र स्मारिका प्रकाशन समितिको तर्फबाट सर्वप्रथम हार्दिक आभार व्यक्त गर्दछौँ । साथै विशिष्ट व्यक्तित्वहरूबाट प्राप्त स्वतन्त्र लेखमार्फत आफ्ना गहनतम रचना उपलब्ध गराउनु हुने विद्धान्हरू प्रति संस्था र प्रकाशन समिति अत्यन्त अनुगृहीत छ । यहाँहरू सबैको सदासयता र विश्वासबाट नै स्मारिकालाई यस रूपमा प्रस्तुत गर्न सम्भव भएको हो । स्मारिकामा छापिएका लेख रचना लेखकका निजी विचार हुन् । ती विचारमा संस्था र स्मारिका प्रकाशन समितिको सहभागिता छैन ।

अन्त्यमा यो स्मारिकालाई यस रूपमा ल्याउन सहयोग गर्नुहुने सम्पूर्णमा संस्था परिवार र स्मारिका प्रकाशन समितिको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ ।

❑ ❑

# मन्तव्य



नेपाल ग्रामीण विकास समाज केन्द्रको रजतमहोत्सवको अवसरमा स्मारिका प्रकाशन गर्न पाउँदा अत्यन्तै खुशी लागेको छ । २५ बर्षे यात्रालाई अभिलेख गर्ने उद्देश्यसहित प्रकाशन गरिएको स्मारिकामा समावेश गरिएका लेख रचना, कार्यप्रगति प्रतिवेदन, तथ्य तथ्याङ्क एवम् अनुभवहरुको प्रस्तुती र तस्वीरहरुले विगतका दिनहरुको दृश्य वृत्तचित्रमा हेरिरहेको जस्तो भान भइरहेको छ ।

स्थापनाकालदेखि संस्थालाई क्रियाशिल बनाउन, नीतिनियम निर्माण गर्न, निरन्तर मार्गनिर्देशन तथा सल्लाह सुझाव दिने सञ्चालक समिति सदस्य, सल्लाहकार तथा शुभचिन्तकहरु, कर्मचारी वर्ग एवम् स्वयम्सेवकहरुको लगानशीलता एवम् क्रियाशीलता २५ वर्षे यात्रालाई उपलब्धिमूलक बनाउने आधारहरु हुन् । संस्थालाई प्रत्यक्ष अप्रत्यक्ष रुपमा महत्वपूर्ण योगदान पुर्‍याउनु हुने सबैमा हार्दिक आभार एवम् धन्यवाद व्यक्त गर्दछु ।

समय गतिशील र बलवान छ । समय सधैं आफ्नै गतीमा अघि बढी रहेको हुन्छ, समय वितेको पत्तै नहुने रहेछ । संस्था स्थापना गरेको हिजो अस्ति जस्तो लाग्छ तर आज भोलि भन्दा भन्दै संस्थाले २५ औं वसन्त पार गरी सकेको छ ।

संस्था स्थापना कालमा हामीलाई सधैं मार्ग निर्देशन गरी सहयोग गर्ने व्यक्तित्वहरू र सङ्घसस्थाका प्रतिनिधिहरूको निरन्तर सहयोग र स्नेहका कारण आज हामी यो अवस्थामा आइपुगेका छौं । यस संस्थालाई स्थापनाकालदेखि नै आफ्नो अमूल्य विचार, ऊर्जा र समय दिएर अहिलेको स्थितिमा पुर्‍याउने सबैलाई हामी श्रद्धाका साथ सम्झन चाहान्छौं । सबैको सही मार्गनिर्देशनका कारण नै यहाँसम्मको यात्रा सम्भव भएको हो । आउँदा दिनहरुमा पनि निरन्तर साथ र सहयोगको अपेक्षा गरेका छौं ।

संस्थाको रजतमहोत्सवका अवसरमा स्मारिका प्रकाशनका लागि मार्गनिर्देशन र अभिप्रेरित गर्नुहुने, लेख रचना उपलब्ध गराउनुहुने, संस्थाको अभिलेखहरुको सङ्कलन गरी अभिलेखीकरण गर्ने र छपाईसँग सम्बन्धित कार्यमा सहयोग पुर्‍याउने लगायत सम्पूर्णमा हार्दिक कृतज्ञता व्यक्त गर्दै आउँदा दिनहरुमा पनि निरन्तर सहयोग र सहकार्यको अपेक्षा व्यक्त गर्न चाहान्छु ।

**मणिकुमार अर्ज्याल**
सभापति
नेपाल ग्रामीण विकास समाज केन्द्र (NRDSC)

# विषयसूची


| | | | |
|---|---|---|---|
| | शुभकामनाहरू | | |
| | सम्पादकिय | | |
| | मनतव्य | | |
| १. | नेपाल ग्रामीण विकास समाज केन्द्र (संक्षिप्त परिचय) | | १ |
| २. | विराटगरका अग्रजहरूको जीवन र अनुभव | प्रा.डा. मीनराज ढकाल | ११ |
| ३. | न्यायपालिका, जनअपेक्षा र वास्तविकता | डा. मेदनीप्रसाद सेडाइँ | १५ |
| ४. | समाजवादी अर्थतन्त्रको आधार, योजनाबद्ध आर्थिक विकास | डा.अर्जुनकुमार बराल | १९ |
| ५. | विविधता व्यवस्थापन र नेपाली अनुभव | कृष्ण पोखरेल | २३ |
| ६. | पूँजीवाद, लोकतन्त्र र गरिबी निवारण | पुरञ्जन आचार्य | २७ |
| ७. | परिवर्तित सन्दर्भमा गैरसरकारी संस्थाको भूमिका र जिम्मेवारी | त्रिलोक नेउपाने | ३२ |
| ८. | लोकतन्त्रमा एनजीओको औचित्य | दिपेन न्यौपाने | ३९ |
| ९. | नेपाल ग्रामीण विकास समाज केन्द्र इन्द्रेणी जागरण मञ्चको मार्गनिर्देशक | रामबहादुर श्रेष्ठ | ४३ |
| १०. | नेपाल ग्रामीण विकास समाज केन्द्रसँग आत्मा जोडेर | हरिप्रसाद बराल | ४६ |
| ११. | सामुहिक अवधारणमा नेपाल ग्रामीण विकास समाज केन्द्र | फणिराज नेपाल | ४८ |
| १२. | सक्षम नेतृत्व, प्रभावकारी संस्था | प्रकाश पोखरेल | ५१ |
| १३. | इतिहासमा नेपाल ग्रामीण विकास समाज केन्द्र | सुरेन्द्रराज भट्टराई | ५२ |
| १४. | सपनाझैं लाग्छन्, सङ्घर्षका ती दिनहरू | गायत्री अर्ज्याल नेपाल | ५५ |
| १५. | समस्याबाट भागेर होइन, जुधेर सफलता प्राप्त हुन्छ | भागनारायण साहु | ६० |
| १५. | एनआरडिएससीसँग गाँसिएको साइनो | दिनेश कटुवाल | ६६ |
| १६. | साइकल पेलेरै गाउँ गाउँमा अभियान | भरतकुमार लुइटेल | ७१ |
| १७. | समाज परिवर्तनमा मेरो भूमिका | प्रफुल्लकुमार देव | ७४ |
| १८. | प्रतिविम्ब | कृष्णबहादुर खड्का | ७९ |
| १९. | सूचनाको हक र थाहा अभियान | राजु श्रेष्ठ | ८३ |
| २०. | व्यक्तिगत विवरणहरू | | ८६ |
| २१. | लेखा परीक्षण प्रतिवेदनहरू | | ९३ |

# नेपाल ग्रामीण विकास समाज केन्द्र (NRDSC)

## संक्षिप्त परिचय

नेपाल ग्रामीण विकास समाज केन्द्रले आफ्नो स्थापना कार्यकालको २५ वर्ष पूरा गरेको उपलक्ष्ममा संस्थाको सोचाई, सिकाई, भोगाई र भनाइको अभिलेखीकरण गर्ने उद्देश्यका साथ स्मारिका प्रकाशन गर्ने जमर्को गरिएको छ। यो आ.व.लाई संस्थाले रजतमहोत्सवको रुपमा मनाउने लक्ष्य लिएको छ। यस रजतमहोत्सवलाई विशेष बनाउने हेतु यो स्मारिका प्रकाशन गरिएको हो।

**संस्था स्थापनाको ऐतिहासिक पृष्ठभूमि :**

नेपालका ग्रामीण तथा शहरी क्षेत्रका विपन्न वर्गको सामाजिक तथा आर्थिक विकासका निम्ति सामाजिक न्यायमा आधारित समाजको निर्माण गर्ने र देशको सर्वाङ्गीण विकासका लागि स्थानीय जनशक्ति परिचालन गरी समुदायको सहभागीता जुटाएर विपन्न वर्ग र समुदायको समग्र आर्थिक उत्थानका लागि विकास कार्यमा सघाउ पुऱ्याउन नेपाल ग्रामीण विकास समाज केन्द्रको स्थापना वि.सं. २०५० कार्तिक ३ गते जिल्ला प्रशासन कार्यालय मोरङ्गको दर्ता नं. ३२२ मा भएको हो। हाल समाज कल्याण परिषद् को दर्ता नं. १४८४, गैरसरकारी संस्था महासङ्घ मोरङ्ग, गैर सरकारी संस्था समन्वय समिति, महिला तथा बालबालिकाको कार्यालय मोरङ्ग लगायतका विभिन्न संस्था तथा सञ्जालहरुमा आवद्ध रहेर विभिन्न सामाजिक कार्यहरु गर्दै आईरहेको छ।

संस्था स्थापना गर्न २५ वर्षे स्वऐच्छीक अवकाश नेपाल बैंक लि. बाट लिए पश्चात श्री मणिकुमार अर्ज्यालले विराटनगरका ऋषिराम अर्ज्याल, टंकिसिनुवारीका तात्कालीन गाविस अध्यक्ष भुवनेश्वर मण्डल, विराटनगरका हरिप्रसाद पोखरेल, श्रीमति गायत्री अर्ज्याल नेपाल, उद्धवप्रसाद शर्मा, सुरेन्द्रराज भट्टराईलागायतको आपसी एकता, मित्रता र सहयोगमा अहम् जिम्मेवारी र नेतृत्व ग्रहण गरी मणिकुमार अर्ज्यालको सभापतित्वमा संस्थाले गति लिदै गयो। संस्थागत सफलताले कहिल्यै पछाडि फर्कनु परेन।

**हालसम्म संस्थाले सम्पन्न गरेका मुख्य मुख्य कामहरु :**

**१) समुदायमा आधारित कार्यक्रमहरु सञ्चालन :**

यस संस्थाले सुरुका दिनमा आफ्नै स्रोत तथा लगानीबाट (संस्थाका सदस्यहरुको व्यक्तिगत

लगानीबाट) विराटनगर १६ को बखरीको सरदार टोलमा एउटा सिलाई मेसिन र टंकीसिनुवारी गाविस वडा नं. ९ मा एउटा सिलाई मेसिन गरी २ वटा सिलाई मेसिन राखी गरीब तथा बेरोजगार इच्छुक महिलाहरुका लागि सिलाइ बुनाई सीप हासिल गर्न तीन महिने सिलाइ कटाइ तालिम सुरु गरिएको थियो । संस्था र स्किल नेपालको संयुक्त सहयोगमा विराटनगर १६ कै बखरी टोलमा १७ जनालाई २ महिने विद्युत जडान तालिम सञ्चालन गरिएको थियो। मोरङको टंकीसिनुवारी ४ र ५ मा बाल कक्षा सञ्चालन गरिएको थियो।

त्यसैगरी सुनसरीको अमाहिबेल्हा, चिमिडी, सिमरिया, देवानगञ्जमा मुढा बनाउने तालिम, हस्तकला तथा श्रृगार सम्बन्धी तालिम कार्यक्रमहरुबाट आफ्ना कार्यक्रमहरु सुरु गरिएको थियो।

सीपमूलक तालिम सँगसँगै सोही आर्थिक वर्ष २०५१/५२ देखि संस्थाले युनिसेफ र प्याक्ट नेपालको सहयोगमा मोरङ र सुनसरी जिल्लामा प्रौढ कक्षा र बाल कक्षा सञ्चालन गरी साक्षरता कार्यक्रम सञ्चालन गरेको थियो। यसै गरी यस संस्थाबाट आ.व.२०५२/५३ मा मोरङ जिल्लाका ३० जना महिलाहरुलाई मातृ शिशु स्याहार कार्यक्रम, १३ जनालाई मोटर रिवाइल्डिङ तालिम प्रदान गरिएको थियो । प्लान इन्टरनेशनल विराटनगरको सहयोगमा सुनसरीको हरिनगरा, मध्यहर्षाही, अमाहीबेल्हा, राजगंजसिनवारी, चिमडी, रामगंज बेलगछिया, सत्तेरझोडा, कप्तानगञ्ज, जलपापुर, गौतमपुर, छिटाहा र मोरङको सिद्राहा, झोराहाट, अमरदह र टंकीसिनवारी गा.वि.स.का २८७० महिलाहरुलाई उनीहरुको हक र अधिकारका साथसाथै समूह र बचतको महत्वका वारेमा तालिम सञ्चालन गरिएको थियो। आ.व.२०६२।६३ मा एडिविको सहयोगमा मोरङ जिल्लाको ७ गा.वि.स.(कटहरी, सिसवनी जहदा, कदमाहा, सोराभाग, दादरबैरिया, थलाहा, बबियाविर्ता) का कूल १३१ परिवारका सदस्यहरुका लागि सवारी चालक तालिम, श्रृङ्गार तालिम, तरकारी उत्पादन तालिम, हाउस वाइरिङ तालिम, पशु स्वास्थ्य सम्बन्धी तालिम, सिलाइ कटाई सम्बन्धी तालिम, अगरबत्ती बनाउने तालिम, पशुपालन सम्बन्धी तालिम, मोटरसाइकल मर्मत तालिम, साइकलमर्मत तालिम, मैनबत्ती बनाउने तालिम, बजार व्यबस्थापन सम्बन्धी तालिम, अचार, सस् तथा जाम बनाउने तालिमजस्ता गरिवी न्यूनीकरण तथा बिभिन्न सीप मूलक कार्यक्रमहरु संचालन गरिएको थियो।

आ.व.२०६३।६४ मा एडीवी कै सहयोगमा संस्थाले सिसवनी जहदा गा.वि.स. वार्ड नं. १ को रामचौकमा लाग्ने हाट बजारलाई दिगो र व्यवस्थित तुल्याउनका लागि ४०३ वर्गफीट भूभाग ओगटेको टिनको छाना भएको एउटा पक्की टहरा (सेड) समेतको निर्माण कार्य सम्पन्न गरिएको थियो। जसबाट आसपासका गा.वि.स.का समुदायहरु लाभान्वित हुँदै आएका छन्।

**२) लघुवित्त कार्यक्रम सञ्चालन :**

समाजमा बृहत रुपले फैलिएको चर्को ब्याजदरका कारण असमानता र विभेदपूर्ण पद्धतिले उपेक्षित हुन पुगेका बिपन्न महिलाहरुलाई त्यसमा पनि ग्रामीण भेगका महिलाहरुको

आयस्तरलाई माथि उकास्ने प्रयासमा यस संस्थाले सन् १९९७ देखि सुनसरी जिल्ला अवस्थित शाखा कार्यालय देवानगञ्जबाट लघुवित्त कार्यक्रमको शुरुवात गरेको थियो । यसरी सुनसरीको देवानगञ्ज शाखाबाट सुरु गरिएको उक्त कार्यक्रम मोरङ र झापा जिल्लामा समेत बिस्तार गरी तीनवटा जिल्लासम्म कार्यक्रमको बिस्तार भयो । कर्जाको हकमा कार्यक्रमको शुरुवातको समयमा सदस्यहरुलाई प्रतिव्यक्ति बढीमा रु ५०० सम्म उपलब्ध गराउँदै आएको यस संस्थाले पछि आएर आफ्ना सदस्यहरुलाई प्रति व्यक्ति रु ४०,००० सम्म ऋृण दिने गरेको थियो । यो कार्यक्रमको प्रभावले ग्रामीण महिलाहरुको आत्मजागरणमा उल्लेख्य रुपमा वृद्धि भई शिक्षा, स्वास्थ्य, कृषि, लघु उद्योग तथा स्वरोजगार जस्ता सबै क्षेत्रहरुमा महिलाहरुको पहुँच बढ्न थालेको पाईन्छ।

**३) बैंक स्थापना :**

यस संस्थाले सञ्चालन गरेका कार्यक्रमहरुमध्ये लघुवित्त कार्यक्रमले ठूलो आकार लिंदै गएको र यसको व्यवस्थापनमा गैरसरकारी संस्थाको रुपमा सञ्चालन गरिरहँदा बढ्दै गइरहेको कारोवारको सुरक्षित अवतरण आवश्यक थियो । यसै क्रममा लघुवित्त कार्यक्रम संचालन गर्दै आइरहेका अन्य गैर सरकारी संस्थाहरुले लघुवित्त बैकहरुको रुपमा गरेको रुपान्तरणले पाएको सफलतालाई मध्यनजर गरी यस संस्थाको आर्थिक तथा वित्तीय कारोबार पनि लघुवित्त विकास बैंकको रुपमा परिणत गरी सुसंचालन गर्नु वाञ्छनीय देखिएकोले बैंक स्थापनाका लागि यस संस्थाको अगुवाइमा विगतका वर्षहरुदेखि भएको विभिन्न प्रयासहरुको फलस्वरुप नेपाल राष्ट्र बैकबाट "घ" वर्गको कारोबार गर्ने इजाजत प्राप्त गरी नेरुडे लघुवित्त विकास बैंक लिमिटेड नामक बैंकको स्थापना भई मिति २०६४ आषाढ १ गते देखि बैंक सञ्चालनमा आएको थियो । बैंकले राष्ट्रिय स्तरको मान्यता प्राप्त गरिसकेको छ। हाल लघुवित्त विकास बैंकले लेख्न नपाउने नियम आएको हुदाँ नेरुडे वित्तीय संस्था लिमिटेडको रुपमा नामकरण गरिएको छ । यस बैंकले २०७५ असार मसान्तसम्ममा नेपाल अधिराज्यभरि २९ जिल्लामा आफ्ना ८८ वटा शाखा उपशाखाहरुमार्फत १ लाख २७ हजार ग्राहक सदस्यहरुमा सेवा पुऱ्याईरहेको छ।

**४) बैंकमा कारोवार हस्तान्तरण :**

यस संस्थाले कुल पुंजीको २१.९३ प्रतिशत रकमको शेयर खरिद गरी लघुवित्त विकास बैंक स्थापना गर्न अग्रणी भूमिका निर्वाह गर्दै चालिएको सफल कदमको रुपमा नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको कारोबार गर्ने इजाजत प्राप्त नेरुडे लघुवित्त विकास बैंक लिमिटेड, विराटनगरलाई जनशक्ति, सम्पत्ति र दायित्व हस्तान्तरण गरिएको थियो । कारोबार हस्तान्तरण गर्ने सम्बन्धमा मिति २०६४/०२/१५ गते यस केन्द्र र सो बैंकका सञ्चालक समिति बीच सम्झौता भई मिति २०६४/०३/०१ गते तात्कालीन सुनसरीको सिमरिया शाखा (हालको शाखा कार्यालय दुहवी) १ र मोरङको विराटनगर बरगाछी शाखा १ गरी २ वटा शाखाहरु उक्त बैंकमा हस्तान्तरण गरिएको थियो । हस्तान्तरणपछि संस्थाले लघुवित्त कार्यक्रम सञ्चालन इजाजत रद्ध गराएको र पूर्ण रुपमा बैंकले नै लघुवित्त कार्यक्रम सञ्चालन

गरिरहेको छ भने संस्थाले विविध सामाजिक कार्यहरु गर्दै आइरहेको छ। वित्तीय कारोबार हस्तान्तरणसँगै यस संस्थाका सभापति श्री मणिकुमार अर्ज्यालले बैंकको कार्यकारी निर्देशकको कार्य जिम्मेवारी बहन गर्दै आउनुभयो भने यता संस्थाको सभापतिको भूमिका निर्वाह गर्दै आउनुभएको छ।

**५) शैक्षिक ऋण लगानी :**

बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा एम.वि.वि.एस. अध्ययनका लागि प्रतिस्पर्धा गरी एम.वि.वि.एस.मा छनौट भएका मोरङ्ग जिल्ला विराटनगर उपमहानगरपालिका वडा नं. १६ का श्री युवराज रायले तेश्रो वर्षदेखि उक्त प्रतिष्ठानलाई बार्षिक शुल्क बुझाउन नसकि संस्थासँग ऋण माग गरेको हुदाँ संस्थाको शैक्षिक ऋण कार्यक्रमअन्तरर्गत निजलाई बाँकी कोर्ष पूरा गर्न आवश्यक शैक्षिक ऋण रकम रु. २,११,२४०।- स्वीकृत गरी निजले उक्त प्रतिष्ठानलाई बुझाउनुपर्ने वार्षिक शुल्कवापतको रकम संस्थाले नै भुक्तानी गरेको थियो।

**६) सम्मान कार्यक्रम:**

केन्द्रले सामाजिक क्षेत्रमा योगदान पु¥याउने व्यक्तित्वहरुलाई सम्मान गर्ने उद्धेश्यले १८औं वार्षिक साधारण सभामा सम्मान कार्यक्रमको आयोजना गरिएको थियो। सामाजिक सेवामा अतुलनीय योगदान पु¥याउनुहुने विराटनगर उपमहानगरपालिका वडा नं. १६ पाञ्चाली निवासी विराटेश्वर वृद्धाश्रमका अध्यक्ष श्री जगतप्रसाद अर्ज्याल तथा विराटनगर उपमहानगरपालिका वार्ड नं. ३ तीनपैनी निवासी नेपाल रेडक्रस सोसाईटी मोरङ्गकी श्री मीना जोशीलाई सामाजिक क्षेत्रमा पु¥याउनुभएको योगदानहरुको उच्च मूल्याङ्कन तथा कदर गर्दै कार्यक्रमका प्रमुख अतिथि मोरङ्ग जिल्लाका तात्कालीन प्रमुखजिल्लाअधिकारी श्री सुरेश अधिकारीज्यूबाट दोसल्ला ओढाई सम्मान-पत्र प्रदान गरिएको थियो।

त्यस्तै २० औं वार्षिक साधारण सभाको अवसरमा सामाजिक संघ/संस्थाहरुमा रहेर मानवीय तथा सामाजिक सेवामा पु¥याएको योगदानलाई उच्च मूल्याङ्कन तथा कदर गर्दै विराटनगर उपमहानगरपालिका निवासी ज्येष्ठ नागरिक सेवा समाजकी अध्यक्ष श्री अन्जु कार्की, पूर्वाञ्चल अनाथाश्रमकी अध्यक्ष श्री सीता पोखरेल र महिला जागृति वृद्धा आश्रमकी अध्यक्ष भूवनेश्वरी आचार्यलाई कार्यक्रमका प्रमुख अतिथि तथा माननीय सभासद् अमृत अर्यालले दोसल्ला ओढाई सम्मान-पत्र प्रदान गरिएको थियो।

**७) संस्थाले पाएको प्राप्त गरेको सम्मानहरु :**

ग्रामीण महिला उत्सुकता विकास मञ्च (फरवार्ड) दुहवी बाट मिति २०६९ कार्तिक १ गते यस संस्थाका सभापति श्री मणिकुमार अर्ज्याललाई सम्मान गरिएको थियो। विरानगर-४ मोरङ्ग स्थित राजवंशी समाज उत्थान समिति विराटनगरले मिति २०६९ चैत्र ०६ गते पूर्वाञ्चलमा नै पहिलो केन्द्रीय कार्यालय खोली लघुवित्त कार्यक्रमलाई सफलतापूर्वक संचालन गर्नमा महत्वपूर्ण योगदान पु¥याए वापत यस केन्द्रका सभापति श्री मणिकुमार अर्ज्याललाई सम्मान गरेकोमा केन्द्रका तर्फबाट वहाँलाई हार्दिक बधाई ज्ञापन गर्दै सम्मान गर्ने उक्त निकायलाई

धन्यवाद व्यक्त गरिको थियो । नेशनल माइक्रोफाइनान्स समिट नेपाल २०१७ मा यस संस्था सभापति श्री मणिकुमार अर्ज्याललाई सम्मान राष्ट्रिय स्तरमा सम्मान गरिएको थियो । मिति २०७० साल वैशाख १५ गतेका दिन गैरसरकारी संस्था महासङ्घ नेपाल जिल्ला शाखा मोरङ्गको १३ औं वार्षिक साधारण सभा तथा ७ औं अधिवेशनको अवसरका २०५७ देखि २०५९ साल सम्म सो शाखाको अध्यक्ष पदमा रही पुर्‍याउनु भएको योगदानको कदर गर्दै श्री मणिकुमार अर्ज्याललाई सम्मान पत्र ज्ञापन गरिएको थियो । सन् २००५/०६ मा रुरल माईक्रो फाइनान्स डेभलपमेण्ट सेन्टर लि. (आरएमडिसी), काठमाण्डौले Exemplary Preformance in Microfinance Operation पुरस्कार प्राप्त गरिएको थियो ।

**८) संस्थाको भवन निर्माण :**

मिति २०६३ श्रावण १९ गते शुक्रबारका दिन श्री मणिकुमार अर्ज्यालबाट संस्थाको भवनको शिलान्यास गरिएको थियो भने मिति २०६५ पौष १४ गते सोमबारका दिन माननीय उद्योग मन्त्री श्रीमती अष्टलक्ष्मी शाक्य ज्युको बाहुलीबाट भवनको समुद्घाटन गरिएको थियो । उक्त भवन करिब १ करोडको लगानीमा निर्माण गरेको हो । उक्त भवनको भुइँ तलामा संस्था रहेको र पहिलो तला नेरुडे लघुवित्त विकास बैंकलाई भाडामा दिइएको छ । सोबाट भाडा वापत निश्चित रकम संस्थाले आर्जन गर्दै आएको छ ।

**९) प्रशिक्षक प्रशिक्षण सम्बन्धी तालिम :**

यस संस्थाले जिविस मोरङसँगको सहकार्यमा मिति २०६८।१०।१७ देखि १९ गतेसम्म तीन दिने मोरङका २० वटा गैरसरकारी संस्थाका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने उद्देश्य राखि गरिएको थियो । सो तालिममा पाठयोजना, तालिम योजना, प्रशिक्षकको भूमिका, सिकाइका सिद्धान्त र उद्देश्यहरु,तालिम चक्र, सञ्चारका सीप, सहजिकरणका विधिहरु, तालिम व्यवस्थापन, तालिम मूल्यांकन आदीको बारेमा जानकरी गरिएको थियो ।

**१०) अचार बनाउने तालिम :**

यस संस्थाले र नेरुडे लघुवित्त विकास बैंकसँगको सहकार्यमा मिति २०६९।०२।२६ देखि २७ गते सम्म ३ दिन बरगाछी शाखाअन्तरगतका महिला समूहहरुलाई अचार बनोन तालिम गरिएको थियो ।

**११) करेसाबारी तथा तरकारी खेती सम्बन्धी तालिम :**

यस संस्थाले र नेरुडे लघुवित्त विकास बैंकसँगको सहकार्यमा समूहका महिलाहरुलाई तालिम दिएको थियो । सो तालिममा करेसाबारीको विशेषता, फाइदा, क्षेत्रफल, योजना, माटोको तयारी, बेर्ना, मलखाद, गोडमेल, सिँचाइ, थाक्रो, रोग नियन्त्रण, बेमौसमी तरकारी, कम्पोष्टमल, समूह र नेतृत्व विकास आदिको बारेमा जानकारी दिइएको थियो ।

- आ.व. २०६७/६८ मा मोरङको कटहरी गाविसमा र सुनसरीको भोक्राहामा
- आ.व. २०६८/६९ मा मोरङको विराटचौक गाविसमा र सुनसरीको भोक्राहामा

**१२) प्रस्ताव लेखन तालिम :**

यस संस्थाले जिविस मोरङसँगको सहकार्यमा प्रस्ताव लेखन तीन दिने तालिम गरिएको थियो ।

विभिन्न सङ्घ संस्थाका प्रतिनिधि तथा कर्मचारीहरुलाई विराटनगरमा सो तालिम गरिएको
- मिति २०६९।३।१३ देखि १५ सम्म ३ दिन
- मिति २०७०।२।२६ देखि २९ गते सम्म ४ दिन

**१३) ज्येष्ठ नागरिक सम्बन्धी कार्यक्रमहरु**

- **सर्वेक्षण कार्यक्रम :**

मिति २०७१ सालमा विराटनगर महानगरपालिकाभित्र रहेका ज्येष्ठ नागरिकको क्षेत्रमा कार्यरत सङ्घ संस्थाको सर्वेक्षण गरी सो को प्रतिवेदन र ३ वर्षे कार्ययोजना तयार गरिएको थियो ।

- **ज्येष्ठ नागरिक सम्बन्धी ऐन कानूनहरुको प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालाहरुको भूमिका सम्बन्धी कार्यशाला गोष्ठी :**

राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालय विराटनगरको सहकार्यमा नेपाल ग्रामीण विकास समाज केन्द्र (NRDSC) तथा ज्येष्ठ नागरिक संघ नगर समन्वय समिति विराटनगरको संयुक्त आयोजनामा ज्येष्ठ नागरिक सम्बन्धी ऐन कानुनहरुको प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालाहरुको भूमिकासम्बन्धी कार्यशाला गोष्ठी मिति २०७१ माघ २४ गते शनिबारका दिन सगरमाथा पार्टी प्यालेस विराटनगरमा सम्पन्न गरिएको थियो ।

- **वृद्धावस्था व्यवस्थापन तथा सचेतना तालिम :**

विराटनगर उप-महानगरपालिका कार्यालय विराटनगरको सहयोगमा नेपाल ग्रामीण विकास समाज केन्द्र (NRDSC) विराटनगरको आयोजनामा ज्येष्ठ नागरिक सम्बन्धी दुई दिने वृद्धावस्था व्यवस्थापन तथा सचेतना तालिम मिति २०७१ चैत २८ गते शनिबार र २९ गते आइतबारका दिन संस्थाको  सभा हल विराटनगरमा सम्पन्न गरिएको थियो। उक्त तालिमको अध्यक्षता संस्थाका सभापति श्री मणिकुमार अर्ज्यालले गर्नुभएको थियो । प्रमुख अतिथि विराटनगर उप-महानगरपालिका कार्यकारी अधिकृत श्री गोपालप्रसाद रेग्मीज्यूबाट गमलामा रहेको विरुवामा पानी हाली कार्यक्रमको उद्‌घाटन गरिएको थियो।

- **ज्येष्ठ नागरिकहरुको दीर्घजीवन लागि सचेतना तथा सम्मान कार्यक्रम :**

जिल्ला विकास समितिको कार्यालय मोरङको आर्थिक सहयोग तथा टंकीसिनवारी गाविस र नेपाल ग्रामीण विकास समाज केन्द्र (NRDSC) को संयुक्त आयोजनामा मोरङ्गको टंकीसिनुवारी गाविसमा मिति २०७२ जेष्ठ २० गते बुधबारका दिन ज्येष्ठ नागरिकहरुको दीर्घजीवनका लागि सचेतना तथा सम्मान कार्यक्रम सम्पन्न भएको थियो। सो कार्यक्रममा जेष्ठ नागरिकहरुलाई  सम्मान गर्नुका साथै दीर्घजीवनका लागि सचेतना प्रदान गर्न डकुमेन्ट्री प्रर्दशन गरिएको थियो। कार्यक्रममा सम्मान हुनेहरुमा वि.सं. १९८० साल भन्दा पहिले जन्म भएका ९० देखि १०४ बर्षसम्मका ३० जना ज्येष्ठ नागरिकहरुलाई सम्मान गरिएको थियो।

- **ज्येष्ठ नागरिक प्रति गरिने दुव्यर्वहार विरुद्धको विश्व चेतना दिवसहरु :-**

नेपाल ग्रामीण विकास समाज केन्द्र विराटनगरको आयोजना तथा विराटनगर उप-महानगरपालिकाको सहयोगमामा ज्येष्ठ नागरिकप्रति गरिने दुव्यर्वहार विरुद्धको ११ औं

विश्वचेतना दिवसको अवसरमा मिति २०७३ असार १ गते (१५ जुन २०१६) बुधवारका दिन महेन्द्र होटलको सभा हल विराटनगरमा सम्पन्न भएको थियो।

ज्येष्ठ नागरिकहरुप्रति हुने दुव्र्यवहार, अपमानका घटना विभिन्न रुपमा दिनहुँ घटिरहेका छन्। सम्पत्तिको लागि आफ्नै सन्तान, हकवाला, अंशियार र अन्यबाट पनि ज्येष्ठ नागरिक दुर्व्यवहारको शिकार भैरहेका छन् । ज्येष्ठ नागरिकमाथि हुने गरेको दुर्व्यवहारको भरपर्दो तथ्याङ्क सरकारसँग पनि नरहेको अवस्था छ। यस्तो परिस्थितिमा प्रत्येक वर्ष विश्वभरि जुन १५ का दिन ज्येष्ठ नागरिकप्रति गरिने दुर्व्यवहार विरुद्धको विश्व चेतना दिवस आयोजना गरिएको थियो। ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३, नियमवाली २०६८ को बारेमा बहस गर्ने, ज्येष्ठ नागरिकप्रति गरिने दुव्यबहार विरुद्धको सचेतना जगाउने, ज्येष्ठ नागरिक प्रति गरिने दुव्यर्वहारलाई निरुत्साहित गर्दै दवाव सृजना गर्ने र विषय विशेषज्ञबाट कार्यपत्र प्रस्तुत गर्दै खुल्ला छलफल गर्ने उद्देश्यका साथ कार्यक्रमको आयोजना गरिएको थियो।

- **वृद्धाश्रममा फलफूल तथा फ्रिज वितरण** :

  मोरङको टंकीसिनुवारी मा रहेको महिला जागृति वृद्धाश्रममा मिति २०७१ जेष्ठ १६ गते फ्रिज तथा फलफूल वितरण गरियो।

**१४) सूचनाको हकसम्बन्धी कार्यक्रम तथा तालिमहरु** :

- **मोरङमा सूचनाको हक सम्बन्धी कार्यक्रमहरु** :

  सार्वजनिक निकायहरुको सुशासन र जवाफदेहिता अभिवृद्धिका लागि सूचनाको हक र शिक्षाको अधिकार कार्यक्रमअन्तरगत सुशासन र जवाफदेहिता अभिवृद्धिका लागि सूचनाको हक र शिक्षाको अधिकार तालिम मिति २०७२ जेष्ठ ८ गते शुक्रकबार र ९ गते शनिबारका दिन लखन्तरी गाविसको सभा हलमा सम्पन्न गरिएको थियो । सो कार्यक्रमको आयोजकमा वर्ल्ड भिजन इन्टरनेशनल नेपाल, लखन्तरी गाउँ विकास समिति, नेपाल ग्रामीण विकास समाज केन्द्र (NRDSC), बाल एवम् महिला विकास केन्द्र (CAWDEC), नारी विकास सङ्घ र इन्सेक क्षेत्रीय कार्यालय रहेका थिए । जसमा गाउँ शिक्षा समिति, गाउँ बाल संरक्षण तथा सम्बद्धन उप-समिति, भिवाससिसि, विद्यालय व्यवस्थापन समिति, महिला सञ्जाल, युवा सञ्जाल, निगरानी समूह, बाल क्लब, साना किसान, कृषि सहकारी, राजनीतिक दलका प्रतिनिधि, स्वास्थ्य चौकी र स्वास्थ्य समिति, कान्जि हाउस, वडा नागरिक मञ्च, आदिवासी जनजाति समिति, पिछडा वर्ग समिति, विद्यालय प्र.अ., स्वास्थ्य स्वयम सेविका, सञ्चारकर्मी, उपभोक्ता समिति लगायत ३६ जनाको सहभागिता रहेको थियो। तालिमका लागि साझेदारी संस्थाहरुबाट र जिल्ला शिक्षा कार्यालयको स्रोत व्यक्ति गरी दुई जनाबाट तालिमको सहजीकरण गरिएको थियो।

- **सुनसरीमा सूचनाको हक र शिक्षाको अधिकार कार्यक्रम** :

  सार्वजनिक निकायहरुको सुशासन र जवाफदेहिता अभिवृद्धिका लागि सूचनाको हक र शिक्षाको अधिकार कार्यक्रम अन्तरगर्त सूचनाको हक र शिक्षाको अधिकार तालिम सुनसरीका मधेली, मधेसा र चाँदबेला गाविसहरु र इटहरीको संयुक्त वडाहरु एकम्बा र पकली र रामधुनी

भासी नगरपालिकामा तल उल्लेखित मितिहरुमा सम्पन्न गरिएको थियो । जनचेतनाको अभिवृद्धिद्वारा सुशासन, जवाफदेहिता, पारदर्शिता, सामाजिक, आर्थिक विकास गर्न आजको आवश्यकता हो । यस कार्यक्रमको आयोजना संयुक्त रुपमा संस्थाहरु र सम्बन्धित स्थानीय निकायको समन्वयमा भएको थियो । जसमा वर्ल्ड भिजन इन्टरनेशनल नेपाल, युथ क्रिएशन सुनसरी, नेपाल ग्रामीण विकास समाज केन्द्र विराटनगर एवम् इटहरी उप-महानगरपालिका संयुक्त वडा समितिको कार्यालय, पकली र एकम्वा, रामधुनी भासी नपा, मधेली, मधेसा र चाँदबेला गाविसहरु रहेका थिए ।क्र.सं.गाविस/नपामितितरिकस्थान १.मधेली गाविस२०७३ असार २ र ३ गते(१६ र १७ जुन २०१६)गाविस भवनको हल२. चाँदबेला गाविस२०७३ असार ५ र ६ गते(१९ र २० जुन २०१६)महिला विकासको हल३.इटहरी उप-महानगरपालिका संयुक्त वडा समितिको कार्यालय १५,१६ र १७ ,एकम्वा२०७३ असार ८ र ९ गते(२२ र २३ जुन २०१६) संयुक्त कार्यालयको भवनको हल ।

- **सूचनाका हकसम्बन्धी क्षेत्रीय कार्यशाला** :

राष्ट्रिय सूचनाआयोग, काठमाण्डौं, एक्सनएड नेपाल क्षेत्रीय कार्यशाला नेपाल ग्रामीण विकास समाज केन्द्र (एनआरडिएससी) विराटनगर र विराटनगर, फोरम फर पार्टीसिपेटरी डेमोक्रेसी विराटनगरको संयुक्त सहकार्यमा "सूचनाको हक सम्बन्धी क्षेत्रीय कार्यशाला" विराटनगरको होटल एशियाटिक, एयरपोर्ट रोडमा आयोजना भएको थियो । संविधानमा नागरिकको मौलिक हकको रुपमा व्यवस्था गरिएको सूचनाको हक कार्यान्वयन गर्न गराउनका लागि गर्नु पर्ने कामका बारेमा सूचनाको हकको क्षेत्रमा क्रियाशील २३ जिल्लाका ७१ जना अभियान्ताहरुसँग अनुभव, सुझाव, अवसर र चुनौतीहरुको बारेमा छलफल र सम्वाद गर्ने उद्देश्यका साथ कार्याशालाको आयोजना गरिएको थियो । नेपालको संविधान २०७२ को धारा २७ मा सूचनाको हकलाई मौलिकहकको रूपमामा व्यवस्था गरेको छ भने, मुलुकमा २०६४ साल भदौ ३ गतेदेखि सूचनाको हकसम्बन्धी ऐन,२०६४ लागू भइसकेको छ । ऐन कार्यन्वयन गर्ने उद्देश्यका साथ ऐनद्धारा स्थापित छुटै स्वतन्त्र निकाय राष्ट्रिय सूचना आयोग पनि रहेको छ । तर राष्ट्रिय सूचना आयोगले अपेक्षित रुपमा कार्य गर्न नसकेको व्यापक रुपमा जनगुनासो रहेको अवस्था छ । यस सन्दर्भमा सूचनाको हकको संरक्षण र सम्वर्द्धनकालागि केहि पहल र प्रयास भएतापनि कार्यान्वयनको अवस्था भने सन्तोषजनक नरहेको अवस्थामा यस्तो कार्यशालाले निकै ठूलो प्रभाव पार्ने एक्सन एड नेपालका कार्यक्रम संयोजक विष्णु पौडेले बताउनु भयो । सो कार्यशालाबाट राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त कृष्णहरी बाँस्कोटासँग स्कापबाट प्रत्यक्ष सम्बाद गर्दै ८ बुँदे ज्ञापन पत्र जारी गरेको थियो ।

- **कलेज स्तरीय सूचनाको हक सम्बन्धी** :

एशियन स्कुल अफ टुरिजम होटल मेनेजमेन्ट (सास्थम) मा यस केन्द्रको समन्वयमा बीबीए मा अध्ययन गर्ने विद्यार्थीहरुलाई मिति २०७२।४।१९ मा सूचनाको हक सम्बन्धी सचेतना कार्यक्रम गरिएको थियो ।

**१५) महिला स्वास्थ्य स्वयम्सेविकाहरुका लागि शिशुहरुको दाँतको स्याहारसम्बन्धी कार्यक्रम :**

डेण्टिस् विदाउट् बोर्डरस्को आर्थिक सहयोग तथा परफेक्ट डेण्टल केयर एण्ड मल्टिस्पेस्यालिटी सेन्टर र नेपाल ग्रामीण विकास समाज केन्द्र (NRDSC), विराटनगरको संयुक्त आयोजनामा विराटनगरमा २ दिनसम्म मोरङका ६ गाविसका ५४ जना महिला स्वास्थ्य स्वयम्सेविकाहरुका लागि शिशुहरुको दाँतको स्याहार सम्बन्धी कार्यक्रमहरु सम्पन्न गरिएको थियो। मिति २०७२ जेष्ठ ३० र ३१ गते विराटनगरको होटल स्वागतममा कार्यक्रम सञ्चालन गरिएको थियो। दुई दिनको अवधिमा जम्मा ७२ जनाको सहभागिता रहेको थियो। आयोजक संस्था नेपाल ग्रामीण विकास समाज केन्द्रका सभापति मणिकुमार अर्ज्यालको अध्यक्षता, प्रमुख अतिथि सहयोगी संस्थाकी डा. लिना इर्वी, अतिथि तथा प्रशिक्षकहरु डा.सुजन रिजाल, डा.धिरेन्द्र गिरी, डा.निधि गिरीको उपस्थिति रहेको थियो । जिल्ला जनस्वास्थ्य कार्यालय मोरङका परिवारनियोजन अधिकृत तोयानाथ घिमिरे, जनसम्पर्क तथा सूचना अधिकारी उत्सव पोखरेल र जनस्वास्थ अधिकृत शिवनारायण यादवको पनि उपस्थिति रहेको थियो। उक्त दुई दिने कार्यक्रममा पहिलो दिन बुधनगर, कटहरी र भातिगछ र दोश्रो दिन टंकिसिनुवारी, झापाबैजनाथपुर र भौडाहाका गरी जम्मा ५४ जना महिला स्वास्थ्य स्वयमसेविकाहरुको सहभागिता रहेको थियो।

**१६. पुस्तकहरु प्रकाशन तथा विमोचन :**

- **जीवन भोगाइका प्रतिबिम्बहरु पुस्तक विमोचन**

  मोरङ्ग जिल्लाभित्रको विराटनगरमा रहेर विराटनगरको सामाजिक, राजनीतिक, व्यापारिक, कला र साहित्य लगायतका क्षेत्रमा विशिष्ट योगदान दिने ७० वर्ष माथिका २२ जना ज्येष्ठ तथा विशिष्ट व्यक्तित्वहरुको अनुभव र अनुभूतिहरुको संगालो “जीवन भोगाइका प्रतिबिम्बहरु” नामक पुस्तक प्रकाशन गरी पाठक सामु ल्याइएको छ। पुस्तक प्रकाशनका लागि मणिकुमार अर्ज्यालको संयोजकत्वमा पुस्तक प्रकाशन मण्डल गठन गरिएको थियो। जसमा डा.भेषप्रसाद धमला, सुरेन्द्रराज भट्टराई, भुवनवेश्वर मण्डल, देवी बास्कोटा रहनु भएको थियो । पुस्तकको संकलन देवी बाँस्कोटाले गर्नु भएको थियो । सो पुस्तकलाई विराटनगरको कंचन्जङ्गा पार्टी प्यालेसमा एक कार्यक्रमको बीच विमोचन कार्यक्रम गर्नुका साथै नयाँ वर्षको शुभकामना आदानप्रदान कार्यक्रम गरियो। सो कार्यक्रमको मुख्य अतिथिको रुपमा प्रा.डा.टंकप्रसाद न्यौपाने रहनु भएको थियो भने पुस्तकमाथीको समालोचना तथा समिक्षा प्रा.गङ्गाधर कट्टेलले गर्नु भएको थियो। उक्त कार्यक्रममा ६४ जनाको उपस्थिति रहेको थियो।

- यात्रा भित्रको परिदृष्य प्रकाशन तथा विमोचन : यस संस्थाका सभापति श्री मणिकुमार अर्ज्यालद्धारा लिखित लेखहरुको सङ्ग्रह यात्राभित्रको परिदृश्य प्रकाशन गरि मिति २०७३ बैशाख १७ गते एक कार्याक्रमका बीच विमोचन गरिएको थियो।

**१७) प्रकृति-मानव केन्द्रित जन अभियानसँगको सहकार्यमा कार्यक्रम :**

यस केन्द्र र प्रकृति-मानव केन्द्रित जन अभियानसँग सहकार्य गरेर प्राकृति जगर्ने सम्बन्धी

विविध कार्यक्रमहरु गरिएको थियो। मिति २०७२ श्रावण २ मा जिल्ला भेला गरि यस केन्द्रका अध्यक्ष श्री मणिकुमार अर्ज्याल सर्व सम्मतिबाट सो अभियानको जिल्ला अध्यक्षमा चयन हुनु भएको थियो।

## संस्थाले सहकार्य गरेका दातृ संस्थाहरूको विवरण :

१. जिल्ला विकास समिति, मोरङ
२.विराटनगर उपमहानगरपालिका
३. वर्ल्ड भिजन इन्टरनेशनल, विराटनगर
४. प्लान नेपाल, विराटनगर
५. एक्सन एड, विराटनगर
६.हिफर इन्टरनेशनल, काठमाण्डौं
७. नेपाल सरकार नागरिक साझेदारी
८. Hurdec, काठमाण्डौं
९. जिल्ला विकास समिति, सुनसरी
१०.राष्ट्रियमानवअधिकार आयोग, क्षेत्रीय कार्यालय, विराटनगर
११. कन्सोलिडेटेड मैनेजमैन्ट सर्भिसेज (CMS), काठमाण्डौं
१२. यूएनडिपि/विश्व वातावरण कोष/साना अनुदान कार्यक्रम, ललितपुर
१३. भारतीय राजदुतावासको कार्यालय, काठमाण्डौं/विराटनगर
१४. UN/Habitat, Inaruwa परियोजना (NGCPP), विराटनगर
१५. United Mission to Nepal (UMN) इटहरी
१६. गरीबी निवारण कोष, ज्ञानेश्वर, काठमाण्डौं
१७. राष्ट्रिय सूचना आयोग काठमाण्डौं

## हालको कार्यकारीणि समिति :

| | |
|---|---|
| १. श्री मणिकुमार अर्ज्याल | सभापति |
| २. श्री भुवनेश्व मण्डल | उप-सभापति |
| ३. श्री सुरेन्द्रराज भट्टराई | महासचिव |
| ४. श्री हरिप्रसाद पोखरेल | कोषध्यक्ष |
| ५. श्री गायत्री अर्ज्याल नेपाल | सदस्य |
| ६. श्री मनमोहन उपाध्याय | सदस्य |
| ७. श्री मीरा अर्ज्याल | सदस्य |

●●

# विराटनगरका अग्रजहरुको
# जीवन र अनुभव



**प्रा.डा.मीनराज ढकाल**

ज्येष्ठ नागरिकहरु इतिहासका साक्षी मात्र होइन एउटा कालखण्डका प्रतिनिधि पात्र पनि हुन् । इतिहासका कैयौं नलेखिएका अंशहरु तिनले भोगेका देखेका हुन्छन् । तिनले देखेका भोगेका जीवनका अनुभवहरु नयाँ पुस्ताका लागि मार्गदर्शक बन्न सक्छ। विराटनगरलाई आफ्नो कार्यथलो बनाएर यसको विकास र समृद्धिमा, प्रजातन्त्रका प्राप्तिमा र राष्ट्र निर्माणमा विभिन्न क्षेत्रबाट महत्वपूर्ण योगदान पुऱ्याउनुहुने २२ जना अग्रजहरुको आत्मसंस्मरणहरु समालिएको कृति हो जीवन भोगाइका प्रतिबिम्बहरु।

पुस्तकमा राजनीति, समाजसेवा, कलासाहित्य, शिक्षा, उद्योग व्यवसाय, प्रशासन, कानुन आदि विविध क्षेत्रहरुमा सक्रिय रहेका व्यक्तित्वहरु परेका छन् । ऐतिहासिक महत्वका कतिपय घटना प्रक्रियाहरु व्यक्तिको अवसानपछि हराएर जान सक्छन् । पुस्तकले विराटनगरको र समग्रमा नेपालको इतिहासका यस्ता केही कुराहरुलाई लिपिबद्ध गरेर लोप हुनबाट जोगाएको छ।

कतिपय अवस्थामा व्यक्तिका महत्वपूर्ण योगदानहरु ओझेलमा परेका हुन सक्छन् । मुलुकको विकासमा योगदान पुऱ्याएका, समाजसेवामा जीवन अर्पेका अग्रज व्यक्तित्वहरु पनि उपेक्षामा परेका हुन सक्छन् । राज्यले तिनको कदर गर्न चुकेको हुन सक्छ। यो पुस्तक तयार पार्दा समाज र राष्ट्रका लागि अमूल्य योगदान दिनु हुने अग्रजहरुका योगदानहरुलाई उहाँहरु जीवित छँदै प्रकाशमा ल्याउने उद्देश्य राखेको देखिन्छ। यसको अर्थ राज्यलाई उहाँहरुका योगदानहरु अवगत गराउनु र समाजलाई उहाँहरुको व्यक्तित्वसित परिचित गराउनु पनि हो। यस्ता व्यक्तित्वहरुलाई समाजले चिनेर उहाँहरुको जीवनकालमै सम्मान प्रकट गर्न सकोस्, राज्यले उचित कदर गर्न सकोस् भन्ने आशयले पुस्तक प्रकाशनमा ल्याइएको हो भन्ने मेरो बुझाइ छ। सङ्कलनमा भएको ढिलाइले पुस्तक प्रकाशनमा आउनुभन्दा अघि नै केही व्यक्तिहरुको अवसान भएको भएपनि समग्रमा यसका लेखक प्रकाशक आफ्ना उद्देश्यमा सफलनै देखिन्छन्।

कुनै बेला घना जङ्गलका छेउछाउमा ससाना झोपडीका बस्ती रहेको ठाउँ आज

विराटनगरका नामले चिनिने एउटा प्रमुख शहर बनेको छ। पुस्तकले विराटनगरको उत्पत्ति र विकासको सिंगो इतिहास समेटेको छ। कसकसका कस्ता प्रयासले विराटनगर आजको यस रुपमा आइपुग्यो भन्ने कुराको उद्घाटन गर्दछ। पुस्तक सङ्कलन गरिँदैगर्दा विराटनगरको शतवार्षिकी मनाईंदै थियो। सय बर्ष पुग्दा नपुग्दै विराटनगरको विकासको गति अवरुद्ध हुन लागेको जस्तो देखा पर्दछ। यस शहरको विकासमा अमूल्य योगदान पुऱ्याउनु हुने अग्रजहरुनै विराटनगरको आजको अवस्था र अहिलेको विकासको गतिप्रति सन्तुष्ट हुन नसकिरहेको देखिन्छ। विराटनगरको भविष्य युवाहरुको हातमा छ। यसको निर्माणमा योगदान पुऱ्याउनु हुने अग्रजहरुका अनुभव र अनुभूती तिनका लागि प्रेरणाका स्रोत बन्न सक्छन्।

औद्योगिक ब्यापारिक शहरका रुपमा विराटनगरको मूल पहिचान बनेको हो। ताराचन्द खेतान, ज्ञानचन्द दुगड, युगलकिशोर राठीजस्ता प्रतिष्ठित उद्योगी व्यवसायीहरुका अनुभव र अनुभूतिहरुले यस शहरका विकासको समग्र इतिहासलाई प्रतिबिम्बित गर्दछ। नेपालकै पहिलो र ठूलो औद्योगिक शहरका रुपमा स्थापित विराटनगरको औद्योगिक स्थिति अहिले ह्रासोन्मुख छ।

आफ्ना अनुभवहरु व्यक्त गर्ने कममा यी अग्रजहरुले मुलुकको उद्योग व्यवसायको वर्तमान स्थितिको विश्लेषण गरेका छन्, विराटनगरको औद्योगिक क्षेत्रमा देखिएका अवरोधहरु केलाएका छन् र यसको विकासका लागि व्यावहारिक उपायहरु सुझाएका छन्। विराटनगरका यी व्यवसायीहरु निजी व्यापार व्यावसायमा सीमित छैनन्। विभिन्न सामाजिक तथा धार्मिक सङ्घसंस्थाहरुमा रहेर सामाजिक विकासमा समेत सक्रिय सहयोग पुऱ्यएका छन्।

विराटनगर पूर्वाञ्चलको शिक्षाको केन्द्र रहिआएको छ। शिक्षाका क्षेत्रमा लागेर जीवन विताएका जगतबन्धु कार्की, विश्वेश्वरप्रसाद रिजाल र प्रिन्सिपलका उपनामले पहिचान बनाएका गोपालप्रसाद शर्माका आत्मवृत्तान्तले यस क्षेत्रको शिक्षा विकासको इतिहास सँगालेको छ। शिक्षाका विकासमा अमूल्य योगदान पुऱ्याउनुहुने अग्रज व्यक्तित्वहरु वर्तमानमा शिक्षाको गुणस्तरको खस्कँदो अवस्थाप्रति भने सन्तुष्ट देखिंदैनन्। अवाञ्छित र अत्यधिक राजनीतिक हस्तक्षेपले नेपालको शिक्षा व्यवस्थालाई लथालिंग पारेर अराजक अवस्थामा पुऱ्याएकोमा चिन्तित देखिन्छन्। शिक्षाको विकासमा यिनको लगाव र अथक प्रयासमा सङ्घालिएका अनुभवहरु नयाँ पुस्ताका लागि मार्गदर्शन हुन्।

साहित्य र कलाले सामाजिक चेतनाको अभिवृद्धि गर्नका साथै सभ्य र सुसंस्कृत समाज निर्माणमा सहयोग पुऱ्याइरहेको हुन्छ। षडानन्दको भूमिमा जन्मिएर विराटनगरलाई आफ्नो कर्मथलो बनाएका दधिराज सुवेदीको आत्मवृत्तान्त एउटा कर्मठ, संघर्षशील कर्मयोगीको कथा हो। जागिरे जीवनदेखिनै लेखन र पत्रकारिता आरम्भ गरेका उनले मूलत समालोचनाका क्षेत्रमा केन्द्रित हुँदै लामो साहित्यिक यात्रा पार गरेका छन्। साहित्य सँगसँगै समाजसेवालाई मूल धेय बनाएर संघर्ष गरिरहेका छन्।

पत्रकारिताका माध्यमबाट जनतालाई सुसुचित गर्न लागिपरेका कोषराज रेग्मी सञ्चार क्षेत्रका अग्रणी हस्तिका रुपमा चिनिन्छन्। उनका अनुभवहरुमा यस क्षेत्रको पत्रकारिताको आरम्भदेखि अहिलेसम्मको इतिहास प्रतिबिम्बित हुन्छ। झर्रोवादी आन्दोलनका योद्धाका रुपमा

उनले नेपाली भाषाको सुदृढीकरणमा पनि योगदान पुऱ्याएका छन् । राज्यको सम्झनाबाट लगभग हराइसकेकी रानुदेवी अधिकारीका संस्मरणहरुमा झलक्क झुल्केका सशक्त प्रतिभाहरु सामाजिक राजनीतिक परिवेश नमिल्दा कसरी अस्ताउँछन् भन्ने कुरा उद्घाटित भएको छ । प्रजातान्त्रिक आन्दोलनकी  क्रान्तिकारी गायिकाको न राज्यले ख्याल गऱ्यो, न समाजले, न त उनले सहयोग गर्ने गरेको राजनीतिक दलले ।

पुस्तकले समेटेका अग्रजहरुका अनुभवले नेपालको राणाकालदेखि अहिलेसम्मकै राजनीतिक, सामाजिक परिवर्तनको इतिहास संगालेको छ । सात सालको क्रान्तिमा बन्दरसेनाको भूमिका निभाउने रघुनाथप्रसाद गुप्ता र रामदास चौधरीले नेपालको मजदुर आन्दोलनको सिंगो इतिहास बोकेका छन् । राजनीतिक रुपले सचेत र सक्रिय यी मजदुर नेताहरु जीवनका उत्तरार्धमा थकित देखिन्छन् । पछिल्लो चरणमा नेपालको राजनीतिमा प्रवेश गरेको अवसरवाद र स्वार्थी चलखेलले दिएको पीडा सुनाउँछन् । व्यापारीहरु राजनीतिमा लागेका कमै भेटिनछन् । जनमुक्ति सेनाका योद्धा भीमराज नौलखा भने आफ्नो व्यापार व्यवसायलाई भन्दा राजनीति र समाजसेवालाई बढी महत्व दिएर सक्रिय रहे । लगभग एकै नासले राजनीति आरम्भ गरेका दुईजना कम्युनिष्ट नेताहरुका आत्मकथाले नेपालको कम्युनिष्ट आन्दोलनको जटिलता देखाउँछ । एकातिर कम्युनिष्ट राजनीतिमा लागेर राम्रै सफलता प्राप्त गरेका भरतमोहन अधिकारी छन् भने अर्कातिर लतारिंदै र ठेलिंदै नेत्रविक्रम चन्दको धार समात्न पुगेका लव प्रधान मित्र भेटिन्छन् । यी दुईजनाका अनुभव र अनुभूतिहरुका तुलनात्मक अध्ययनले नेपालको कम्युनिष्ट आन्दोलनका आरोह अवरोह बुझ्न सघाउँछन् ।

पछिल्लो चरणमा नेपालको राजनीतिमा धेरै खालका विकृतिहरुले प्रवेश गरे । कतिपय अवस्थामा सक्रिय राजनीतिमा लागेर प्रजातन्त्र प्राप्तिमा र समाजको उन्नतिमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तित्वहरुको सही मुल्याङ्कन हुन नसकेको  देखिन्छ । युवावस्थामा राजनीतिमा सक्रिय रहेर महत्वपूर्ण भूमिका खेलेका व्यक्तित्वहरु सक्रिय राजनीतिबाट पन्छिएर नागरिक समाजको अगुवाई गर्दै समाजसेवामा लागेका भेटिन्छन् । प्रजातन्त्रका सेनानीहरु रमाप्रसाद रिजाल, तोरेन्द्रमान सिंह प्रधान र शिवदत्त उपाध्याय भट्टराईका साथै प्रखर बौद्धिक व्यक्तित्व राधाप्रसाद घिमिरे जीवनका उत्तरार्धमा राजनीतिमा भन्दा समाजसेवामा बढी सक्रिय देखिन्छन् । उनीहरुका अनुभव र अनुभूति नयाँ पुस्ताका लागि मार्गदर्शक बन्न सक्छन् । यिनको जीवन कथा प्रेरणाका स्रोत बन्न सक्छन् । राजनीतिबाट सार्वजनिक जीवन आरम्भ गरेकी शुशीला चापागाईं सुरुवाती अवस्थामै राजनीतिक क्षेत्रका विकृति र विसङ्गतिहरुबाट विरक्तिएर आफूलाई पूर्णरुपले समाज सेवामा समर्पण गर्न पुग्छिन् । आफैं महिला हिंसाको शिकार बनेकी यिनको जीवन कथा एउटी साहसी, सङ्घर्षशील नारीको प्रेरणादायी वृत्तान्त हो । समाजसेवाका विविध क्षेत्रमा सक्रिय मीना जोशीका अनुभवहरु पनि उत्तिकै शिक्षाप्रद र प्रेरणादायी छन् ।

न्याय क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने कालीकुमार लाल पनि पछिल्ला चरणमा यस क्षेत्रमा प्रवेश गरेको राजनीतिले गर्दा कानुन व्यवसायीले आफ्नो पेशागत मर्यादा भुल्दै गएकोमा चिन्ता व्यक्त गर्दछन् । मैथिल भाषा र कायस्थ समाजका उत्थानमा सक्रिय रहेर यिनले सामाजिक

क्षेत्रका अनुभव सँगालेका छन् । ईमान्दार कर्मचारी र योग्य प्रशासकका रुपमा पहिचान बनाएका रामबहादुर श्रेष्ठ जीवनका उत्तरार्धमा समाजसेवामा तल्लीन छन् ।

उमेर ढल्केका अग्रजहरुले सम्झनामा आएअनुसार सुनाएका घटना, अनुभव र अनुभूतिहरुलाई पुस्तकका सङ्कलक तथा लेखक देवी बास्कोटाले निकै मेहनत गरेर क्रमबद्ध गरेर राखिदिएका छन् । प्रस्तुतीकरणको सिलसिला नमिलेर कहिले काहीं कुन घटना कहिलेको हो भनेर छुट्याउन कठिन पर्ने भएपनि सरल र सरस शैलीले पुस्तकलाई चाखलाग्दो बनाएको छ। आत्मकथा लेखनको इतिहास र परम्परा केलाएर लेखिएको हरिप्रसाद बरालको भूमिका ज्ञानवर्धक पनि छ । मुद्राराक्षसले भने पुस्तकलाई नराम्ररी गाँजेको छ । जे भएपनि बाइस जना अग्रजहरुका अनुभवहरुको सँगालो आफैंमा एउटा ऐतिहासिक दस्तवेज बनेको छ। प्रकाशन मण्डलका संयोजक मणिकुमार अर्ज्यालसहित भेषप्रसाद धमला, सुरेन्द्रराज भट्टराई, भुवनेश्वर मण्डल र देवी बास्कोटाका छनौट र प्रयासले मूल्यवान कृतिको आकार लिएको छ। पुस्तक प्रकाशित गरेर नेपाल ग्रामीण विकास समाज केन्द्रले विराटनगर र समग्रमा मुलुककै विकासमा उल्लेखनीय योगदान दिने अग्रजहरुका कार्यहरुसित समाज र राष्ट्रलाई परिचित गराएको छ । विराटनगरमा रहेर राष्ट्र र समाजको विकासमा योगदान पुऱ्याउने यस पुस्तकले समेट्न नसकेका अग्रज व्यक्तित्वहरुको खोजी गरी प्रकाशित गर्ने काममा यो संस्था र यसका अगुवा व्यक्तित्वहरु लागि रहलान् भन्ने आशा गर्न सकिन्छ ।

●●

# न्यायपालिका, जनअपेक्षा र वास्तविकता



**डा. मेदनीप्रसाद सेडाइँ**

**भूमिकाः**

हरेक नागरिकको चाहना अन्यायिक हुँदैन । ऊ आफ्नो हक अधिकार संरक्षित होस् भन्ने चाहन्छ। सोही नागरिकको चाहनाबमोजिम राज्यले संविधान र ऐन कानुन बनाउँछ। यसरी राज्य निर्मित कानुनहरुमा नै नागरिकहरुका हक र अधिकारहरुलाई सुनिश्चित गरिएको हुन्छ । यदि संविधान ऐन कानुनद्वारा प्रदत्त नागरिकहरुका हक, अधिकार हनन् भएमा वा कसैले हनन् गरेमा गरे गराएमा त्यसको संरक्षण र सुनुवाइ गर्ने निकाय भनेकै न्यायपालिका हो। त्यसैले हाम्रो गणतान्त्रिक युगको नेपालको संविधानको धारा १२६ मा न्यायपालिकासम्बन्धी व्यवस्था गरिएको छ । जसअनुसार न्यायिक निणर्य गर्नका लागि सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत गरी ३ तहको अदालतको संवैधानिक व्यवस्था गरिएको छ। उल्लिखित संवैधानिक व्यवस्थाबमोजिम नै कुनै व्यक्ति वा निकायले कुनै व्यक्तिको प्रदत्त हकमा आघात पुऱ्याएमा वा आघात पुऱ्याउने आशङ्का भएमा यस्तो हकको प्रचलनको लागि न्यायिक निर्णय दिने अधिकार न्यायप्रशाासन ऐन, २०७३ ले अदालतलाई नै प्रदान गरेको छ। त्यसैले न्यायपालिकाप्रति आम नागरिकको ठूलो आशा र भरोसा रहेको छ। यदि न्यायपालिकाले संविधान, ऐनकानुन र जनअपेक्षाबमोजिम न्याय सम्पादन गर्न सकेन भने वा दिएको न्याय पनि प्रभावकारी भएन भने न्यायपालिकाप्रति जनविश्वास घटेर जान्छ । आफूप्रतिको जनविश्वासको साख बचाउने भूमिका निर्वाह गर्ने जिम्मेवारी पनि स्वयम् अदालतकै हुन्छ।

**न्यायिक चर्चाका विषयहरुः**

- **संसद पुनर्स्थापनाको विषयः**

खासगरी वि.सं. २०४७ सालपछि न्यायालयले गरेका न्याय सम्पादनका विषयलाई लिएर विभिन्न चर्चा परिचर्चा र टिप्पणीहरु हुने गरेको पाइन्छ । वि.सं. २०४६ को जनआन्दोलनले मुलुकमा

प्रजातन्त्र स्थापना गरेपश्चात्का समयावधिमा न्यायालय जनमानसमा निकै चर्चा र विवादमा देखियो । खास गरी गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री भएताका तात्कालीन प्रधानन्यायाधीश विश्वनाथ उपाध्यायलगायतका न्यायधीशहरुले प्रतिनिधिसभा विघटन गर्ने गरी गरेको निर्णय र पछि मनमोहन अधिकारी प्रधानमन्त्री भएताका भने त्यस कालमा न्यायधीशहरुले प्रतिनिधिसभा विघटन नहुने गरी गरेको निर्णयका कारण आम नागरिक र राजनितिक क्षेत्रमा त्यो विषय निकै विवाद देखिएको थियो। खास गरी एउटै प्रकृतिको विवादमा न्यायालयबाट किन २ थरिका निर्णय भए भन्ने प्रश्न उठि नै रह्यो । समय कालान्तरमा त्यो विवाद स्वयममा विलाएर गयो । तथापि अदालतको त्यो निर्णय विवादित नै थियो । अदालतको निर्णय विवादविहिन हुनुपर्छ भन्ने जनआकाङ्क्षा हो।

- **महाअभियोगको विषय**

विगतको केही वर्ष यता आएर भने त सर्वोच्च अदालतका मुख्य व्यक्ति प्रधानन्यायाधीश नै गम्भीर रुपमा विवादित देखिए । जो न्यायिक इतिहासको पहिलो परिघटनाको रुपमा देखिन्छ । सुशीला कार्की प्रधानन्यायाधीश भएताका उनलाई महाअभियोग नै लगाइयो। किन ? उहाँले गल्ती गरको छनक पाएर नै सम्बन्धित पक्षले महाअभियोग लगाएको थियो होला। महाअभियोग लाग्न सक्नेसम्मको प्रधानन्यायाधीशको भूमिका आलोच्य नै रह्यो। उहाँप्रतिको अभियोग होस् नहोस् तर उहाँको भूमिकाको कारण न्यायालय निकै आलोचित बन्यो । त्यसरी नै प्रधानन्यायाधीश गोपाल पराजुलीको समयताका पनि त्यस्तै आलोचित परिघटनाहरु दोहोरिए । निमित्त प्रधानन्यायाधीश दिपकराज जोशी त संसदीय सुनवाई बाटै प्रधानन्यायाधीश हुन अयोग्य भए । किन ? न्यायपालिकाका सर्वोच्च व्यक्तिहरु एकपछि अर्को विवादित र आलोचित हुँदै जानुले न्यायपालिकाको साख निश्चय नै विवाद्रहित रहेन। अदालत आम नागरिकको नजरमा अन्यायिक नै देखियो । त्यसो हुनुमा सर्वोच्च अदालतका तात्कालीन तत्-तत् न्यायाधीशहरुको भूमिका नै कारण हो भन्न सकिन्छ। यो पनि न्यायपालिकाको न्यायिक इतिहासमा कालो कालखण्डका रुपमा रह्यो। जो हुनु हुँदैनथ्यो। जसले जनअपेक्षामा निश्चय नै घात पुऱ्यायो।

- **भ्रष्टचारको विषय**

ट्रान्सपरेन्सी नेपालले २०७४ सालमा सार्वजनिक गरेको प्रतिवेदनमा भ्रष्टचारमा नेपाल १२२ औं स्थानमा रहेको औल्याएको छ। त्यसमा नेपालको न्यायालयसमेत भ्रष्टचारमा रहेको तथ्यलाई समेत सङ्केत गरेको छ । निश्चय नै हो न्यायपालिका भ्रष्टचार हुनुमा राजनितिक हस्तक्षेप हुनु लगायतका अन्य विविध कारणहरु देखिन्छन् । प्रायशः प्रधान न्यायाधीशहरु (विगत केही समय देखिका) आफ्नो कार्यकालको समाप्तिपछि जाने बेलामा न्यायपालिकामा भ्रष्टाचार रहेको तथ्य स्वीकार गरी बोलिरहेका हुन्छन। निजहरु त्यस्तो तथ्य किन बोल्छन त ? आफू रहँदासम्म भ्रष्टाचार नदेख्ने ? हिड्ने बेलामा न्यायालयमा भ्रष्टचार देख्ने ? अन्तिममा केबल आफूमात्र चोखिन खोजेको त होइन भन्ने आम नागरिकले बुझिसकेकै छन। त्यो हुनुहुँदैनथ्यो भयो।

- **विरोधी निर्णयः**

न्यायाधीशले न्याय गरेको छ वा छैन भनी जाँच गर्ने विषय भनेको उसले गरेको फैसला हो। तर न्यायालयबाट एउटै विवाद रहेका विषयमा अलग अलग न्यायाधीशबाट अलग अलग निर्णयहरु भए गरेको पाइन्छ। फैसला सदैव न्यायिक तवरले एक अर्कामा नबाझिने गरी एकरुपतापरक हुनुपर्छ। तर कतिपय निर्णयहरुमा एकरुपता देखिदैन। कानुनसँग पनि बाझिने निर्णय गरेको पाइन्छ। जस्तो महिलाले माइती मावलीबाट प्राप्त धन उसको निजी हन्छ भनी कानुनले बोलेको छ। सो कानुनबमोजिम उनले कोही कसैलाई त्यो धन दिन बाध्य पारिने छैनन्। तर यो कानुनको अनदेखा गरी आमा बुबाले जुनसुकै स्रोतबाट प्राप्त गरेको सम्पति भए पनि वण्डा लाग्ने भनी अदालतबाट व्याख्या भएको पाइन्छ। यसरी एकापटी कानून देखिन्छ भने व्याख्याले अर्को रुप धारण गर्दछ। यसरी हेर्दा कानुन र अदालतकै निर्णयहरु एक आपसमा बाझिइरहेकै बुझिन्छ। यसले पनि न्यायिक अराजकता उत्पादन गरेको आम न्यायिक उपभोक्ताले बुझ्ने गरेको देखिन्छ। त्यसरी नै न्यायालयबाट मेडिकल कलेजका सम्बन्धनका विषयमा गरिएका निर्णय भ्रष्टचारका विषयमा गरिएका निर्णयहरु, एनसेल करका प्रकरणमा भएका आदेशहरु, प्रहरीका विषयमा गरिएका निर्णयहरु, विदेशबाट अवैध रुपमा ल्याउन लागिएको रकमलाई राष्ट्र बैंक र सम्पति शुद्धीकरण अनुसन्धान विभागले रोक्का राखेको रकमलाई फुकुवा गरी दिनु भनी गरेका आदेशहरुले निकै चर्चा पाएकै हुनु। ती निर्णय र आदेशहरु आलोचना र प्रत्यालोचनाका विषय बने। ती निर्णय र आदेशहरु निर्विवाद किन हुन सकेनन ? त्यहाँ पनि भ्रष्टचार कै गन्ध आउँछ भनी चासो राख्नेहरुले बताइरहेकै छन्। विकसित मुलुकहरुमा यस्तो चासो, टिक्का टिप्पणी बाहिर आउँदैनन्। कथमकदाचित आयो भने सम्बन्धित निर्णयकर्त्ताले नैतिकताको आधारमा आफ्नो पदबाट राजिनामा गरेको उदाहरण छन। तर हाम्रो देशमा सुन्दर शान्त देश अनि भनिन्छ सतीले सरापेको देश। जसले जे गरे पनि हुन्छ।

**न्यायाधीशको भूमिकाः**

विधिको शासन र स्वतन्त्र न्यायपालिकाको साख जोगाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने शक्तियूक्त व्यक्ति नै न्यायाधीश हो। न्यायाधीश अनुभवी सक्षम, स्वतन्त्र र निर्भीक हुनुपर्छ। ऊ नागरिक स्वतन्त्रताप्रति सदैव सचेत र संयम हुनैपर्छ। अर्थात् ऊ विधिशास्त्रीय मान्यताबाट निपूर्ण व्यक्ति हुनैपर्छ। तर हाम्रो नेपालको परिपाटी हेर्दा न्यायाधीश नियूक्तिमा नै खोट रहेको देखिन्छ। राजनीतिक भागबण्डा र दलीय पहुँचका आधारमा समेत न्यायाधीश नियूक्ति हुने परिपाटीले निर्भीकत्ता स्वच्छता र स्वतन्त्रताको अहम्पनको साख गिरेको छ। मुलुकमा लोकतान्त्रिक व्यवस्था स्थापना भएपछिको कालखण्डमा न्यायाधीशको नियुक्ति विवादरहित हुनै सकेन। त्यसको मूल कारण योग्य सक्षम र निर्भीक व्यक्तिलाई नियुक्ति गर्न नसक्नुले नै हो भनी औंल्याउन सकिन्छ। यहाँ सम्म कि न्यायपरिषद्ले न्यायाधीश नियुक्ति गर्दा आफ्नो विश्वास, न्यायाधीश नियुक्ति गर्ने आधार र मापदण्डमा आधारित रही गर्नु पर्नेमा राजनितिक दलका नेताहरुबाट तयार पारिएको लिस्टका आधारमा न्यायाधीश नियुक्ति गर्ने प्रचलन हावी भएर गएको देखिन्छ। जसले गर्दा नियुक्त न्यायाधीश अदालत र न्यायप्रति जिम्मेवार नभई नियुक्त गर्ने दलका नेताको इशाराको बाटोमा जिम्मेवार रहने गरेको पनि यदाकदा चर्चा चल्ने गरेकै छ।

### – न्यायलय भित्रै बेन्च बहिष्कार र आन्दोलन

नेपालको न्यायिक इतिहासमा सर्वोच्च अदालतमै एक न्यायाधीशको बेन्च अन्य न्यायाधीशले बहिष्कार गरेको समेत पाइयो। यो पनि सर्वोच्च न्यायिक निकायको नौलो भूमिका देखियो। कानुन व्यवसायीको तर्फबाट कतिपय न्यायाधीशको बेन्च बहिष्कार गरेको उदाहरण त देखिएकै हो। तर न्यायाधीशकै बेन्च बहिष्कार गरेको उदाहरण पहिलोचोटी देखिन आएको हुँदा त्यसले गलत सूचना प्रवाह गरेकै हो। न्यायका उपभोक्ताले पेशागत कानुन व्यवसायीहरुले मात्र होइन कि स्वयम् अदालतकै कतिपय न्यायाधीश र कर्मचारी वर्गले समेत त्यो बहिष्कार गर्ने प्रवृतिको विरोध गरेको देखियो। यसले पनि न्यायालयको हैसियत र हर्कत समाजमा आम नागरिकमा सुपाच्य रहेन। अर्को तर्फ न्यायालयकै सहकर्मी सरकारी वकिलहरुले हामी न्यायाधीश नियुक्तिमा परेनौं भनी हड्ताल गरेर न्यायिक इतिहासमा मै पहिलो चोटी आफ्नो नाम दर्ज गरे। यसले पनि न्यायालय, सरकारी वकिल, न्यायपरिषद्लगायत हामी सबैको साख जोगाउने भन्दा घटाउने नै काम गऱ्यो। जो स्वयम् विरोधाभाषपूर्ण नै थियो।

### – निचोड

हामी हरेक न्यायिक सभा समारोहमा पूर्व न्यायाधीश हरिप्रसाद प्रधानलाई सम्झिरहेका हुन्छौ। किनकि उनले राजतन्त्रात्मक समयावधिमा समेत निडर र निर्भीक भएर राजा र तात्कालीन शासनबाट नडराई जनताका मौलिक हक र न्यायका लागि सदैव लडिरहे। तर आज त्यो निडर र निर्भीकता देखिदैन। संस्थाप्रति उत्तरदायी हुनेभन्दा आफूलाई नियुक्ति गर्ने दल वा त्यो दलसँग सम्बन्धित व्यक्तिप्रति उत्तरदायी रहेको व्यावहार देखिने भूमिका निर्वाह गरेको कतिपय न्यायाधीशको भूमिकाबाट स्पष्ट हुन्छ। अब आइन्दा त्यस किसिमको भूमिका र व्यवहार त्याग्नै पर्छ। तबमात्र न्यायालय दर्विलो हुने हुन्छ। न्यायाधीशको काम न्याय सम्पादन गर्नु मात्र नभई कानुनी राज्य, संविधान प्रदत्त मौलिक हक, नागरिक अधिकार एवम् मानव अधिकारको रक्षा सुनिश्चित गर्ने पनि हो।  जसले जनआस्थासँग प्रत्यक्ष सरोकार राखेको हुन्छ। न्यायालय भनेको जनताको आशा र भरोसाको केन्द्रबिन्दु हो। त्यसैले नेपालको न्यायपालिका जुन हालतमा पुगेको छ त्यसको निरन्तरता अब सम्भव छैन। यसै अवस्थामा न्यायपालिकालाई छाड्नु भनेको स्वतन्त्र न्यायालयको अस्तित्व समाप्तीको दिन पर्खनु हो। सबै सम्बन्धित पक्षले यस तर्फ बेलैमा ध्यान केन्द्रित गर्नुपर्ने समयको माग भइसकेको छ। सबै सचेत र इमान्दार बनौं।

●●

## समाजवादी अर्थतन्त्रको आधार,
# योजनाबद्ध आर्थिक विकास



डा. अर्जुनकुमार बराल

**विषय प्रवेश**

यतिखेर मुलुकमा आर्थिक सम्वृद्धिका बहसहरु घनिभूत रुपमा उठिरहेका छन् । सङ्घीय संसद, प्रदेशसभा र स्थानीय तहदेखि लिएर चियापसलका गफहरुमा समेत यस्ता मुद्धाहरुले कुनै न कुनै रुपमा प्रवेश पाएको देखिन्छ। राजनीतिक सङ्क्रमणको एउटा अध्याय समाप्त भएसँगै यस्ता बहसहरु उठ्नु  स्वाभाविक हो। नेपालसँग सिमाना जोडिएका चीन र भारत दुबैले तीव्र आर्थिक वृद्धिदरसँगै आर्थिक विकासका नयाँ आयामहरु कायम गर्न सफल भइरहेका छन। त्यतिमात्रै हैन दक्षिण एशियाका श्रीलङ्का, बङ्गलादेश, भुटानका साथै दक्षिणपूर्वी एशियाका अन्य कतिपय मुलुकहरु समेत आर्थिक विकासको नयाँ चरणमा प्रवेश गरिरहेका छन । यसको सीधा प्रभाव नेपालको अर्थ राजनीतिमा पर्नु अस्वाभाविक पनि होइन।

प्राकृतिक श्रोत र सम्पदाको प्रचुरताका दृष्टिकोणबाट संसारकै नमुनायोग्य आर्थिक विकास गरिसक्नुपर्ने मुलुक आजका मितिसम्म पनि अतिकम विकसित मुलुककै श्रेणीमा रहिरहनु एक किसिमले दुर्भाग्यपूर्ण अवस्था हो । संभवत यही विडम्बनापूर्ण परिस्थितिको अन्त्यको लागि पनि नेपालको संविधानमै "समाजवादप्रति प्रतिबद्ध" र "समाजवाद उन्मुख" अर्थतन्त्रको परिकल्पना गरिएको हुनसक्दछ। तर समाजवाद केवल संविधानमा लेखिँदैमा आउने हो वा त्यसका लागि हाम्रा तयारीहरु के कस्ता छन - यसमा भने अत्यन्त कम बहस भएको देखिन्छ।  समाजवाद आउँदा र नआउँदा हाम्रो आर्थिक परिस्थितिमा के कस्तो भिन्नता देखापर्छ ? समाजवाद भनेकै कस्तो अर्थव्यवस्था हो ? यो केवल राजनीतिक प्रणाली मात्र हो वा आर्थिक प्रणालीसँग पनि यसको सम्बन्ध छ ? यस्ता कतिपय प्रश्नहरुलाई छलफलमा नल्याएसम्म हामी सम्वृद्धिको यात्रामा अगाडि बढ्न सक्दैनौं।

**नेपालका अभ्यासहरु**

मूलत : समाजवादले राज्यनियन्त्रित अर्थव्यवस्थालाई नै सङ्केत गर्दछ। नेपालमा धेरथोर यस

प्रकारका अभ्यासहरु विगतदेखि भइआएका पनि छन् । पञ्चायती शासन व्यवस्थामा अधिकांश उद्योग लगायतका सेवा क्षेत्रसमेत राज्यकै नियन्त्रणमा थियो । तर नेपालमा आएको राजनीतिक परिवर्तन र विश्वभरि निजीकरण, उदारवाद र विश्वव्यापीकरणको लहरले नेपाली अर्थतन्त्रलाई समेत त्यतैतिर डोर्‍यायो। परिणामस्वरुप मिश्रित अर्थतन्त्रको नाममा निजीकरण र उदारीकरणलाई बढी प्रश्रय दिने काम भयो। यसका सकारात्मक र नकारात्मक दुबै प्रकारका परिणाम देखा परे। ठूलो मात्रामा रोजगारीको अवसर सिर्जना गरिरहेका यस्ता उद्योगहरु निजीकरणमा लैजाँदा बेरोजगारीको समस्या सिर्जना हुन थाल्यो र मुलुक वैदेशिक रोजगारीको चपेटामा फस्न पुग्यो। युवाहरु विदेश पलायन हुन थाले र मुलुक एक प्रकारले विप्रेषणमा आधारित अर्थतन्त्रको रुपमा परिचित हुन थाल्यो। सकारात्मक पाटो भनेको निजी क्षेत्रसमेत आर्थिक गतिविधिमा सङ्लग्न हुन थाल्यो र मुलुकमा वैदेशिक लगानी भित्रिने क्रम शुरु भयो। जे होस् नेपालले मिश्रित अर्थतन्त्रमार्फत उदारीकरण र निजीकरणको राम्रैसँग अनुभूति गर्ने मौका भने पाएको छ।

तर अहिलेको संविधानले जसरी समाजवाद उन्मुख अर्थतन्त्रको परिकल्पना गरेको छ, आजको सन्दर्भमा के उपयुक्त होला र ? समाजवादी अर्थतन्त्रको अभ्यास विगतमा छिमेकी मुलुक चीन, सोभियत सङ्घ, उत्तर कोरिया, क्युबा र अन्य कतिपय पूर्वी युरोपियन मुलुकहरुले गरिसकेकै थिए। हाल आएर केही अपवादबाहेक अन्य मुलुकहरु मिश्रित अर्थतन्त्रकै सफलतम अभ्यासमा छन्। देङ सियाओ पिङको उदयपछि चीनले जुन प्रकारको आर्थिक नीति अवलम्बन गर्‍यो त्यो शुद्ध समाजवादी नभएर मिश्रित अर्थतन्त्रको मोडेल हो । शब्दमा जेसुकै भनिए तापनि अहिलेको वास्तविकता निजी क्षेत्रलाई समेत सहभागी गराउँदै राष्ट्रिय अर्थतन्त्रको निर्माण गर्नु नै हो । नेपालमा यस प्रकारका अभ्यासहरु सार्वजनिक निजी साझेदारी (पीपीपी) मोडेलमा आधारित रहेको देख्न सकिन्छ। अझ तीनखम्बे अर्थनीतिले त सहकारी क्षेत्रलाई समेत समावेश गरी अर्थतन्त्रको आधार तयार गर्ने कुराको वकालत गर्दछ। जुन व्यावहारिक रुपमा पनि उपयुक्त मोडेल हुनसक्छ। सहकारी क्षेत्रको विस्तारसँगै नेपालमा यसको अभ्यास पनि शुरु भइसकेको छ।

**अबको बाटो : प्रादेशिक योजनाको प्रभावकारिता**

मुलुक सङ्घात्मक शासन प्रणालीमा प्रवेश गरेसँगै सङ्घीय सरकार, ७ वटा प्रदेश सरकार र ७५३ वटा स्थानीय सरकार समेत गरेर ७६१ वटा सरकार गठन भइसकेका छन। योसँगै संविधान कार्यान्वयनको एउटा चरण समाप्त पनि भएको छ। यी सबै सरकारहरुले आ.व. २०७५।०७६ को बजेट पारित पनि गरिसकेका छन् । सङ्घीय सरकारले यसै आर्थिक वर्षमा ८ प्रतिशत आर्थिक वृद्धिको महत्वाकांक्षा समेत राखेको छ । तर संविधानको प्रस्तावनामै उल्लेख भएको समाजवाद उन्मुख अर्थतन्त्रको मुलभुत मुद्धा भने क्रमश : ओझेलमा पर्न लागेको होकि भन्ने शङ्का उत्पन्न हुन थालेको छ। यसका लागि योजनाबद्ध आर्थिक विकास पहिलो शर्त हो, जसको तयारी प्रभावकारी रुपमा हुन सकिरहेको छैन। हुन त नेपालले वि.सं. २०१३ सालदेखि हालसम्म नौ वटा पञ्चवर्षीय र ५ वटा त्रिवर्षीय योजनाका अभ्यासहरु गरिसकेको छ। तर केन्द्रीकृत शासन प्रणालीले तयार गरेका योजनाहरुको कार्यान्वयन पक्ष फितलो हुँदा खासै अपेक्षित उपलब्धिहरु प्राप्त हुन सकेनन्। प्रदेशहरु

सशक्त र प्रभावकारी योजनाका साथ अगाडि आउन सकेको खण्डमा मात्र संविधानले परिकल्पना गरेको समृद्धिसहितको सवाल अर्थतन्त्रको निर्माणको चरण प्रारम्भ हुन सक्दछ। नेपालका लागि प्रादेशिक संरचना नितान्त नौलो अभ्यास हो । प्रदेशहरु जति सबल र सक्षम हुँदै जान्छन् - संविधानको सफल कार्यान्वयन पनि त्यत्ति नै तीव्र रुपमा अगाडि बढ्दछ।

नेपाल राष्ट्र बैंकले केही समय अघि सार्वजनिक गरेको प्रदेशगत प्रोफाइलले सातैवटा प्रदेशहरुको वास्तविकतालाई केही हदसम्म चित्रण गरेको छ। प्रदेशहरुका बीचमा जुन प्रकारको आर्थिक असमानता देखिएको छ । यसले विगतमा मुलुकले अङ्गीकार गरेको आर्थिक नीति र योजनाहरुको असफलतालाई प्रतिविम्बित गर्दछ। आर्थिक विकासको प्रचुर सम्भावना हुँदाहुँदै पनि कर्णाली प्रदेश, प्रदेश ७ र प्रदेश २ को अवस्था तुलनात्मक रुपमा कमजोर देखिएको छ। प्रदेश १ , ४ र ५ नै पनि प्रदेश ३ को तुलनामा पछाडि परेका छन। खासगरी उद्योग र सेवा क्षेत्रको विस्तारसँगै कुल गार्हस्थ्य उत्पादनको योगदानमा प्रदेश ३ ले सबै प्रदेशलाई पछाडि पारेको अवस्था छ। तर यही असमानताकै बीचबाट मुलुकले सम्वृद्धिको यात्रा तय गर्न सक्दछ । यसका लागि प्रदेशहरुले योजनाबद्ध आर्थिक विकासको अवधारणालाई मुर्त रुप दिँदै त्यसैअनुसार आर्थिक कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनमा जोड दिन आवश्यक छ।

सङ्घीयता अवलम्बन गरेका मुलुकहरुको सफलताको एउटा प्रमुख कारण प्रादेशिक योजनाहरुको सफलतम अभ्यास पनि हो। प्रादेशिक योजना आयोगहरुको गठनमा भएको ढिलाइले पनि प्रादेशिक योजनाहरुको निर्माण र कार्यान्वयन अलपत्र पर्दै गएको अवस्था छ। योसँगै प्रदेशका प्राथमिकता र आर्थिक रणनीतिहरु समेत ओझेलमा पर्दै गएका छन्। अन्य प्रदेशहरु त्यसमा पनि प्रदेश नं १ यस मामिलामा पछि पर्नु भनेको यस प्रदेशमा रहेको अपार श्रोत र साधनको व्यवस्थापन गर्दै सम्वृद्धिको यात्रा ढिलाइ गर्नु हो । हुन त आयोगको गठन सम्बन्धी कानुन र कार्यविधिहरु हालसम्म बनिनसकेको भनिएको छ। यदि त्यसो हो भने पनि कानुन र कार्यविधिको यो पाटोलाई अविलम्ब पूरा गर्न आवश्यक भइसकेको छ।

प्रदेश नं १ कै विषयको उठान किन भयो भने अर्थतन्त्रका महत्वपूर्ण क्षेत्रहरु कृषि, उद्योग र पर्यटन लगायत सेवा क्षेत्रको असाध्यै धेरै सम्भावना हुँदाहुँदै पनि कतिपय सूचकहरुले यस प्रदेशलाई तेश्रो वा चौथो स्थानमा पऱ्याएका छन्। जस्तै खाद्यान्न उत्पादन र यसको बचतलाई हेर्ने हो भने यो प्रदेश अन्य प्रदेशको तुलनामा पहिलो स्थानमा आउँछ। तर बहुआयामिक गरिबीको दर ९१९।७५० र मानव विकास सूचकांक ०।५०४० को दृष्टिकोणमा यो प्रदेश, प्रदेश न. ३ र ४ भन्दा पछाडि छ। यसैगरी सामाजिक विकाससँग सम्बन्धित शिक्षा, स्वास्थ्य लगायत अन्य सुचकांकहरुले समेत यो प्रदेशलाई पहिलो स्थानमा आउन दिएको छैन। जलविद्युत उत्पादन सम्भावनाको दृष्टिकोणबाट यो प्रदेश अब्बल छ तर हाल सञ्चालित आयोजना र निर्माणाधीन आयोजनाको क्षमतालाई हेर्ने हो प्रदेश न. ३ र ४ को तुलनामा निकै पछाडि देखिन्छ । नेपालमा आधुनिक औद्योगिकीकरणको इतिहास यसै प्रदेशबाट शुरु भए तापनि वर्तमान अवस्थामा औद्योगिक विकास निकै पछाडि परेको तथ्यलाई यो प्रदेश चौथो स्थानमा पुग्नुले प्रष्ट पार्दछ।

कुल गार्हस्थ्य उत्पादन तथा रोजगारीमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्ने उद्योग र सेवा

क्षेत्रको विस्तार निकै नै कमजोर रहेको कारणले गर्दा पनि वैदेशिक रोजगारमा जाने युवाहरुको सङ्ख्या सबैभन्दा बढी यसै प्रदेशबाट रहेको देखिन्छ। कृषिसँगै अन्य क्षेत्रहरुको विकास गर्दै वैदेशिक रोजगारीमा जानेहरुको यो प्रवाहलाई रोक्न योजनावद्ध आर्थिक विकासबाट मात्रै सम्भव छ। आफ्नै मुलुकमा सुन्दर भविष्य नदेखेपछि विदेशिनु बाध्यता नै बनेको छ । अधिकांश युवाहरुको लागि र अधिकांश गाउँहरु रित्तिँदै छन्। युवाविहीन हुँदै छन गाउँहरु। संसारका कुनै पनि मुलुकले विप्रेषण आयबाट ठुलो आर्थिक फड्को मारेको कुनै इतिहास छैन। जबसम्म आफ्नै स्रोत साधनको समुचित उपयोग र उपभोग हुँदैन, तबसम्म सम्वृद्धिको सपना केवल कल्पना शिवाय अरु केही हुन सक्दैन। यसर्थ पनि तत्काले प्रादेशिक योजना आयोगको गठन र सोमार्फत आवधिक योजनाको निर्माणमा लाग्नु नै अहिलेको वस्तुगत अपरिहार्यता हो।

नेपाल सङ्घीय संरचनामा गइसकेपछि स्वाभाविक रुपमा शासकीय स्वरुपमा समेत ठूलो परिवर्तन आएको छ। यो सँगै जनताका अपेक्षाहरु बढेका छन् र राज्यले खेल्नुपर्ने भूमिका समेत बढेको छ। यो अवस्थामा प्रभावकारी आवधिक योजनाहरुको निर्माण र तिनको कार्यान्वयन नै समाजवादतर्फ अगाडि बढ्ने उपयुक्त बाटो हुन सक्दछ। विगतमा १४ वटा केन्द्रीय स्तरका आवधिक योजनाहरु सम्पन्न भइसके तापनि तिनीहरुले अपेक्षित लक्ष हासिल गर्न सकेनन्। अब १५औं केन्द्रीय योजना अहिलेको संरचनालाई समेत सम्बोधन हुनेगरी निर्माण गर्नु आवश्यक छ। यसका साथै सातवटै प्रदेशले आ-आफ्ना प्रादेशिक योजना आयोग मार्फत आवधिक योजनाको निर्माणमा लाग्नु आवश्यक छ। तर हालसम्म सबै प्रदेशहरुमा योजना आयोगहरु गठन भइसकेका छैनन्। प्रदेश नं २, ३, ४ र ५ मा गठन भएतापनि त्यो अझै पूर्ण हुन सकेको छैन। प्रदेश नं १, ६ र ७ मा त झन आयोग गठनको सुरसार नै हुन सकेको छैन। त्यतिमात्र होइन प्रदेशको प्रभावकारिताको लागि चाहिने कतिपय कानुनहरु पनि निर्माण हुन सकेका छैनन्। प्रदेशहरु सक्षम नभएसम्म न त सङ्घीयताको औचित्य स्थापित हुन सक्दछ, न त समाजवाद तर्फको यात्राले पूर्ण आकार लिन सक्दछ। इतिहासले अहिलेको सरकारलाई अन्तिम अवसर दिएको छ, यो सरकारले पनि मुलुकले चाहेको सम्वृद्धि ल्याउन सकेन भने फेरि अर्को लामो सङ्क्रमण भोग्न विवश हुनुपर्नेछ। जुन नेपाली जनताले चाहेकै छैनन।

●●

# विविधता व्यवस्थापन र नेपाली अनुभव



कृष्ण पोखरेल

**विषय प्रवेश:**

संविधानसभाबाट बनेको नेपालको संविधानले नेपाल राष्ट्रको परिभाषा गर्दा यसलाई बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषता युक्त भौगोलिक विविधता भएको राष्ट्र भनेको छ (धारा-३) । बस्तुतः यति सानो भूखण्डमा यतिविधि विविधता संसारमा अन्यत्र विरलै होला । यो आलेखमा यी समग्र विषयमा प्रकाश पार्न सम्भव नहोला । यति बेला द्वन्द्वबाट भर्खरै बाहिर निस्कन खोजिरहेका नेपालजस्तै अन्य कतिपय मुलुक आफूकहाँ विद्यमान विविधता व्यवस्थापनका चुनौतीबाट जुधिरहेका छन् । अतः यो सङ्क्षिप्त आलेखमा विविधता व्यवस्थापनको सैद्धान्तिक पक्षको चर्चा गर्दै नेपालको संविधानमा यसलाई सम्बोधन गर्न गरिएका प्रयत्नहरुबारे चर्चा गरिनेछ।

**अवधारणा:**

मानिसहरुबीच जाति, जनजाति, लिंग, भाषा, यौनिकता, सामाजिक-आर्थिक हैसियत, उमेर, शारीरिक क्षमता, धार्मिक आस्था तथा राजनीतिक विचारधारा जस्ता अनेकौं विविधता हुन्छन् । हाम्रो जस्तो विकासोन्मुख मुलुकमा यस्ता विविधताहरुलाई स्वीकार गर्ने र तिनलाई व्यवस्थापन गर्ने भन्दा दबाउनेतिर प्रयत्न हुन्छ । तर विविधता व्यवस्थापन भनेको समाजमा रहेका व्यक्तिहरु माझको यस्ता विविधताहरुलाई मान्यता दिने र तिनको मूल्यवर्धन (value add) गर्ने कार्य हो । यसले विविधताप्रति स्वीकार्यता र सम्मान प्रदर्शन गर्छ । यसले कुनै समाजमा विद्यमान विविधता त्यसको कमजोरी होइन उल्टो तागत हो र यसलाई सकारात्मक र सुरक्षित ढंगले हुर्काउनुपर्छ भन्ने मान्यता राख्छ।

विविधता व्यवस्थापन भनेको सहिष्णुताको तहभन्दा माथि उठ्ने र एक अर्कालाई बुझ्ने कुरा हो । यो समानता वा सकारात्मक विभेदभन्दा पनि अगाडि बढेर समाजमा रहेका समृद्ध

विविधताहरुलाई अँगाल्ने र रमाउने कुरा हो । टमस र इली भन्छन्- यो समान अवसर र सकारात्मक विभेदजस्ता समानताका अवधारणाको बन्धन चुँडालेर अघि बढ्ने अवधारणा हो . त्यसो त कतिपय विद्वान् यी दुबै अवधारणासँगै जान पनि सक्छ मत पनि राख्छन । जस्तो कि क्लार्सफिल्ड भन्छन्, फ्रान्समा यी एक पछि अर्कोभन्दा सँगसँगै अघि बढे ।

यसको इतिहास तर्फ हेर्ने हो भने अमेरिकामा सन् अस्सीको दशकमा रोनाल्ड रेगन राष्ट्रपति भएपछि उनले त्यहाँ प्रचलनमा रहेको समानता र सकारात्मक विभेदसम्बन्धी कानुनलाई नवउदारवादी सोचको विपरीत भनी हटाउन खोजे । यो बिन्दुमा समानता विषयक परामर्शदाताहरु के भनेर प्रतिरक्षामा उत्रे भने विविधतापूर्ण जनशक्तिलाई कानुनी अडचनको रुपमाभन्दा तुलनात्मक लाभको रुपमा बुझियोस् । केलिन र डोबिनले प्रष्टै भने, विविधतालाई कानुनी वाध्यताको अर्थमा प्रवर्द्धन गर्ने होइन यो व्यवसायका लागि राम्रो हुन्छ भनेर प्रवर्द्धन गर्ने हो । त्यस उप्रान्त अमेरिकामा विविधता व्यवस्थापन व्यवसायको हितमा हुनसक्छ भन्ने कोणबाट अनुसन्धान हुन थाल्यो र यसलाई विविधताको व्यावसायिक सवालको रुपमा बुझ्न थालियो ।

कुनै मुलुकको प्रशासन वा व्यावसायिक सङ्गठनमा समाजमा विद्यमान विविधतालाई उचित ढङ्गले सम्बोधन वा व्यवस्थापन गर्न सक्यो भने तत्कालका लागि केही कठिनाइ देखिए पनि कालान्तरमा त्यसबाट विभिन्न फाइदा हुन्छन् । विद्वान्हरु ती फाइदालाई निम्नानुसार औंल्याउँछन्-

- यसका माध्यमबाट उच्च स्तरको प्रयोग र प्रवर्त्तन गर्न सकिन्छ ।
- सेवाग्राही वा ग्राहकसँग राम्रो सम्बन्ध स्थापित गर्नसकिन्छ र तिनको सन्तुष्टिको तह बढाउन सकिन्छ ।
- यसले नयाँ नयाँ स्रोतबाट प्रतिभाहरु प्राप्तिको ढोका खोल्छ ।
- यसले काम गराउन आफ्नै मान्छे खोज्ने प्रवृत्तिलाई पन्छाउन मद्दत गर्छ ।

**नेपाली अनुभव:**

विकासोन्मुख समाजमा बहुसंस्कृतिबाद र विविधता व्यवस्थापनको कुरा गर्नुपर्दा नेपाललाई आधार मानेर विवेचना गर्नु सान्दर्भिक नै हुन्छ ।

शुरु मै भनियो कि नेपाल एक बहुसांस्कृतिक समाज हो । यहाँ जाति/जनजाति, भाषा, र भौगोलिक विविधताको प्रधानता छ । विगतमा यीमध्ये भौगोलिकबाहेक अन्य विविधताहरुलाई मुलुकको तागत वा सम्पत्ति ठान्ने भन्दा पनि कमजोरी ठान्ने सोच हाबी थियो । अतः यसलाई लुकाउने वा दबाउनेतर्फ नै राष्ट्रिय नीति सोझियो । पञ्चायती शासनका बेला त एक राजा एक देश, एक भाषा एक भेष जस्ता राष्ट्रिय नीति र नारा नै बनाएर सांस्कृतिक विविधताहरुलाई दमन गर्ने प्रयास गरियो । यो भन्दा निकै चर्को असहिष्णुताको स्थिति विकासशील अफ्रिकी मुलुक र पूर्व युगोस्लाभियामा देखियो जहाँ बहुल जाति अल्पसङ्ख्यकहरुको जातीय सफाया (ethnic cleansing) गर्न सम्म उद्यत भए ।

नेपालको हकमा भन्नु पर्दा २०६२/२०६३ को दोस्रो जनआन्दोलन पछि बहुसांस्कृतिकता र विविधताको व्यवस्थापनका लागि गम्भीर प्रयास हुन थालेको देखिन्छ । यसमा माओवादीहरुको दश

वर्षे जनयुद्ध, मधेश आन्दोलन, आदिवासी जनजाति आन्दोलन र दलित आन्दोलनको पनि ठूलो योगदान छ । वस्तुतः त्यस पछि नै यो विषय राष्ट्रिय केन्द्रविन्दुमा आयो । अनि मात्रै राज्यलाई समावेशी बनाउने र शासनका विभिन्न तहमा प्राप्त हुने अवसरमा विविधतालाई प्रतिविम्बित गराउने विषयमा कदम चालिएका छन् । यतिबेला बहुसांस्कृतिकता र जातीय, भाषिक, लैंगिक, सामाजिक एवम् क्षेत्रीय विविधताहरुलाई सम्बोधन गर्न भएका वा हुन गइरहेका नीतिगत प्रयत्नहरुलाई निम्ननुसार औंल्याउन सकिन्छ -

१. नेपालको संविधानले नेपाललाई बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त मुलुक हो भन्ने मानेको छ।

२. संविधानले नेपालमा बोलिने सबै मातृभाषाहरुलाई राष्ट्रभाषा मानेको छ। नेपाली भाषालाई सरकारी कामकाजको भाषा बनाए पनि प्रदेश र अन्य तहमा मातृभाषाको प्रयोगको ढोका खोलेको छ । यो व्यवस्थाले मुलुकमा एक भाषाको वर्चस्वलाई मलुवा बनाउने र अन्य समुदायका मातृभाषालाई सम्मान गर्ने बाटो खोलेको छ। यसलाई विगतमा राजविराज र काठमाडौं नगरपालिकाले स्थानीय भाषा प्रयोगका विरुद्ध सर्वोच्च अदालतको रोकको पृष्ठभूमिमा ऐतिहासिक भन्न सकिन्छ।

३. राज्य धार्मिक अल्पसङ्ख्यकको पनि हो भन्ने विश्वास बढाउन मुलुकलाई धर्मनिरपेक्ष घोषित गरिएको छ।

४. मुलुकमा रहेका भाषाहरुको संरक्षण, प्रवर्द्धन र विकास गर्ने हेतुले भाषा आयोगको व्यवस्था गरिएको छ।

५. यो संविधानले मौलिक हक अन्तर्गत नै  दलितको हक, सामाजिक न्यायको हक र महिलाको हकजस्ता हकको व्यवस्था गरेको छ। सामाजिक न्यायअन्तर्गत महिला, दलित, आदिवासी जनजाति, मधेशी समुदाय, उत्पीडित वर्ग, गरिब किसान मजदुरलाई समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हकको व्यवस्था गरिएको छ।

६. राष्ट्रिय महिला आयोग, दलित आयोग, समावेशी आयोग, मधेशी आयोग, थारु आयोग, मुस्लिम आयोग जस्ता संवैधानिक आयोगहरुको व्यवस्था गरेर मुलुकमा विद्यमान विविधताको सम्बोधन गर्न खोजिएको छ।

७. नेपाललाई संघीय राज्य बनाउने र बहुमहको शासन प्रारम्भ गर्ने संवैधानिक व्यवस्थाका पछाडि पनि यो मुलुकको बहुसांस्कृतिकता र विविधतालाई सम्बोधन गर्ने सोच देखिन्छ।

८. संविधानले नै सङ्घीय र प्रादेशिक विधायिकालाई समावेशी बनाउने व्यवस्था गरेको छ जहाँ महिला,आदिवासी/जनजाति, मधेशी,दलित र पिछडिएको क्षेत्रका लागि निश्चित संख्यामा आरक्षण छ ।

९. संविधानले मुलुकलाई समावेशी बनाउने प्रतिवद्धता गरेपछि मुलुकको निजामती सेवा, प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान र नेपाली सेना गरी सम्पूर्ण सुरक्षा निकाय, अन्य सरकारी सेवा र विद्यालय विश्वविद्यालयहरुमा आरक्षण र सकारात्मक विभेदका नीति अख्तियार गरेको पाइन्छ । हुन त यो प्रयत्न सोझै विविधता व्यवस्थापनको अवस्था नभए पनि

सामाजिक सुरक्षाका माध्यमबाट त्यहीं सम्म पुग्ने प्रयत्न भन्न सकिन्छ। विगतमा निजामती र अन्य सरकारी सेवा निश्चित जाति समूहको मात्र पेवा देखिएको पृष्टभूमिमा यो व्यवस्थाले विविधतालाई अलिकति भए पनि सम्बोधन गर्ने विश्वास लिन सकिन्छ.

१०. निजामती सेवाको दश वर्ष अघिको स्वरुप र अहिलेको स्वरुपलाई हेर्ने हो भने स्पष्ट रुपले फरक देख्न सकिन्छ। यो प्रयत्नले नेपालको निजामती र अन्य सरकारी सेवाहरु आगामी केही दशक मै नेपाल जस्तै विविधतापूर्ण हुने कुरा सहजै अनुमान गर्न सकिन्छ।

**चुनौतिहरु:**

तर प्रश्न उठ्छ, के सांस्कृतिक र अन्य विविधता व्यवस्थापनका लागि अपनाइएका नीतिहरु चाही सहजै स्वीकार्य हुन्छन् ? के यसको मार्गमा कुनै चुनौती आउँदैनन् ? यस क्षेत्रमा काम गर्ने विज्ञहरु र यसलाई राष्ट्रिय नीति बनाउने मुलुकहरुको अनुभवले निम्नलिखित तथ्य उजागर गर्छन्-

१. विविधता व्यवस्थापनको नीति अवलम्बन गर्दा पहिले देखि ती सुविधामा एकलौटी रजाईं गरिरहेको वर्ग र समुदायको स्वार्थमा चोट पुग्छ। अत: ती विरोधमा आउने सम्भावना रहन्छ।

२. यो नीतिको कार्यान्वयन यसै पनि चुनौतिपूर्ण हुन्छ। यसको सकारात्मक प्रतिफल आउन समय लाग्छ। यस बीच विविधता व्यवस्थापनका नाममा संगठनमा ल्याइएका जनशक्तिको कार्यसम्पादनको गुणस्तरलाई लिएर प्रश्न उठ्छन्। खास गरी प्रतिस्पर्धाबाट प्राप्त गर्ने अवसरमा योग्यतातन्त्रको कदर भएन भन्ने आरोप लाग्ने गर्छ ।

३. समावेशिताका माध्यमबाट राष्ट्रिय मूलधारमा आएका वा विभिन्न सेवामा स्थान पाएका नवप्रवेशीहरुप्रति संगठनभित्र भेदभावको अवस्था आउन सक्छ। व्यवस्थापकले तिनको कार्यक्षमता मात्र होइन निष्ठामा समेत शङ्कागर्ने अवस्था आउन सक्छ।

**निष्कर्ष:**

चुनौती र समस्याहरुको तुलनामा विविधता व्यवस्थापनका फाइदा धेरै छन्। कुनै पनि समाजको सांस्कृतिक अनेकता र विविधतालाई बेवास्ता गरेर राष्ट्रिय नीतिहरु बनाइयो र लागू गरियो भने ढिलो चाँडोको कुरा मात्र हो त्यसले दुष्परिणाम त ल्याउँछ नै। खास गरी राजनीतिक खेलका नियमहरु टुङ्गो नलागिसकेका वा हाम्रो जस्तो भर्खरै टुङ्गो लागेका मुलुकहरुमा त यस्तो गडबडीको अवस्था आउँछ नै ।

अत: आजकाल विकसित मात्र होइन विकासोन्मुख मुलुकहरु पनि यस विषयमा निकै नचाखो भएका देखिन्छन्। प्रारम्भमा यो नीति झन्झटिलो, जटिल र चुनौतिपूर्ण लागे पनि अन्तत: यसले दिने नतिजा राम्रो हुन्छ। सेवाग्राही विविधतापूर्ण भएको अवस्थामा सेवाप्रदायक पनि विविधतापूर्ण भए भने ग्राहक सन्तुष्टिको मात्रा स्वत: बढ्छ। यसले विकासोन्मुख समाजमा राष्ट्रनिर्माण जस्तो संवेदनशील र चुनौतिपूर्ण कार्यमा पनि गतिलो ढङ्गले सघाउ पुऱ्याउँछ ।

●●

# पूँजीवाद, लोकतन्त्र र गरिबी निवारण



**पुरञ्जन आचार्य**

तिन दशकअगाडि विश्वभर लोकतन्त्रको लहर चल्दा म एउटा अन्तर्राष्ट्रिय संस्थामा विकासे कार्यकर्ता थिएँ । लोकतन्त्रको दोस्रो लहरले नेपाल पनि अछुतो रहेन र यही लहरले तीन दशकअगाडि गुमेको प्रजातन्त्र पुनस्थापित भयो । यसरी साठी वर्ष नेपालको राजनीतिक इतिहासमा तीन दशक गुमेको प्रजातन्त्र पुनर्स्थापनाको द्वन्द्व चल्यो भने पूर्नस्थापित लोकतन्त्र पनि यतिखेर तीस वर्षको वयस्क भएको छ ।

लोकतन्त्र र पूँजीवादलाई एउटा रथको दुई चक्का भन्ने मान्यता पश्चिमाहरुले धेरै अगाडिदेखि स्थापित गर्ने अनेकन् प्रपञ्च रचेका हुन् । लोकतन्त्र र पूँजीवादवाट मात्र आर्थिक विकास सम्भव छ भन्ने मान्यता पनि यसैसँग जोडिएर आयो । यद्यपि चीन अहिले पश्चिमा विचारलाई गलत प्रमाणित गर्ने राष्ट्र भएको छ । चीनको विकासमा पूँजीवाद छ, तर लोकतन्त्र छैन र पनि अद्धितीय विकास भएको छ।

उदार लोकतन्त्र , आर्थिक उदारीकरण र व्यक्तिको उच्चतम स्वतन्त्रताको अभियान तीन दशकअगाडि नेपालमा पनि अगाडि बढ्यो । आफ्नो यौवनकालमा म यी तीनै पक्षको सक्रिय अभियन्ता थिएँ । नेपाली कांग्रेसमाथिका तिनै अभियानको वैकल्पिक शक्ति थियो नेपालमा । यसै क्रममा म नेपाली कांग्रेसको सक्रिय कार्यकर्ता हुन पुगें ।

आर्थिक उदारीकरण मेरो विषय थियो । राज्य नियन्त्रित विकासभन्दा पनि स्वतन्त्र आर्थिक नीतिले मात्र नेपालको विकास संभव छ भन्ने हामी लोकतन्त्रवादीहरुको मान्यता रह्यो । विश्वमा चलेको गैर सरकारी संस्था मार्फत "सिमान्त व्यक्ति" सम्म पुग्ने विकासे अभियानको अभियन्ता थिएँ । यही विकासे कार्यकर्ताको पहिचानवाट अगाडि बढ्दा मेरो जम्काभेट नेपालका तात्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासँग हुनपुग्यो र प्रकारान्तरले म वहाँको सहयोगी र सल्लाहाकार वन्न पुगें । २०३५ सालतिर म वीस वर्षको थिएँ, त्यस वखत नेता र कार्यकर्ताको हैसियतमा गिरिजाप्रसादसँग मेरो भेटघाट भएको थियो ।

विद्यार्थी कालमा राजनीतिक सक्रियता चलिरहँदा म अनायस वैकको जागिरे वन्न पुगें। नेपाल वैक लिमिटेडवाट ०३९ सालको वैशाखमा शुरु गरेको मेरो व्यावसायिक जीवन "जीवन निर्वाहको" खेती थियो। तीन वर्षको मेरो "कार्यालय सहायकको" जागिरे जीवन उराठ लाग्दो मात्र थिएन म प्रत्येक दिन अव जागिरवाट राजिनामा दिन्छु भनी समय बिताएँ। वैकमा काम गर्दाको मेरो अनुभव खासै केही थिएन । भन्नुपर्दा म वैकको कार्यविधि र त्यहाँको अनुशासनलाई सधैं तोड्ने अराजकतावादी युवा कर्मचारी थिएँ । धन्य मेरो कामप्रतिको अरुचि र अराजक व्यवहारलाई तात्कालीन बैंक मेनेजर दिव्य अधिकारीले कहिले पनि नोटिसमा लिएनन् । अहिले फर्केर राजविराजका ति दिनलाई स्मरण गर्दा म जम्मा दुई घटना मात्र सम्झन्छु।

पहिलो वैकमा म कार्यरत रहँदा कांग्रेस नेता कृष्णप्रसाद भट्टराई राजविराज आउनुभयो, म वहाँको स्वागत गर्न पूर्वपश्चिम राजमार्गको रुपनीसम्म पुगें र वहाँलाई अघि लगाएर नारा जुलुससहित हामी राजविराज प्रवेश गयौं। यही क्रममा राजविराजका कांग्रेसहरुसँग मेरो चिनजान मात्र भएन घनिष्ठता नै भयो। शिव मधुकर, शशि माझी र रामकुमार चौधरीलगायत थुप्रै साथीहरु थिए, अहिले केही दिवङ्गत भए।

नेपाल बैंकमा सदस्यताका "माइक्रो केडिट" कार्यक्रमअन्तर्गत सेवा क्षेत्रमा स-साना लगानी गर्ने कार्यक्रम अगाडि आएको थियो । नेपाल राष्ट्र वैकको नीति र निर्देशनअनुसार स्वरोजगार योजना अन्तर्गत यस्ता कार्यक्रमलाई बैंकले अङ्गिकार गरेको कुरा सामान्य रुपमा बुझ्न कोशिस गर्थे । वास्तवमा बैंकप्रति मेरो अलिकलि रुचि यही विषयमा मात्र थियो । अन्यथा राजविराजको नेपाल बैंक जम्मा दश जना मारवाडी समुदायले सामान मगाउने, छुटाउनेमा सीमित थियो। केही लुगा मगाउँथे, कोही दवाई अनि केही राईस मिलहरुमा लगानी गर्ने र ब्याज खानेमा वैक गतिविधि सीमित थियो। बैंकमै कार्यरत रहँदा वि.पी. कोइरालाको निधनको खबरले म मर्माहित भएँ। म मेरा साथी राजेन्द्र वाँस्तोला र सुशील बरालसँगै बसको छतमा चढें र सिधा काठमाण्डौ हानिएँ। हामी तीनै जना राजविराजमा जागिर खाँदै थियौं । वि.पी.कोइरालाको जुलुसमा सहभागी हुने मौका हामीलाई न्यूरोडको पीपलवोट मुनि मिल्यो । म "जिन्दावाद र अमर रहून्" नाराका साथ जुलुशको अग्रणी मोर्चामा पुगें। वाग्मती किनार पशुपति आर्यघाटमा वि.पी.कोइरालाको चितासामु म झण्डै मध्यरातसम्म उभिएँ।

वि.पी.कोइराला जसले विकासको नयाँ दर्शन र कार्यक्रमको नेपालमा परिचय गराए। वि.पी.ले नेपालको विविधता वुझी विकासको जुन अवधारणा अगाडि सारे, त्यसमा "अन्तिम नेपाली" सम्म विकास कसरी पुऱ्याउन सकिन्छ भन्ने सोच मैले पाएँ । एउटा हलो बोकेको किसान वि.पी.को अन्तिम नेपाली थियो, सीमान्त नेपाली थियो। यही सिमान्त र वञ्चनामा परेको नेपालीको विकास नै नेपालको विकास हो भन्ने धारणा नेपाली सन्दर्भको प्रजातान्त्रिक समाजवाद भएर अगाडि आयो। वि.पी.को समाजवादको उच्चतम बिन्दु भनेको आफ्नो जस्तो मध्यम वर्गीय परिवारमा सवै नेपालीलाई दशवर्षमा पुऱ्याउने थियो। तर इतिहास सधै सरल रेखामा कहाँ हिड्छ विपीका सपना तुहियो।

नेपाल बैंकको जागिर अन्ततः मैले राजिनामा गरेमा। काठमाण्डौको केन्द्रीय कार्यालय भूगोल

पार्कमा गएर । एकजना दशरथ वानियाँ भन्ने प्रशासनका कर्मचारी थिए ।  मैले उनको सामु म उच्च शिक्षा अध्ययन गर्न काठमाण्डौ वस्न चाहन्छु तसर्थ मेरो यतै सरुवा होस भनी अनुरोध गरें। उनले ठाडै अस्वीकार गरे, मैले त्यही राजिनामा बुझाएँ र फेरि कहिले फर्केर बैंक गइन।

अब मेरो काठमाण्डौमा भौंतारिने दिन शुरु भयो, यही क्रममा किर्तिपुरमा नेपालभरिबाट उच्च शिक्षाको लागि जम्मा भएका नेपाल विद्यार्थी सङ्घसँग आबद्ध सवै मेरा मित्र भए । सङ्घर्षका दिनहरुमा साथीहरु चाँडै बन्दा रहेछन, सबैको भविष्य अनिश्चय थियो, सबै अभावमा थिए। सवैको साझा उद्धेश्य र सामान्य जीवनयापनका सपना थिए।

नेपाललाई एशियाली मापदण्डमा पुऱ्याउने लक्ष्यसहित आर्थिक र सामाजिक लक्ष्यहरु निर्धारण गरिएको त्यो कालमा निरङ्कुश व्यवस्था विरुद्ध लोकतान्त्रिक हावा पश्चिमवाट बग्न भर्खर शुरु भएको थियो। सत्ताको वैकल्पिक शक्तिहरु कांग्रेस र कम्युनिष्ठ बीच लामो समयको दूरी र द्वन्द्ध केही पातलिएर नगिच आउने वातावरणहरु देशभित्र वन्दै थियो। यसैको अभ्यासमा कांग्रेसले सत्याग्रह गऱ्यो। म बैंकको भूपू कर्मचारीबाट यतिखेर काठमाण्डौमा टिक्न एउटा दबाई कम्पनीको मेडिकल रिप्रिजेन्टिटिभ भएर कार्यरत थिएँ। सिंहदरवारको गेटअगाडि पुग्न नपाउँदै म प्रहरी भ्यानमा कोचिन पुगें र केही दिनको अत्यन्त कष्ठदायक कठोर वासपछि मध्यरात्रीमा नख्खु जेल पुगें।

नख्खु जेलमा मैले विकाससम्वन्धी केही नयाँ ज्ञानका पुस्तकहरु पढ्ने मौका पाएँ। त्यसताका लघु कर्जाको दक्षिण एशियामा चर्चा सामान्य रुपमा चल्दै रहेछ। यो ज्ञान मलाई जेलमा गएपछि भयो । लघुवित्तबारे अनेकन् बहसहरु एशिया, ल्याटिन अमेरिका र अफ्रिकामा चलेको मैले जेल बसाइमा बुझ्न पाएँ। तर यसवारे सुस्पष्ट विचार र कार्यक्रम केही थिएन। प्रचलित वैकवाट गरिने लगानी शक्तिशाली व्यापारी र घरानियाँहरुमा सीमित भयो भन्ने एउटा विचार पाए।  अर्को विचार सरकार सवै ठाउँमा पुग्न सक्तैन अझ खासगरी गाउँ र गरिबसम्म सरकारी निकायबाट विकास संभव छैन, यो अर्को बहसको विषय थियो । समुदायलाई नै परिचालन गरी अगाडि बढ्दा मात्र विकास संभव छ, भन्ने दोश्रो बुझाइ भयो। र, तेस्रो जो सरोकारवाला हो त्यसैलाई समूहमा आबद्ध गरी निर्णय प्रकृयामा समेत सहभागी गराउँदा अन्तिम व्यक्तीसम्म पनि विकास पुऱ्याउन सकिन्छ भन्ने धारणाका धेरै लेख र विचारहरु पढ्न पाएँ।

जेलबाट छुटेपछि छिपछिपे विकास सम्बन्धी ज्ञानले मलाई आकर्षित गऱ्यो। म फेरि आफ्नो रुचि सुहाँउदो कामको खोजीमा लागें। काठमाण्डौमा टिक्न र जीवन अगाडि बढाउन हामी जस्तो स्वतन्त्र र अराजक स्वभावका मानिसलाई ज्यादै कष्ठकर नै थियो भन्दा पनि हुन्छ। यही छट्पटी र हुटहुटीले म विकासे कार्यकर्ता बन्न पुगें।

जेल बस्दाका मेरा अनुभवहरु रोचक र घोचक दुबै छन्। जेलमा "गिरिजा मार्का कांग्रेस" भनी आफ्नै साथीबाट हामी त्यसताका लाञ्छित भएका थियौं । कांग्रेसमा आज देखिएको गुटबन्दी आजभन्दा साढे तीन दशक अगाडिको गुटवन्दीको दाँजोमा केही पनि होइन। यही क्रममा विकासे कार्यकर्ता भएर विराटनगरमा खटिएँ, मेरो नयाँ जागिरे जीवन फेरि शुरु भयो।

नयाँ जागिरे जीवन मेरो स्वभाव मैत्री मात्र थिएन, काम पनि मेरो रुचिको थियो। यहाँ पनि राजनीति मेरो पछि पछि थियो। र, यही क्रममा ०४६ सालको प्रथम जनआन्दोलनको श्रीगणेश भयो

। म र मेरो परिवार नै राजनीतिक आन्दोलनमा सरिक भयौं। कांग्रेस र कम्युनिष्ठ मिलेपछि नेपालको राजनीतिक परिवर्तनलाई रोक्न गाह्रो पर्ने अवस्था ०३६ सालदेखि नै देशमा विद्यमान थियो। दश वर्षपछि यी दुई शक्तिको मिलन भयो र विश्वमा पनि लोकतन्त्रको दोश्रो लहर यही समय चल्यो। पञ्चायत गयो, राजाको निरंकुशतन्त्र पनि समाप्त भयो। अव समृद्धिका दिन टाढा थिएनन् भन्ने आम नागरिकको विश्वास पनि बढ्यो, म पनि आम मानिसको सोचाइमा लामबद्ध भएँ।

प्रजातन्त्र पुनर्स्थापनासँगै जनताको चुलिएको अपेक्षाअनुरुप विकास अगाडि बढाउने स्रोत र साधन मात्र नेपालीसँग नभएको होइन त्यस्तो सोच र सफा नियत पनि नेताहरुको हुन सकेन। दलहरु भित्रको व्यवस्थापन र नेताहरुको महत्वकांक्षा नै समृद्ध नेपालको लागि ठुलो अवरोध भएर आयो। यही क्रममा कांग्रेस फुट्यो, कम्युनिष्ठ फुट्यो र निराश जनतालाई सपना देखाएर माओवादी जनयुद्ध शुरु भयो। यता पुर्नस्थापित लोकतन्त्रवाट जनता निराश हुँदै थिए। उता म पनि झण्डै एकदशकको विकासे कार्यकर्तावाट "टिम लिडर" हुँदै गर्दा अन्तराष्ट्रिय विकासे संस्थाको हैकमवाट दिक्क भए। यही क्रममा मैले जागिरवाट राजिनामा दिएँ।

बङ्गलादेशको सिको गर्दै लघुकर्जा कार्यक्रमलाई प्राथमिकताका साथ तात्कालीन गिरिजाप्रसादको नेतृत्वको सरकारले अगाडि ल्याएको थियो। बङ्गलादेशको ग्रामीण महिलाको आर्थिक र सामाजिक रुपान्तरणको लागि त्यसताका ग्रामीण समाज उन्नतिको लागि मोहम्मद यूनिसको मोडल नै दैवीय चमत्कार ठानियो। जतिखेर नेपालमा ग्रामीण विकासको नकल गरिदै थियो त्यतिखेर बंगलादेशमा गरिवी निवारणको युनिस मोडल असफलताको मार्गमा दौडिरहेको थियो। नेपालमा पनि ग्रामीण विकास वैंकको नियति दुर्भाग्यपूर्ण रह्यो।

उदारवादी बजार अर्थतन्त्रले एकातिर शहरहरुमा उपभोक्तावादी समाज निर्माण गर्दै थियो। गाउँ र गरिवीलाई न्यून गर्ने कृषि कार्यक्रम सरकारी उपेक्षाको कारण तल झर्दै थियो। यसै क्रममा गाउँका किसान परिवारका युवाहरु शहरिया श्रमिक हुन् गाउँवाट निस्किए, कैयन विदेशिए। अहिले देशको अर्थतन्त्रको मेरुदण्ड मानिएको रेमिटान्स सरकारको गाउँ उपेक्षित नीतिको परिणाम युवा पलायनको कारण हुनपुग्यो। एकातिर देशमा रेमिटान्सले नयाँ अर्थतन्त्र र उपभोक्तावादी समाज विस्तार गर्दै थियो भने देशको राजनीति माथि पनि माओवादी जनयुद्धको दबाब अनुभव हुँदै थियो। यही क्रममा म गिरिजाप्रसाद कोइरालाको सहयोगी हुन नियुक्त भएँ।

गैर सरकारी संस्थाबाट राजिनामा दिएपछि म केही समय विराटनगर मै बसी फेरि नयाँ कामको खोजीमा परिवार लिएर काठमाण्डौ आएँ। काठमाण्डौमा भर्खर शेरवहादुर देउवाको नेतृत्वमा सरकार निर्माण हुँदै थियो। मनमोहन अधिकारीको सरकार गिरिजाप्रसादले "फु" गरेर ढालेको पृष्ठभूमिमा देउवा प्रधान मन्त्री भए पनि सही अर्थमा गिरिजाप्रसाद नै प्रमूख शक्ति केन्द्र थिए। मैले नेपालको शक्ति केन्द्रमा वस्ने औसत दर्जाको मानिससँग पनि विगतमा सँगत गरेको थिएन, मेरो पारिवारिक पृष्ठभूमिमा पनि शासन र प्रशासनमा कहिले कोही वसेको मलाई ज्ञान थिएन। अव यी सबै पक्षसँग मेरो साक्षात्कार हुँदै थियो, म अचानक ठुलो मानिसहरुभन्दा ठुलो हुँदै थिएँ भन्ने कुरा बुझ्न मलाई खासै समय लागेन।

नेपालको सत्ता के हो ? यहाँ राज्य कसरी चल्छ ? राज्य निर्माणका निर्णयहरु कसरी गरिन्छ, यी

यावत कुराहरु मेरो अगाडि आए । चाकडी के हो ? चाकडीका प्रकार के छन र कस्ता छन, यि सवै आँखा अगाडि थिए। केही आरोहअवरोह पछि देउवा सरकारको पतन पछि गिरिजाप्रसाद प्र.म.भए। म सिंहदरवार मात्र पुगिन प्रधानमन्त्री संगै अव मेरो घर, बाटो र कार्यालयमा काठमाण्डौ नै शरण पर्न आई पुग्यो। यी सबै समस्याहरु नेपालमा विकास र समृद्धिको भन्दा पनि दलहरुको आन्तरिक द्वन्द्व, माओवादी जनयुद्ध र राजतन्त्रको महत्वकांक्षाबीच अगाडि बढिरहेको थियो । प्र.म.गिरिजाप्रसादले कांग्रेसलाई पुरानो अवस्थामा अर्थात् फेरि बहुमतको सरकार बनाएर मात्र विश्राम लिन्छु भन्ने उद्घोष गरेपछि मेरो काम तीन दोब्बर बढ्यो।

कृष्णप्रसाद भट्टराईलाई प्र.म.को रुपमा अगाडि सारेर ०५६ सालको आमनिर्वाचनमा कांग्रेसको वहुमत आयो। अब कांग्रेस सामु देश रुपान्तरणको सुवर्ण अबसर थियो। तर फेरि गिरिजाप्रसाद प्र.म. हुनपुग्नु भयो र म यो पटक वहाँको राजनीतिक सल्लाहकारमा नियुक्त भएँ। यो कार्यकालमा म प्रमको निर्णायक मण्डलीमा थिएँ, अब मसँग अनुभव र राजकाजबारे सल्लाह दिने र लिने ज्ञान, कला र कौशल भैसकेको थियो । यस बीच अनेकन् उतार चढाव भए राजकाजमा । अन्ततः माओवादी र सेना बीच चलेको “होलेरी काण्ड” वाट प्रम गिरिजाप्रसाद वहुमतको सरकारवाट राजिनामा दिन वाध्य भए। यो त्यही कालखण्ड थियो जव नेपालमा गणतन्त्रको बिउ रोपियो।

माथि मैले आफ्ना अनुभव, अनुभूतिबारे वर्णन गरें अनि नेपालमा लोकतन्त्र, पूँजीवाद र विकासवारे पनि सङ्क्षिप्त टिप्पणी अगाडि सारें। व्यक्तिको जीवनयात्रा नै देश र समाजको जीवन हो भनी दार्शनिकहरु भन्छन । प्रत्येक नेपालीहरुको जीवन यात्रा नै नेपालको जीवन यात्रा हो भनी मान्दा हुन्छ। विगत तीन दशकमा नेपालमा विकास र समृद्धिका अनेकन् सपना बाँडिए, गरिबी र गाउँबारे पनि भाषण अनेकन् भए । तर गाउँ र गरिबको स्थितिमा फरक ल्याउन अझै पनि गैरसरकारी संस्था र विदेशीको मुख ताक्नुपर्ने स्थिति छ।

विराटनगरमा केही उत्साही समाजसेवीहरुवाट संचालित नेरुडे लघुवित्त वित्तीय संस्था जस्ता संस्थाहरु ग्रामीण र गरिवको विकास अभियानअन्तर्गत छन भने तिन दशक अगाडि नेपालमा पूर्नस्थापित लोकतन्त्रको देन हो भनी भन्न हिच्किचाउनु पर्दैन। गाउँ र गरिबको सामाजिक र आर्थिक रुपान्तरणको लागि नेरुडेले दिएको योगदान र चर्चा गर्दा विपी कोइरालाको सीमान्त व्यक्तिको विकास भैरहेको हो भनी प्रसन्न हुन सकिन्छ। मेरो जीवनयात्रामा भने एउटा विश्राम आएको छ, म फेरि नयाँ कामको खोजीमा छु। बैंकको डेविट, क्रेडिट, दवाई बेच्ने प्रतिनिधि, विकासे कार्यकर्ता, प्रमको सल्लाहाकार हुँदै अहिले सञ्चार संस्थाले न्वारन गरेको राजनीतिक विश्लेषकवाट जीवन कता जाला थाह छैन। धेरै अनुभव र अनुभूतिहरु पछि लेख्ने छु भनी विश्वस्त पार्दै अहिलेलाई लेख्न प्रेरणा जगाउने मित्र मणी अर्ज्याललाई धन्यवाद दिदै मेरा शब्द यही अन्त गर्छु।

●●

# परिवर्तित सन्दर्भमा गैरसरकारी संस्थाको भूमिका र जिम्मेवारी

त्रिलोक नेउपाने



**पृष्ठभूमि:**

नेपालमा भएको संयुक्त एवम् सशक्त जनआन्दोलनले २०४६ सालमा निर्विकल्प भनिएको पञ्चायत प्रणालीको अन्त्य भई प्रजातन्त्रको पुनर्बहाली भयो । त्यसको अर्को वर्ष २०४७ सालमा आम निर्वाचन भएर २०४८ सालमा प्रजातान्त्रिक परिपाटीको सरकार बन्यो । पञ्चायत कालमा नियन्त्रित रूपमा स्थापना भई निर्देशित अवस्थामा गैरसरकारी संस्थाहरू सञ्चालन भएका थिए । प्रजातन्त्रको पुनर्बाहलीपछि सामाजिक विकासको क्षेत्रमा काम गर्ने उद्देश्यले गैरसरकारी संस्थाहरूको स्थापना र सञ्चालनमा एक किसिमको लहरै आयो । मुलुकभरि सामाजिक रूपान्तरणको लागि मानवअधिकार, सामाजिक न्याय, सामाजिक-अर्थिक विकासको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाहरूको स्थापना, प्रवर्द्धन र विस्तार हुनथाल्यो ।

धेरै गैरसरकारी संस्थाहरू २०४८ सालदेख २०५२ सालको अवधिमा जिल्ला र केन्द्रमा स्थापना भएको देखिन्छ । विस्तारै ग्रामीण क्षेत्रमा स्थानीय स्तरमा समुदायमा आधारित संस्थाहरूको स्थापना, विस्तार र संस्थागत विकास भएको पाइन्छ । यसबाट सामाजिक, आर्थिक तथा राजनीतिक क्षेत्रमा जनताको सक्रिय सहभागिता र सशक्तीकरण अभिवृद्धिमा एउटा फड्को मार्न सक्ने वातावरण तथा अवसरको सृजना भएको थियो । संस्थामा काम गर्न चाहना राख्ने स्वम्सेवी युवाहरू अगाडि आए । सीमित स्रोत साधनको उपलब्धता र कठिन अवस्थामा पनि संस्थाहरूले उल्लेखनीय काम गर्न र स्थानीय जनसमुदायलाई सघाउ पुऱ्याउन सफल भए ।

पञ्चायती सोच र व्यवहारमा अभ्यस्तहरूबाट सामाजिक तथा आर्थिक विकासको क्षेत्रमा लागेका गैरसरकारी संस्थाहरूप्रति सकारात्मक तथा विश्वासनीय सोच, दृष्टिकोण हुन नसक्नु स्वाभाविक हुन सक्छ । वास्तविकता बुझ्न नसक्दा, अझ भनौं बुझ्न नखोजेका कारण गैरसरकारी संस्थाहरूप्रति लाञ्छना लाग्नु वा अनावश्यक र असत्य कुराहरू फैलनु आश्चर्य होइन । गहन अध्ययन, दूरदृष्टि, जनताप्रतिको विश्वास र सकारात्मक सोचको कमीका कारण जिम्मेवारहरूबाट

समेत गैरसरकारी संस्थाहरू बद्नाम हुनेगरी विचार वा धारणा आएको हुनसक्छ । यसमा गैरसरकारी संस्थाको संरचनागत अवस्था र कार्यशैली पनि जिम्मेवार छैन भन्न सकिदैन ।

**गैरसरकारी संस्थाहरूको भूमिका :**

नेपालको सामाजिक तथा आर्थिक विकासमा प्रतिबद्ध गैरसरकारी संस्थाहरूले निश्चित परिकल्पना, ध्येय, लक्ष्य, उद्देश्यहरू निर्धारण गरेका छन् । आफ्ना निर्धारित मूल्य-मान्यता, रणनीतिक योजना, विधि र प्रक्रिया अवलम्बनका साथ काम गर्दै आएका छन् । यी संस्थाहरूले विकास, निर्माणका काम गर्दा मुलुकको विकास नीति र नियम तथा कानुनको पालना गर्दै जनसरोकारका अधिकारमुखी कार्यक्रमहरू सञ्चालनका लागि समन्वयकर्ता एवम् सहजकर्ताको भूमिका निर्वाह गरेको छन् । सरोकारवालाहरूसँगको साझेदारी र सहकार्यमा हकवालाहरूको आवश्यकता, चाहना र सक्रिय सहभागिताको आधारमा योजनाको तर्जुमा तथा त्यसको कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गरेका छन् ।

गैरसरकारी संस्थाहरूले मानवअधिकार खास गरेर बालअधिकार, महिलाअधिकार, ज्येष्ठ नागरिक अधिकार, सीमान्तकृत वर्ग, वातावरणीय सन्तुलन एवम् संरक्षणका लागि काम गरेका छन् । समुदायस्तरमा गरिने आर्थिक एवम् सामाजिक विकासका कार्यक्रमहरू सञ्चालन गर्दा समावेशीकरण तथा स्थानीय लोकतन्त्रको प्रवर्द्धनलाई आत्मासात् गर्न थालिएको छ । सामाजिक परिचालनका आधारमा स्थानीय स्रोत साधनको अधिकतम परिचालन, सदुपयोग र प्रवर्द्धन गर्न मद्दत पुगेको छ । संस्थागत विकास, सुशासन, सचेतना, सशक्तीकरण र पारदर्शिता प्रक्रियातर्फ जोड दिइएको छ ।

गैरसरकारी संस्थाहरूले प्रजातान्त्रिक प्रणालीको प्रवर्धनका लागि सरकार र राजनीतिक दलहरूलाई सुशासन र जनताको चाहना र आवश्यकताप्रति सचेत, जिम्मेवारी एवम् जवाफदेही बन्न यथासम्भव हातेमालो र सहजीकरण गरेका छन् । दुर्गम ग्रामीण क्षेत्रको विकास कार्यक्रम कार्यान्वयन, नागरिक खवरदारी र जनजागरण अभियान सञ्चालनका क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएका छन् । अव पनि यस क्षेत्रमा लागिरहनु आवश्यकता रहेको महसुस गरिएको छ । अबको सन्दर्भमा गैरसरकारी संस्थाहले पूर्ण रूपमा आर्थिक विकास र सामाजिक रुपान्तरणका लागि सरकार र जनसमुदायलाई सहयोग गर्ने मौका र जिम्मेवारी आएको छ ।

गैरसरकारी संस्थाहरूको सक्रिय भूमिका र उल्लेखनीय योगदानले गर्दा देशका ग्रामीण तथा दुर्गम क्षेत्रका समुदायमा समेत क्षमता तथा सीप विकास, स्थानीय स्रोत परिचालन, आयआर्जन तथा स्वरोजगारीको अवसर सृजना, शिक्षा तथा स्वास्थ्यप्रति सचेतना अभिवृद्धि भएको छ । सामाजिक तथा आर्थिक विकासका, समुदायमा सशक्तीकरणका साथै राजनीतिक क्षेत्रमा समेत सचेतना र सहभागिता बढेको छ ।

गैरसरकारी संस्थाहरू राज्यलाई सघाउने उद्देश्यले स्थापना र सञ्चालन भएका हुन्छन् । लोकतान्त्रिक आचारणबिना लोकतन्त्रको संस्थागत विकास हुनसक्दैन भन्ने कुरा बुझेर विकासका साझेदारका रूपमा गैरसरकारी संस्थाहरूको प्रवर्द्धन भएको र यी संस्थाहरू भरपर्दा रूपमा

देखापरेको पाइन्छ। सरकारको रणनीतिक साझेदारका रूपमा रहेर मानवअधिकार र सामाजिक न्यायका विभिन्न पक्षहरूमा सहकार्य र खबरदारी दुवै काममा सक्रिय रहेको पाइन्छ। नेपालका गैरसरकारी संस्थाहरू लोकतन्त्रका संवाहक पनि हुन्। लोकतन्त्रको पुनर्स्थापना र संस्थागत गर्न गैरसरकारी क्षेत्रको योगदान महत्वपूर्ण छ। अहिले मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था छ। राज्यको पुनर्संरचना भएर सङ्घ, प्रदेश र स्थानीय तहको शासन व्यवस्था बहाल भएको छ। यस्तो बेलामा गैरसरकारी संस्थाको भूमिका आज पनि उत्तिकै महत्वपूर्ण छ। राज्य र गैरसरकनरी संस्थाहरू आपसमा हातेमालो गरेर अगाडि बढ्नुपर्ने परिस्थिति विद्यमान छ। ( यज्ञप्रसाद शर्मा, २५ वर्षमा प्रयास नेपाल, स्मारिका २०७४)

**वर्तमान अवस्था:**

प्रजातन्त्रको पुनर्बहाली र सङ्घीय गणतान्त्रिक लोकतन्त्र बीचको अवधिमा देशको सामाजिक, आर्थिक र राजनीतिक अवस्थामा आएको परिवर्तनले जनताको शिक्षा, सचेतना, सशक्तीकरण अभिवृद्धि भई जीवनशैलीमा समेत परिवर्तन आएको छ। आर्थिक विकास, सामाजिक रूपान्तरण, राजनीतिक सचेतना र सशक्तीकरण अभिवृद्धि गर्नमा गैरसरकारी संस्थाहरूको सक्रियता, सेवाभाव र योगदान महत्वपूर्ण रहेको छ।

प्रजातन्त्रको पुनर्बाहलीपछि विस्तारित रूपामा स्थापित गैरसरकारी संस्थाहरूले सरकार र राजनीतिक दलहरूलाई सुशासन र जनताप्रति जिम्मेवार एवम् जवाफदेही बन्न यथासम्भव हातेमालो र सहजीकरण गरेका छन्। दुर्गम ग्रामीण क्षेत्रको विकासमा सघाउ पुऱ्याउने, नागरिक खवरदारी गर्ने र जनजागरण अभियान चलाउने कार्यमा उल्लेखनीय योगदान पुऱ्याएका छन्। अब यस क्षेत्रमा सशक्त रूपामा निरन्तर लागिरहनु अवश्यक रहेको महसुस गरिएको छ।

राज्यको पुनर्संरचना र सामाजिक, आर्थिक, राजनीतिक विकास गर्दै नेपाललाई समृद्धिको दिशातर्फ अग्रसर गराउने नयाँ अभियानमा राज्य लागेको छ। संविधान निर्माणपछि यसको कार्यान्वयन र राजनीतिक अवरोधलाई न्यूनीकरण गर्दै स्थानीय तह, प्रदेश र प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गरेको छ। यसरी एक किसिमले महत्वपूर्ण ऐतिहाकि कार्यभार पूरा भई नयाँ सोच, विचार र जनादेशका साथ परम्पागतभन्दा फरक कार्यशैलीमा शासन/प्रशासन र विकासको गति अगाडि बढ्ने र समृद्धिको थालनीको बिहानी हाम्रो सामु आउँन लागेको छ। (ऋतु आसीक, प्रयास नेपाल स्मारिका, २०७४)

सबै तहका सरकारले नयाँ जनादेशको कदर गर्दै नयाँ दृष्टिकोण, सोच, विचार र व्यवहारका आधारमा परम्पागतभन्दा फरक कार्यशैलीमा शासन/प्रशासन र विकासको गति अगाडि बढाउँदै समृद्धिको बाटो पहिल्याउने समय आएको छ। यस्तो अवस्थामा सरकारको पहलमा मुलुकको विकासमा निजी क्षेत्र र गैरसरकारी क्षेत्रको सहयोग, सहकार्य र साझेदारीको महत्वपूर्ण भूमिका र योगदान हुने कुरा सबैले बुझ्नु पर्ने अवस्था छ।

झण्डै दुई दशक स्थानीय निकायमा जनप्रतिनिधि नभएका कारण कर्मचारीतन्त्रले स्थानीय निकायहरूको सञ्चालन गरेको अवस्थामा स्थानीय निकायहरू गैरसरकारी संस्थाहरूप्रति

सकारात्मक र सहयोगी देखिन सकेनन् । त्यसको प्रभाव केन्द्रीय सरकारमा समेत परेको देखियो । यस समयमा सम्बन्धित नियमनकारी निकायको भूमिका जिम्मेवारपूर्ण र प्रभावकारी रहन सकेन । यसको प्रभाव हाल स्थानीय सरकार, प्रदेश सरकार र जननिर्वाचित प्रतिनिधिहरूमा समेत देखिएको छ । फलस्वरूप सरकारी संयन्त्र र गैरसरकारी संस्थाहरूबीच एक आपसमा आरोप प्रत्यारोप लगाउने संस्कारको विकास भएको देखिन्छ । जनप्रतिनिधिहरूले पनि वास्तविक अवस्थाको गहन अध्ययन गर्ने र सुधारात्मक एवम् सकरात्मक दृष्टिकोण राखेर अगाडि बढ्ने धृष्टता राख्न सकेको देखिदैन । फलस्वरूपा स्थानीय सरकार र प्रदेश सरकारका प्रमुखहरूबाट समेत पूर्वाग्रहपूण अभिव्यक्ति दिन वा व्यवहार गर्न थालेको देखिन्छ । यसले आपसमा अन्योल तथा अविश्वसको वातावरण पैदा हुनु स्वाभाविक देखिन्छ । यी कुराहरू मुलुकको विकास र आमजनताको हितमा हुनेछैन ।

हालसम्म बहाल रहेको सङघसंस्था ऐन २०३४ को व्यवस्था अनुसार गैरसरकारी संस्थाको परिभाषा र दर्ता तथा नवीकरण प्रक्रियाभित्र सामाजिक विकास संस्थाका अतिरिक्त धार्मिक, कल्याणकारी, मठमन्दिर सञ्चालन, स्थानीय क्लब सञ्चालनदेखि व्यापारिक-व्यवसायी संस्थाहरू ( यातायात व्यवसायिक सङघ, कृषि व्यवसायिक सङगठन जस्ता) समेत रहेका छन् । यस कारण पनि गैरसरकारी संस्थाहरूप्रति अन्योल, भ्रम र अविश्वासको अवस्था सृजना भएको देखिन्छ ।

**चुनौतीहरू:**

आजको परिवर्तित सन्दर्भमा हेर्दा गैरसरकारी संस्थाहरूले भोगिरहेका र अझ भोग्नुपर्ने चुनौतीहरू नयाँ र फरक किसिमका भएको अनुभूति गरिएको छ । यस्ता चुनौतीहरु निम्नानुसार छन्:

- मुलुकमा लोकतन्त्र हुँदै सङघीय लोकतान्त्रिकको करिब ३ दशक अवधिमा पनि सामाजिक तथा आर्थिक विकासको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थामैत्री कानूनको निर्माण हुन नसक्नु ।
- सङघीय प्रणाली लागू भएको एक वर्षभन्दा बढी अवधिमा पनि प्रदेश सरकार र स्थानीय सरकार सञ्चालनसम्बन्धी आधाभूत कानुनहरूको निर्माण हुन नसक्नु ।
- स्थानीय, प्रदेश र सङघीय स्तरका निर्वाचित अधिकांश जनप्रतिनिधिहरूको गैरसरकारी संस्थाहरूप्रति पूर्वाग्रही धारणा र आवरणीय बुझाइ रहनु ।
- गैरसरकारी संस्थाहरूप्रति सरकारी संयन्त्रहरूको धारणा र व्यवहार सकारात्मक, स्पष्ट र मैत्रीपूर्ण रूपमा विकास हुन नसक्नु ।
- नेपालमा कार्यरत कतिपय अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको धारणा, नीति, कार्यशैली र व्यवहार गैरसरकारी संस्थाको स्वतन्त्र अस्तित्व, प्रतिष्ठा र कार्यनीति अनुकूल हुन नसक्नु ।
- गैरसरकारी संस्थाहरूको नियमनसम्बन्धी सरकारी योजना, विधि र प्रक्रिया प्रभावकारी एवम् नतिजामूलक हुन नसक्नु । साथै दोषीलाई यथासमयमा उपयुक्त कार्वाही गर्न नसक्ने र सबैलाई एउटै डालोमा राखेर हेर्ने प्रवृति रहनु ।

- गैरसरकारी संस्थाहरूको दरिलो सङगठनात्मक अवस्था तथा अभियानको कमी (Lack of Strong NGOs-Movement) रहनु।

**अवसरहरू:**

आजको सन्दर्भमा गैरसरकारी संस्थाहरूले भोगिरहेका र अझ भोग्नुपर्ने सम्भावित कठिनाइ एवम् चुनौतीहरू भए तापनि नयाँ परिपाठी तथा प्रक्रियामा काम गर्न सकिने सम्भावना र अवसरहरू गैरसरकारी क्षेत्रका लागि पर्याप्त र फराकिलो अवस्थामा रहेको अनुमान तथा अपेक्षा गर्न सकिन्छ। केही महत्वपूर्ण सम्भावना तथा अवसरहरू निम्नानुसार छन्:

- राज्यको पुनर्संरचनापछि देशको सामाजिक-आर्थिक विकास गर्दै समृद्धिको दिशातर्फ अग्रसर हुने सरकारको नयाँ सोच, धारणा, नीति र व्यवहारले गैरसरकारी क्षेत्रलाई काम गर्ने सकारात्मक एवम् मैत्रीपूर्ण वातावरण सृजना हुने सम्भावना छ।
- मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको विकास र राजनीतिक स्थिरताले गैरसरकारी क्षेत्रले सबै तहका सरकारसँग विकास प्रक्रियामा हातेमालो तथा साझेदारी गर्न सक्ने खालको गैरसरकारी संस्थामैत्री कानूनको निर्माण हुने वातावरण सृजना हुने सम्भावना छ।
- विधिको पालना, काम गर्ने सहज वातावरण र व्यवस्थित नियमन योजना, विविध र प्रक्रियाको विकास तथा कार्यान्वयन हुने वातावरणको सृजना हुने सम्भावना छ।
- गैरसरकारी क्षेत्रले सङ्घीय ढाँचाका आधारमा अगाडि बढ्न सक्ने र क्रियाशील हुने वातावरण पैदा हुने सम्भावना छ।
- देशभित्र युवारोजगारी सृजना गर्ने माग तथा प्रतिबद्धता र स्थायी सरकारको नीतिले पनि गैरसरकारी क्षेत्रको काममा सबलता र सहजता आउने सम्भावना छ।
- सामाजिक परिचालनका आधारमा स्रोत, साधनको समुचित परिचालन र प्रवर्द्धनको प्रचुर सम्भावना छ।
- प्राकृतिक स्रोत-साधनहरूको प्रवर्धन तथा संरक्षणसम्बन्धी राष्ट्रिय नीति र कार्यक्रममा सहयोग, सहकार्य र साझेदारीको वातावरण सुदृढ बन्ने सम्भावना छ।
- सामाजिक विकास, वा भौतिक निर्माण, सामाजिक परिचालन, जनसचेतना अभिवृद्धि, सशक्तीकरणका लागि स्थानीय सरकारहरूसित सहकार्य वा साझेदारी गर्न सकिने सम्भावना सृजना हुन सक्छ।
- देशको विकास आवश्यकता र जनचाहनाका आधारमा अगाडि बढाउनुपर्ने नयाँ जिम्मेवारीले सरकारी तथा निजी क्षेत्रका साथै गैरसरकारी क्षेत्रको भूमिका, प्रतिबद्धता र सेवाभावको महत्वपूर्ण स्थान रहनेछ।
- सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन, सामाजिक लेखापरीक्षण, जिम्मेवारी तथा दायित्व निर्वाह गर्ने प्रक्रियाको विकास गरी गुणस्तरीय परिणाम प्राप्त गर्न सकिनेछ।

**अपेक्षित उपलब्धिहरू:**

बदलिंदो सन्दर्भमा गैरसरकारी संस्थाहरूले भोगिरहेका र अझ भोग्नुपर्ने सम्भावित कठिनाइ एवम् चुनौतीहरूको सामना गर्दै सम्भावना तथा अवसरहरूलाई प्राप्त तथा उपयोग गरेर गैरसरकारी क्षेत्रले मुलुकको सामाजिक आर्थिक विकासद्वारा गरिबी न्यूनीकरण गर्दै समृद्धिको मार्गमा अगाडि बढ्न महत्वपूर्ण भूमिका खेल्न र उल्लेखनयि योगदान पुऱ्याउन सक्ने प्रबल क्षमता राख्न सक्छ र सम्भव छ। केही महत्वपूर्ण सम्भावित तथा अपेक्षित उपलबधिहरू निम्नानुसार छन्:

- स्थानीय सरकार र गैरसरकारी संस्थाहरूबीच सहकार्य तथा साझेदारीको विकास तथा प्रवर्धन भई हकवालाहरूको सक्रियतामा सहभागितामूलक एवम् समावेशी प्रक्रियाबाट विकास निर्माणका कार्यहरू गुणात्मक परिणाममुखी हुनेछन्।
- स्थानीय सरकारको सामाजिक विकास कार्यक्रमजस्तै मानवअधिकार, सामाजिक न्याय, स्वास्थ्य, शिक्षा, वातावरण संरक्षण, स्थानीय तथा प्राकृतिक स्रोतहरूको संरक्षण तथा समुचित परिचालन सहज एवम् व्यवस्थित हुनेछ।
- स्थानीय सरकारलाई स्वरोगारीमूलक उत्पादन कार्यक्रम सृजन र सञ्चालन गर्न सहयोग पुग्ने गरी सामाजिका विकास कार्यक्रमका लागि जनपरिचालन सहज हुने।
- सहभागितामूलक योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन प्रभावकारी र निरन्तर रूपामा सम्भव हुनेछ।
- समुदाय तथा समुदायमा आधारित स्थानीय संस्थाहरूको क्षमता अभिवृद्धि र सशक्तीकरण हुनेछ।
- प्राविधिक व्यक्तिहरूको ज्ञान तथा सीप र समुदायका व्यक्तिहरूको परम्परागत सीप तथा अनुभवसँगको तालमेलबाट विकासको वास्तविक प्रतिफल प्राप्त गर्न सहज हुनेछ।
- सेवामुखी कार्यक्रमलाई अधिकारमुखी सवालहरूसित एकीकृत गरेर उत्पादन वृद्धि, न्यायोचि वितरण र गरिबी निवारणमा सहयोग पुऱ्याउन सम्भव हुनेछ।

**आजको आवश्यकता:**

वर्तमान अवस्थमा गैरसरकारी संस्थाहरूले भोगिरहेका र अझ भोग्नुपर्ने सम्भावित कठिनाइ एवम् चुनौतीहरूको सामना गर्दै सम्भावना तथा अवसरहरू प्राप्त तथा उपयोग गरेर अपेक्षित परिणाम तथा उपलब्धिहरू प्राप्त गर्न राज्य र गैरसरकारी क्षेत्रले सकरात्मक सोचबाट केही कदमहरू चाल्न र केही धैर्यता राख्न आवश्यक छ। केही महत्वपूर्ण अपेक्षित कार्यहरू निम्नानुसार छन्:

- आज देशको विकास जनचाहना र आवश्यकताका आधारमा अगाडि बढाउने जिम्मेवरी र दायित्व सबै क्षेत्रको देखिन्छ। यसका लागि गैरसरकारी क्षेत्रको प्रतिबद्धता, लगनशीलता र सेवाभावको आवश्यकता महत्वपूर्ण हुने देखिन्छ।
- सङघीय तथा प्रदेश सरकारको नयाँ सोच, दृष्टिकोण, नीति, विधि र योजना निर्माण एवम् कार्यान्वयन प्रक्रिया र स्थानीय सरकारले गैरसरकारी संस्थासित प्रत्यक्ष हातेमालो गर्ने रणनीतिलाई पर्खनु तथा हेर्नुपर्ने धैर्यताको आवश्यकता देखिन्छ।

- यस अवस्थामा सङ्घीय तथा प्रदेश सरकारले गैरसरकारी क्षेत्रलाईसमेत साथमा लिएर समुदायस्तरमा आर्थिक विकास र सामाजिक रूपान्तरणको काम सहज र बढी फलदायी रूपमा गर्न सक्नेछ। यस सन्दर्भमा मुलुकको विकास र सामाजिक रूपान्तरणमा गैरसरकारी संस्थाको भूमिका र जिम्मेवारी अझ बढाउन सकिने देखिन्छ।
- लोकतान्त्रिक गणतन्त्रको अभ्यास र सङ्घीय शाससन प्रणालीका आधारमा गैरसरकारी क्षेत्रको विकास,  प्रवर्द्धन र प्रभावकारी एवम् परिणाममस्खी नियमन हुनेखालको गैरसरकारी संस्थामैत्री ऐन, नियम, नीती तथा कार्यक्रम यथासम्भव चाडै निर्माण र कार्यान्वयन गराउनुपर्ने आवश्यकता छ।
- सङ्घीय लोकतान्त्रिक गणतन्त्रको ढाँचा र नीति अनुरूप गैरसरकारी संस्थाहरूले निरन्तर रूपमा हातेमालो एवम् सहकार्य गर्दै सहभागितामूलक लोकतन्त्रको विकास तथा विस्तारप्रति प्रतिबद्ध र क्रियाशील रहनु आवश्यक छ।
- सङ्घीय र प्रदेश सरकारबाट प्रभावकारी निरन्तर नियमन गर्ने र विधिसम्मत रूपमा नचलेका वा चल्न नसकेका संस्थाहरूलाई कार्बाहीको भागेदार बनाइनुपर्छ। यसका लागि सरकारले स्पष्ट नीति, विधि र प्रक्रियाको अवलम्बन गर्नु आवश्यक छ।

●●

# लोकतन्त्रमा
# एनजीओको औचित्य



**दिपेन न्यौपाने**

२५ वर्षअघि विराटनगरमा एउटा एनजीओ दर्ता भएको थियो । जसले १४ वर्ष पार नगर्दै एउटा बैंक जन्माउन सफल भयो । त्यो बैंकको नाम हो नेरुडे लघुवित्त विकास बैंक लिमिटेड । बैंकले पनि एक दशक पार गरिसकेको अवस्था विद्यमान छ । बैंक जन्माउने एनजीओ अझै पनि जीवन्त छ । जीवन्तको मतलव उसले यतिखेर पनि सक्रिय जीवन व्यतीत गरिहेको छ । अर्थात् उसका गतिविधिहरु अहिले पनि स्थगित भएका छैनन् । त्यति मात्रै कहाँ हो र । उसले आफ्नो रजत महोत्सव पनि मनाउँदै छ । जसको नाम हो नेपाल ग्रामीण विकास समाज केन्द्र (एनआरडीएससी) । जुन एनजीओले ग्रामीण क्षेत्रका विपन्न एवम् निर्धन महिलाको जीवस्तर उकास्न निकै मदत्त गऱ्यो पनि । यतिखेर यो प्रसङ्ग सुन्दा र पढ्दा सामान्य लाग्न सक्छ । तथापि यसले इतिहासमा छुट्टै विशेषता र महत्व बोकेको छ । विपन्न नागरिकको आयआर्जन बढाउने कार्यमा यसले महत्वपूर्ण योगदान पुऱ्याएको छ ।

नेपाल ग्रामीण विकास समाज केन्द्र (एनआरडीएससी) एनजीओ स्थापना हुनुमा यसमा बेग्लैखाले कथा जोडिएको छ । एनजीओका संस्थापक सञ्चालकहरु सरकारी त्यो पनि बैंकको नोकरी छाडेर त्यसै लागेका होइनन् भन्ने सन्देश एनजीओको गतिविधिले प्रवाह गर्न सफल भएको देखिन्छ । जतिबेला राज्यको सुशासनको अवस्था र उसको उपस्थिति ग्रामीण क्षेत्रमा कमजोर थियो । त्यो बेला एनआरडीएससीजस्ता एनजीओहरुको आवश्यकता जरुरी थियो । त्यही आवश्यकतालाई पूरा गर्ने दायित्व यस गैरसरकारी संस्थाले गरेको देखिन्छ । जुनसुकै कारणले होस् जब सरकार कमजोर हुन्छ तब एनजीओ तथा आइएनजीओहरु हाबी हुन्छन् भन्ने गरिन्छ । एनआरडीएससीले पनि यो अवस्थाको राम्रो अनुभूति बटुल्न सफल भयो पनि ।

यो संस्थाले आफ्नो गतिविधि तीव्र पारेको बेला देश सशस्त्र द्वन्द्वले रुमलिएको अवस्था थियो । त्यो बेला गाउँबस्तीमा सरकारको उपस्थिति न्यून थियो । जसले गर्दा मानिसका समस्या सुनिदिने र समस्याको समाधान देखाइदिने पक्षको खाँचो पल्टिएको थियो । उनीहरुको खाँचो पूरा

गर्न त्यो बेला यो संस्थाले धेरैखाले कठिनाइहरु झेल्नुपरेको अवस्थाका बारेमा सो संस्थाले प्रकाशित गरेको 'विपन्नता विरुद्धको अभियान' पुस्तकमा उल्लेख गरिएबाट पनि पुष्टि हुन आउछ । ती कठिनाइका बाबजुद पनि संस्थाले आफ्ना गतिविधि सफलतापूर्वक सम्पन्न गरेको कुरामाथि उल्लिखित पुस्तकको अध्ययनबाट थाहा हुन्छ। सो पुस्तकमा सशस्त्र द्वन्द्वका क्रममा संस्थााले भोग्नु र सामना गर्नुपरेको कथाव्यथाका बारेमा प्रष्टसँग वर्णन गरिएको अनुभूत हुन्छ।

यतिखेर देश पूर्ण लोकतान्त्रिक व्यवस्थाका साथ सञ्चालित छ । अर्थात् ग्रामीण क्षेत्रमा सरकारको उपस्थिति मजबुत बनेर जनअपेक्षाहरु सम्बोधन हुने वातावरण सिर्जना भएको छ । एनआरडीएससी संस्थाले पछिल्लो चरणमा भने आफ्नो कामको स्वरुपलाई परिवर्तन गरेको अनुभूति हुने गरेको छ। उसका गतिविधिहरु फरक ढंगले सञ्चालन हुने गरेको देखिन्छ। संस्थाका सञ्चालकहरुले विगतमा जस्तो विराटनगरभन्दाबाहिर सुनसरी र मोरङ जिल्लाका विकासमा पछि परेका ग्रामीण क्षेत्रबाट आफ्ना गतिविधि विस्तार गरेको पाइँदैन। संस्थाको कार्यक्रमको स्वरुपमा परिवर्तन देखिएको छ। संस्था हिजोभन्दा सुकिलोमुकिलो, छिटोमीठो र सजिलोसजिलो बाटो हिड्न रमाएको हो कि भन्ने भान हुन्छ । अर्थात् संस्थाका गतिविधि सङ्घर्षशील र क्रान्तिकारी ओज बोकेको अनुभूति गर्न सकिएन। कार्यक्षेत्र साँघुरिएको जस्तो देखिए पनि संस्थाले आफ्ना गतिविधि भने स्थगित गरेको छैन नै। अरु एनजीओको तुलनामाा एनआरडीएससी सबल एनजीओको रुपमा स्थापित रहेको देखिन्छ। संस्था सबल हुनुमा यस संस्थाको आफ्नै बस्ने पक्का घर छ। त्यो पनि विराटनगर बजारमा छ। यसो हुनुमा धेरै कारण हुन सक्छन्। संस्थाका सञ्चालकहरु इमानदार भएर वा लामो समयसम्म संस्थाको मूल नेतृत्व परिवर्तन नभएर पनि हुनसक्छ। वा नेतृत्व ज्येष्ठ भएर पनि। सायद नेतृत्व धेरै ज्येष्ठ भएर हो कि भन्ने भान पनि यदाकदा पर्न थालेको छ।

केही वर्षदेखि संस्थाका गतिविधि सूचनाको अधिकार र ज्येष्ठ नागरिकसँग केन्द्रीकृत हुने गरेका छन् । यसअघिका गतिविधिमाथि उल्लिखित गरिएझैं ग्रामीण क्षेत्रका विपन्न महिला समूहसँग सम्बन्धित थिए । यस एनजीओको पछिल्लो क्रियाकलापबाट कार्यक्षेत्र विस्तार हुनुको साटो खुम्चिएको झै भान हुने गरेको छ। यो एनजीओ एकपटक सफलताको चरम बिन्दुमा पुगेर कतै ओराली लागेको त होइन, यसै भन्न सकिएन। संस्थाले हुर्काएबढाएको बैंक पनि पखेटा पलाएर उड्ने प्रक्रियामा पुगेको चराको बचेराझै बन्ने अवस्थामा छ भन्ने श्रवण गर्न पाइएको छ । एनजीआको घरमा बसेर शैशवकाल र बाल्यकाल बिताएको ऊ अन्त कतै जाँदैछ रे । आफ्नै कमाइमा बनेको घरकटेरोमा सर्दैछ रे । ऊ तन्नेरी भएर छुट्टिएको पनि हुन सक्छ, आजभोलि बढेपछि छोराछोरीले जन्म दिने मातापितालाई चटक्कै छोडेर सात समुद्रपारीका मुलुकमा बसोबास गर्न गएझैं।

उसका मातापिता पनि कहाँ कमजोर छन् र । उनीहरुले पनि अरु मातापितालाई घर भित्र्याउने रे साथी बनाएर छोराछोरीको न्यास्रो मेटाउने रे। अर्थात् बैंकले छोडेर गएको घरको मुनि तलामा ज्येष्ठ नागरिकलाई रामरमाइलो गरी दिन कटाउन ठाउँ दिने रे। उनीहरुको सीपलाई सदुपयोग गर्ने रे । उनीहरुलाई उत्पादनमूलक काम पनि दिलाइ दिने रे । सीप नहुने ज्येष्ठ नागरिकलाई सीप पनि दिलाइ दिने रे।

यी कार्यक्रमका बारेमाा सञ्चालकबाट सञ्चार भई श्रवण गरिएकोले यहाँ उल्लेख गरिएको हो । संस्था यतिमा मात्र सीमित देखिँदैन । उसले ज्येष्ठका अनुभवलाई फूलका थुँगा मालामा गाँसेझैं पुस्तकको आकारमा प्रकाशित पनि गरिसकेको छ । पुस्तक प्रकाशनले ज्येष्ठ नागरिकप्रति सम्मान प्रकट गरिएको भान हुन्छ। उनीहरुका अनुभव समाजका अमूल्य सम्पति हुन्। जसलाई संस्थाले पुस्तकमा सङ्ग्रह एवं भण्डारण पनि गरेको छ । परिवर्तित सन्दर्भमा संस्थाका गतिविधिहरु समसामयिक हुन सकेनन् भने औचित्यहीन हुन्छन् भनिन्छ। संस्थालाई औचित्यविहीन हुनबाट जोगाउने ध्याउन्नमा संस्थाका सञ्चालकहरु चनाखो भएको अवस्थामा उसको जीवन जीवन्त हुन पुग्छ।

एनजीओको आन्तरिक पक्ष दह्रो हुन उसले पारदर्शिता, प्रजातान्त्रीकरण र सुशासनलाई कत्तिको अबलम्वन एवम् अनुसरण गरेको छ भन्ने तर्क निकै अघिदेखि घनिभूत रुपमा उठ्ने गरेको छ । तर यस विषयमा सरकारका निकायबाट अनुगमनको अभावमा कार्यान्वयन पक्ष अत्यन्तै फितलो देखिन्छ। अबको दुनियाँमा देशको शासन व्यवस्थासँग मेल नखाने, ऐन कानुनबाहिर रहेर आफ्ना गतिविधि सञ्चालन गर्ने एनजीओहरु जनताका नजरमा ठगी गर्ने संस्थाको रुपमा दर्ज हुन पुग्नेछन् । संस्थाको प्रजातान्त्रीकरण हुनलाई नियमित निर्वाचन, सार्वजनिक लेखा प्रणाली, नेतृत्व परिवर्तन आदि कुरालाई आधारभूत रुपमा लिन सकिन्छ। संस्था परिवारवादबाट माथि उठ्न सक्नु पर्दछ । त्यहाँ कार्यरतहरुको श्रम शोषणको अन्त्य भएको हुन पर्दछ । सूचनाको हक पूर्णरुपले स्थापित भएको हुनु पर्दछ।

पछिल्लो समय एनजीओहरु स्थानीय सरकाको नियन्त्रणमा हुनुपर्दछ भन्ने बहस घनिभूत रुपमा उठ्ने गरेको छ। केन्द्र सरकारले अहिलेसम्म एनजीओहरुको व्यवस्थापन र नियमित रुपमा नियमन गर्न सकेको छैन । असक्षमताले उसले नियमन गर्न सक्ने कुरा पनि आएन । अहिलेका निर्वाचित जनप्रतिनिधिहरुले एनजीओहरु नियमन कत्तिको कुशलतापूर्वक गर्न सक्छन् भन्ने परीक्षण गर्ने समय प्रारम्भ भएको छ । कति जनप्रतिनिधिका आफ्नै एनजीओहरु छन् भनिन्छ । कति राजनीतिक नेता र उनका नातेदारका पनि एनजीओहरु छन् भनिन्छ। यसो हो भने स्थाानीय वा प्रदेश सरकारबाट पनि नियमन निष्पक्ष हुनेमा शङ्का छ । पारदर्शितामा जालझेल र तिग्डम हुनसक्छ। सुशासनको घाँटी निमोठिन सक्छ।

राजश्व चुवाहटमा जस्तै एनजीओहरुको बिल पनि दुईखाले हुन्छन् भनिन्छ। एनजीओका मालिकलाई खुशी पारेपछि जे गरे पनि हुन्छ भन्ने मानसिकताबाट परिचालित एनजीओकर्मीहरुको भविष्य पनि उज्ज्वल हुँदैन। उनीहरु एनजीओ सञ्चालकका दाससरह निजी काममा जोतिइरहेका हुन्छन्। अधिकांश एनजीओमा काम गर्ने त्यो पनि तल्लो तहका श्रमिकहरु स्वतन्त्र ढङ्गले आफ्ना सिर्जनात्मक र मौलिक विचारहरु स्वतन्त्र रुपमा प्रकट गर्नबाट वञ्चित हुने गरेका प्रशस्तै उदाहरणहरु अध्ययन अनुसन्धान गर्ने क्रममा भेटिएका छन् । त्यतिमात्रै होइन उनीहरुलाई तलवभत्तामा पनि विभेद गरिएको अध्ययनले देखाएको छ । यही कारणले एनजीओमा कसैलाई काखा र कसैलाई पाखा लगाइएको भेटिन्छ। एनजीओ मालिकको जिउहजुरी र चाकडी गर्नेहरुको वृद्धिविकास भएको पनि छ । त्यसो गर्ने कतिलाई त सञ्चयकोष र कर्मचारी कल्याण कोषको

व्यवस्था गरिएको छ। कतिलाई सामान्य तलवमा २० औं वर्षसम्म अल्झाएर राखिएको भेटिन्छ।

यसो भन्दैमा सबै एनजीओहरु खराब छन् भन्न खोजिएको भने पक्कै होइन । कतिपय एनजीओहरु समाज परिवर्तनका संवाहक पनि भएका छन्। तिनले निकै नै समर्पित भएर मानव सेवा पनि गरेका छन् र गरिरहेका छन् पनि। एनजीओमा धेरै व्यक्तिहरुले राम्रो रोजगारी पनि पाएका छन् । त्यही रोजगारीले उनको घरमा जेनतेन चुलो त बलेको छ। तर सबैको चुलो जसरी बल्लनुपर्ने हो, त्यसरी समान ढङ्गले बलेको छैनमात्र भन्न खोजिएको हो।

सिंहदबारको अधिकार स्थानीय सरकारलाई दिएको संविधानमा उल्लेख गरिए पनि त्यो अधिकार स्थानीय सरकारले सही रुपमा लागू गर्न कत्तिको तत्पर हुन्छ, त्यसले पनि एनजीओको नियमन गर्न वा नगर्नमा सरकारकै सक्रियता वा निश्क्रियतामा भर पर्दछ।

स्थानीय सरकारको इच्छाशक्ति भएमा एनजीओको व्यवस्थापन सजिलोसँग गर्न सकिने विषय विज्ञ बताउछन् । तसर्थ यो कार्य फत्ते गर्नका लागि एनजीओभित्रको पारदर्शिता र शुद्धीकरणतर्फ ध्यान दिन अति जरुरी ठानिन्छ । तसर्थ एनजीओलाई जनताको नजरमा ठगीधन्धाबाट पैसा कुम्ल्याउने भ्रष्ट मखुण्डोधारी संस्था हो भन्ने घनघच्चीको लाञ्छना र बद्नामीबाट सदा सदाको लागि मुक्त गर्न एनजीओकर्मीले कम्मर कस्ने होइन त अब।

●●

# नेपाल ग्रामीण विकास समाज केन्द्र:
# इन्द्रेणी जागरण मञ्चको मार्गनिर्देशक



**रामबहादुर श्रेष्ठ**

म रामबहादुर श्रेष्ठ, २०४१ सालमा वनको नोकरीबाट अवकाश पाएपछि अलपत्र जीवन बोक्दै भमराजस्तै भौतारिंदै गर्दा केही सामाजिक कार्य गरौं भन्दै सल्लाह गर्न प्लान नेपालमा कार्यरत श्री रुद्र सरसँग पुगें। उहाँले मलाई मणिकुमार अर्ज्याल सरसँग बसेर छलफल गरौं भन्नुभयो। म नेपाल ग्रामीण विकास समाज केन्द्र NRDSC पुगे।

कार्यालयमा मणिसर आगन्तुकसँग चियापान गराउँदै भलाकुसारी गदै हुनुहन्थ्यो। त्यही बेला रुद्रसर पनि टुप्लुक्क आइपुग्नुभयो। कार्यालयमा पुग्दा NRDSC को स्थापना कालदेखि गरेका कार्यहरुका बारेमा जानकारी भयो। नेपालको धेरै भू-भागमा आफ्नो सेवालाई विस्तार गरी जनता तालिम र प्रशिक्षण मार्फत आत्मनिर्भर तथा स्वावलम्वी बनाउने अभियान सञ्चालन गरिरहेको रहेछ।

NRDSC ठाउँ ठाउँका अफिसमा कर्मचारीहरु परिचालित रहेछन्। अध्यक्षज्यूले अझै व्याख्या गर्दै भन्नुभयो 'तपाईंको अभियानका लागि सहभागी महिला पुरुष म मिलाइदिन्छु। गाउँ गाउँमा काम लग्ने, स्वरोजगार भई आत्मनिर्भर बन्न सक्ने तालिम सञ्चालन गर्ने जिम्मा तपाईंको।' छलफलमा रहनुभएका रुद्र सरले तालिमका लागि बजेटको व्यवस्था गरिदिने हुनुभयो।

विस २०५५ सालदेखि वि.स. २०६४ सालसम्म करिब ३-४ करोड सहयोग भयो। सो सहयोगले संस्थाको गतिविधी सञ्चालन गर्‍यौं। संस्था सञ्चालनका लागि आवश्यक कम्प्युटर, प्रिण्टर, मोटरसाइकल, अफिस खर्च पनि  अध्यक्षज्यूकै सिफारिसमा प्राप्त भयो।

सुनसरी र मोरङ जिल्लाका महिलाहरुलाई ३ महिने जीवन उपयोगी तालिम सञ्चालन गरियो। पुरुष र महिलालाई स्वरोजगार बनाउनका लागि सिलाइ कटाइ, ब्युटीपार्लर, पेटानी र खड्गी बुनाइ, नाइलनको १८ किसिमको झोला बुन्ने, अचार र पाउरोटी बनाउने, रेडियो कम्प्यूटर मर्मत तालिम, मोटरसाइकल मर्मत, ब्याम्बो गिफ्ट आर्ट तालिम, बाँसको जराको समान बनाउने, बुटिक तालिम, ज्येष्ठ नागरिक, महिला सशक्तीकरण, नर्सरी र वृक्षारोपण, आगलागी नियन्त्रणका उपायहरु झैझगडा मेलमिलाप कार्यक्रम, क्षमता अभिवृद्धि तालिम, प्रपोजल लेखन, POCAP, मनोविमष, HIV AIDS, स्वास्थ्य शिक्षा, वातावरण संरक्षण लगायतका तालिमहरु सञ्चालन भए। कार्यक्रमका लागि करिब २ करोड खर्च भयो होला।

तालिम दिएपछि सीप सिकेका महिलाहरुललाई आत्मानिर्भर बनाउन सहजता प्रदान गर्ने उद्देश्यले उत्पादन गरेका सामाग्रीहरु रुद्रसर र मणिसरको सहयोगमा  माडवाडी सेवा सदनमा प्रदर्शनीमा राखियो । एक दिने उक्त प्रदर्शनीबाट डेढ लाख रुपैंया बराबरको व्यापार गर्न सफल भएका थियौं ।

हाल जनशक्तिको कमी, भूकम्प, बाढीको कारणले गर्दा इन्द्रेणी संस्था विश्राममा छ । तर नवीकरण भइरहेको छ । NRDSC ले ज्येष्ठ नागरिक सल्लाकारको हैसियतमा सम्मानका साथ कार्यक्रकमा सहभागी गराउन मलाई ल्याउने र पु¥याउने गरी इज्जत दिएको छ ।  बेला बेला मणिसर भन्नु हुन्छ ‘ रामबहादुरजी यो ९७ वर्षको उमेरमा पनि चुप लागेर बस्नु भयो भने विरामी पर्नुहुन्छ । केही लेख्नुस्, घुम्नुस्, लाठ्ठी टेक्न नछाड्नुस्, अझै मैले केही गर्नुपर्छ भनेर लाग्नुस्, चुप लागेर नबस्नुस् । चुप लागेर म वृद्ध भए भनेर, अल्छी र बेसाहारा भए भनेर नसम्झनुस । तपाईंको लागि हामी छौ, त्यसै नबस्नुस, केही लेख्नुस्, केही गरिरहनुहोस्, शान्ति खोज्नुस् तपाईभित्रै पाइहाल्नु हुन्छ ।’

लोभ लालच, पैसाको पछि छाडेर लेख्ने पढने घुम्ने छलफल गर्ने, कुनै न कुनै विषयलाई अगाडि सारी समाजमा छलफल  गरी निचोड निकल्नसके त्यसैमा  शान्ति र सुख  प्राप्त हुन्छ । नेपाल वृद्धको पुण्यभूमि हो । यहाँ जीवनका सबै विषय आँखा चिम्लेर खोज्नुस् सबै थोक पाइन्छ । कोसिस, इच्छा पूति गर्ने प्रक्रिया सम्झाइरहनुहुन्छ ।

बेला बेलामा उहाँ भन्नुहन्छ, मेरो लेख पनि पढ्दै गर्नुस् केहि न कही पाइहाल्नुहुन्छ । जे खाए पनि मीठो स्वादिलो, जे लगाए पनि राम्रो भन्नुस् । सबै जीवनका आवश्यक विषयवस्तुहरु सरल, हलुका र गहकिला हुदै जान्छन् । वृद्धा भए भनेर पिर नलिनु मेरो पनि कपाल फुलि सके उमेर उकालो लाग्दै छ यो प्रकृतिको नियम हो ।

शान्ति र आनन्दलाई मनमा बलियो बनाएर राखे सबै ठीक हुने उहाँबाटै सिकेको छु । सामाजिक कार्यमा पनि उहाँको सल्लाह र सुझाव निरन्तर छ । समाजको सेवा गर्न नछाड्नुस, जहाँ पनि जसले बोलाए पनि स्वागत भनी हाजिर हुनुहोस् यसैमा जीवनका अमूल्य अदृश्य असम्भव वस्तुहरु प्राप्ति हुदै जान्छ ।

मलाई हौसला, सल्लाह र सहयोग गरी सधै कर्तव्य सम्झाउने मणि सर सरल स्वभाव, आचरण, दया र मायाको खानी नै हुनुहन्छ, उहाँको सरल र सहयोगी स्वभावले नेपालका कैयौं जिल्लाका महिलाहरु आफ्नो जीवन सहजै सञ्चालन गर्न सफल भएका छन् ।

म धेरै ठाउ घुमेको छु । जहाँ गए पनि जसले पनि नेपाल ग्रामीण विकास समाज केन्द्र नै जीवन सुखी बनाउने माध्ययम हो भन्छन् । महिला, पुरुष, वृद्ध, बच्चाहरु समेत NRDSC  को सहयोग सम्झिरहन्छन् । जसले जीवन उपयोगी कला सिके उनीहरुले हरेराम हरेकृष्ण जपे जस्तै मणि सरको नाम जपिरहन्छन ।

मेरो सामाजिक कार्यकुशलता देखेर उहाँले बडो कदरका साथ मलाई अभिनन्दन पत्र पनि प्रदान गर्नुभयो । इन्द्रेणी जागरण मञ्च, वीरगञ्ज, सिन्धुली, झापा र काठमाण्डौसम्म चर्चामा आउनु, विभिन्न कार्यक्रममा सहभागी हुने अवसर पनि उहाँकै देन हो । हाम्रो अभियानलाई सार्थक बनाउनुको श्रेय मणि सरलाई नै जान्छ । सहयोगका लागि उहाँलाई हार्दिक धन्यवाद टक्राउदै मेरो फुच्चे कलमलाई पूर्णविराम दिन्छु ।

●●

# नेपाल ग्रामीण विकास समाज केन्द्रसँग
# आत्मा जोडेर



**हरिप्रसाद बराल**

आज हामीमध्ये धेरैलाई गरिबीले निल्दै लगेको तीतो सत्यलाई व्यक्त गर्न मसँग प्रर्याप्त शब्दहरु छैनन् । आफूसँगैको साथीका घरका चुलोमा आगो बलेको अवस्था नभएपछि मन छियाछिया हुँदो रहेछ, मुटु चरक्क चिरिदो रहेछ, शरीरमा चिटचिट पसिनाको धारो लाग्दो रहेछ । यही गरिबीरुपी राक्षसलाई ढाड भाँचेर संवृद्धिको बाटोमा नेपाल ग्रामीण विकास समाज केन्द्र (NRDSC) लागि परेको छ । जे होस् खाना नपाएर ओठमा कलेटी परेर हिड्ने सामर्थ्य गुमाएर अलपत्र परेकाहरुलाई कमभन्दा कम ब्याजदरमा सहयोग गरेर एउटा पच्चीस वर्षे इतिहासलाई स्मारिका मार्फत यस संस्थाले बलियो बनाएको छ । यसमा लागिपरेका मणिकुमार अर्ज्याललगायत सम्पूर्ण संस्था परिवारलाई म यिनै शब्दहरुमार्फत धन्यवाद दिन्छु । त्यसमा पनि एउटा निबन्धमार्फत मैले आफ्नो भावना व्यक्त गर्न पाउँदा यो भन्दा खुशीको क्षण मेरा लागि के हुन्छ र ?

मान्छेहरुमध्ये कोही राजनीतिक खेलाडी हुन्छन, कोही बुद्धिका खेलाडी भनेर चिनिन्छन चाहे हामी जुन क्षेत्रमा लागे पनि आखिर खेलाडी नै हौं । जस्तै आध्यात्मिक खेलाडी, धार्मिक खेलाडी, राजनीतिक खेलाडी, दार्शनिक खेलाडी, विचारको खेलाडी । म आफूलाई सधैं विचारका खेलाडीका रुपमा उभ्याउन चाहन्छु । विचारको खेल खेल्ने मान्छेले क्रिया, प्रतिक्रया, संश्लेषण क्रिया जहाँ पनि तयार भएर पुग्नुपर्छ । हेगेलको वाद, प्रतिवाद र संवादका भँगाला भँगालामा पुगेर पौडी खेल्नुपर्छ । विचारको महासागरमा डुबेपछि मार्क्स, लेनि न, बुद्ध, गान्धी, कन्फ्युसियस, गेटे, वेदव्यास, वाल्मीकि, शेक्सपियर, विवेकानन्द, दयानन्द सरस्वती, नेल्सन मण्डेला, हेगेल, फायरबरख, नित्से, टाल्टाय, प्लेटो, अरस्तु, सोक्रेटस आदि सबैका माझमा आफू पनि विचार कै खैंजडी बजाएर नाच्न जान्नुपर्छ, आफ्नो मौलिकतालाई जोगाउन सक्नुपर्छ ।

हामी बुद्धलाई विचारको सगरमाथा मानेर पूजा गर्छौ, उनले हाम्रो संस्कृतिका क्षेत्रमा लागेको आडम्बरी लेउलाई विचारको गङ्गा जलले दह्रो गरी पखाल्ने प्रयास गरेका थिए ।

हिंसा र आडम्बरको मयुर नाच्नेलाई उनले आफ्नो चिन्तनमा निषेध गरेका थिए । अन्धविश्वासको काँटी फाल्ने कुरामा मार्क्सको विचारलाई तरबार बनाएर वीर रसले भर्नुपर्छ नत्र हामीमा, हाम्रो चेतनामा अन्धविश्वास खिया जमेर हामीलाई अन्धो पार्न सक्छ । सफा किसिमको मानवतावाद हाम्रो जीवनको आधारभूमि हो, हामी हिड्ने बाटो हो, हाम्रो लक्ष्यको केन्द्रबिन्दु हो । हामीले जे गरे पनि जसरी गरे पनि मानवतावादलाई केन्द्रमा राख्न सकेनौं भने हामीभन्दा ठूलो हरुवा अर्को हुन सक्दैन । जहाँ पनि मानिसको विवेकशीलता, उसभित्रको गतिशीलता, सौन्दर्यता, व्यावहारिक चातुर्य आदि कुराहरुसँग सँगै भए भने हामी आफ्नै बुद्धत्वको फराकिलो संसारबाट सबै कुरा देख्न सक्छौं, भेट्न सक्छौं, त्यसबाट नयाँ ज्ञानको गङ्गामा सधैं पौडी खेल्न सक्छौ । हामी विचारका खेलाडी हौं, सद्भावका खेलाडी हौ, चिन्तनका खेलाडी हौं गतिशील जीवनका खेलाडी हौं यदि भने जुन संस्थामार्फत आज हामीले पहिचान बनाएका छौं, त्यसले हामीलाई दीर्घशान्ति प्राप्त गर्ने कुरामा ठूलो भूमिका खेल्ने छ नेपाल ग्रामीण विकास समाज केन्द्र(NRDSC) हाम्रो जीवनको यस अर्थमा उच्चतम उपलब्धि हो, जसका माध्यमबाट हामीले कलेटी परेका ओठमा अलिकति भए पनि खुशी ल्याउन सकेका छौं, अलिकति भए पनि गरिबीरुपी राक्षसलाई टाढा भगाउन सकेका छौं, अलिकति भए पनि समाजलाई सुमार्गमा हिडेर जीवनलाई आशावादी बनाउन सकेका छौ भन्ने लाग्छ भने यसलाई जसरी पनि बचाउनुपर्छ, यसबाट अरुलाई पनि अँध्यारो चिरेर उज्यालोमा ल्याउन कोसिस गर्नुपर्छ ।

व्यक्ति आफैंमा केही होइन तर सङ्गठनमा लागेर रचनात्मक काम गर्‍यो भने उसले ईश्वरको पनि स्थान लिन सक्छ भन्ने दिव्यपङ्क्तिलाई सधै आफ्नो आत्यसमी भित्तामा नमेटिने गरी टाँस्नुपर्छ । हो, आज नेपाल ग्रामीण विकास समाज केन्द्र(NRDSC) पच्चीस वर्षको यात्रा पार गर्‍यो, उहिलेको भाषामा भन्ने हो भने उसले सबै किसिमको अध्ययन पूरा गरेको अवस्था छ । धेरै चुनौतीहरु पार गरी सकेको परिस्थिति छ । निश्चय नै यसभित्र वैज्ञानिकता जन्मेको होला, साहित्यिक भावना जन्मेका होला, चिन्तनका अनेकौ पक्षहरु उज्याला भएर देखिएका होलान । त्यसकारण नेपाल ग्रामीण विकास समाज केन्द्रलाई जसले मूलमन्त्र बनाउनुभयो उहाँहरुको मूलमन्त्रले हामीलाई पनि उज्यालो प्राप्त हुनुपर्छ भन्ने विचार यस संस्थामा अर्पण गर्न पाउँदा व्यक्त हुने खुशीलाई म कदापि शब्दमा बाँध्न सक्दिन ।

मैले छोटो अवधिमा राम्रो काम गरेर देखाउने सामाजिक संस्थालाई सकारात्मक दृष्टिले हेरेको छु, तिनको मुल्याङ्कन उच्च ढङ्गले गर्ने कामलाई पनि त्यतिकै महत्व दिएको छु तर त्यहाँ कम्तीमा पनि थोरै पैसाले अत्याधिक श्रमशोषण हुने प्रवृतिको दुर्गन्धले त्यो संस्था सिकार हुनुहुँदैन । जहाँजहाँ जनशक्तिको प्रयोग हुन्छ, तिनीहरुको आत्मामा अशान्तिको आँधी आउनुहुँदैन, तिनीहरुलाई आत्मसम्मानको भावनाले हाँक्न जान्नुपर्छ, तिनीहरुलाई भाँडो बनाएर मुखमा करेली हाल्नुहुँदैन । यदि कतै विसङ्गतिको बीउ पोखिएको छ भने विद्रोहको आगो त्यहीँबाट बल्न सुरु गर्छ, त्यसले क्षण भरमै सुन्दर संसारलाई खरानीमा अनुवाद गरिदिन्छ । आन्तरिक गृहकार्यलाई सधै शुद्धताले धोएर आर्थिक अभावले कच्याक्कुचुक

पारिएकाहरुलाई उठाउनु नै यस संस्थाको प्रमुख दायित्व यदि हो भने भोलिका दिनमा पनि कतै विसङ्गतिको आगो उत्पन्न हुनुहुँदैन । एकातिर फूलबारीको उपमा बोकेर हिडेको संस्थाभित्र काँडाले कसैलाई पनि अन्यायी ढङ्गले रोप्नुहुदैन, कच्याक्कुचुक पार्नुहुदैन।

मैले देखेभित्र यो संस्थाले धेरै सुन्दर काम गरेको छ। साहित्यिक कृतिहरु निकालेर बौद्धिक जमातलाई कलममा बग्ने सरस्वतीका कुरुप पुत्रलाई शान्तिमा हराउने चौतारो तयार पारिदिएको छ। यस्ता किसिमका सामाजिक गतिविधिलाई निरन्तरता दिने हो भने तिनीहरुले गुणस्तरीयताले सिंगार्दै जाने हो भने भोलि समाज, राष्ट्र, विश्व ईश्वर भएर यो संस्थालाई बचाउन कम्मर कस्ने छ। यदि कसैले कुसंस्कारको लेदोमा होली खेल्न थाल्यो भने त्यस्तो प्रवृतिलाई बिदा गर्न सबैले कम्मर कस्नुपर्ने हुन्छ। हामी त खुशी छौं बस्ने चौतारी पाएकामा, हामी त खुशी छौ, धेरै आत्माहरुसित मिलन हुन पाएकामा, हामी त खुशी छौं हाम्रो ज्ञान र अनुभवलाई यस संस्थाले स्वर्णाक्षरमा लेख्न सुरु गरेकोमा, हामी त खुशी छौ भोलिका दिनमा यस संस्थाले असल नागरिक जन्माउने भयो भनेर, आजका गरिबहरु भोलिका सम्वृद्ध नागरिक बन्न पाउने भए भनेर, हामी त खुशी छौ भोलिका दिनमा एउटा शक्तिशाली इतिहास यसै संस्थाबाट हुन्थ्यो भनेर, हामी त खुशी छौं नारी र पुरुषबीच हुने भेदभावलाई हटाउने कुरामा यो संस्था अघि बढ्ने छ भन्ने कुरामा, हामी त खुशी छौ हरेक कुरा यसरी नै थालनी हुदोरहेछ र यो कामलाई यसरी नै अगाडि बढाउनुपर्छ भन्ने चेतनाको विकास भयो भनेर। जे होस खुशी नै खुशीले हामी शुभ चिन्तकहरु यस संस्थाको दैलोमा रमाउदै आइसकेका छौ।

आज पुरानो पुस्ताले भोग्नु परेको जुन अफठ्यारो परिस्थिति छ, त्यसमा पनि यो संस्था सचेत भएका उदाहरणहरु हामीले पाइसकेका छौं। बूढाबूढीलाई माया गर्ने क्रममा यो संस्था पनि लागि परेको कुरा यस संस्थाले गरेका गतिविधिबाट थाहा पाइन्छ। जहाँ जहाँ बूढाबूढीको सुधार गर्ने उद्देश्यले कार्यक्रम हुन्छन दौडेर त्यहाँ यो संस्था पुगेको छ। २२ जना ज्येष्ठ नागरिकहरुको आत्मकथा यसले निकालेको छ। कम्तीमा यसमा समावेश गरेका व्यक्तित्वहरुको जीवनगाथाले उनीहरु मात्रै होइन, उनीहरुका सन्तानहरु ब्यूँझने छन, पाठकहरु ब्यूँझने छन साथै हामी पनि त्यसबाट प्रेरणा पाएर जीवनलाई सुन्दर पार्ने महायज्ञमा लाग्ने छौ। बूढाबूढीलाई धेरै भए भनेर घरबाट निकाल्नेको सङ्ख्याले पत्रिकाहरु अत्यधिक मात्रामा बिकेको अवस्था छ तर नेपाल ग्रामीण विकास समाज केन्द्रले तिनै ज्येष्ठ नागरिकहरुलाई सम्मान गरी उनीहरुलाई आत्मासम्मान दिलाई सामाजिक धरातलमा ल्यायो, सधै ल्याउन सकोस्, यसरी हाम्रो समाजमा पछि परेकालाई अगाडि ल्याउने काममा संस्थाहरु लाग्नु पर्छ।

पुनश्च, पच्चीस वर्ष पूरा गरेपछि अगाडिको इतिहासलाई सधै ताजा बनाउन यस संस्थाले स्मारिका निकाल्न लागेको कुरा सुन्दा म ताली बजाएर नाचेको छु। संस्थाका अध्यक्ष मणिकुमार अर्ज्याल, राजु श्रेष्ठ आदि संस्थाका सपरिवारलाई धन्यवाद दिदै मैले बिदा मागे।

●●

# सामूहिक अवधारणामा: नेपाल ग्रामीण विकास समाज केन्द्र



**फणिराज नेपाल**

नेपालमा सामुदायिक भावनाले कार्य गर्ने परिपाटी धेरै अगाडिदेखिकै हो । तराई तथा पहाडमा धान र कोदोको रोपाइँमा पर्म गर्ने चलन छ। गाउँका एक अर्काको रोपाइँको काममा गाउँका सबै भेला भएर आलोपालो गरी कर्म गर्ने चलन नै पर्म हो। आज एक जनाको रोपाईमा गाउँको समूह नै गएर काम गर्ने र भोलि त्यसरी नै अर्काकोमा गएर कामफत्ते गर्ने परम्परा अझैपनि धेरै ठाउँमा विद्यमान छ।

हिजोका दिनमा त्यँही गाउँका समुदाय बीच वा एक गाउँ र अर्को गाउँ बीचको आपसी सहयोग भै समयमै कार्म सिध्याउने चलनले आपसी सहयोग र समझदारीले सामाजिक सदभाव बढ्दथ्यो। तराईका धेरै स्थानमा पहाडमा चलेको जस्तो चलन छैन। सामन्तीहरूको दबदवामा सित्तैमा जमिन्दारहरूको काम सामूहिक रूपले गर्नु दलित तथा विपन्नहरूको विवशता थियो । अहिले त्यो अवस्थामा कमी आएपनि अझै तराईका केही क्षेत्रमा त्यस्ता दबावमा कामहरू भएका कुरा बारम्बार आइरहेका हुन्छन्।

२००७ सालको स्वतन्त्रतापछि नेपालमा सामूहिक भावनाको अवधारणा कृषि विकाश बैंकमार्फत सञ्चालित साना किसान विकास कार्यक्रम अन्तरगत थियो । आ.व.२०३१।२०३२ सालमा सर्ब प्रथम धनुषाको महेन्द्रनगर र नुवाकोटको तुप्चेमा साना किसान विकास आयोजना अन्तर्गत कम्तीमा ५।६ जनाको समूह बनाई त्यो समूहमार्फत विभिन्न सामाजिक तथा आर्थिक क्रियाकलाप सञ्चालनमा आएको हो । त्यस बखत गाउँमा खुलेका आयोजना क्षेत्रमा निरक्षर व्यक्तिहरूको बाहुल्य भएकाले शुरुमा प्रौढ शिक्षा कार्यक्रम सञ्चालन गरियो । गाउँमा खुलेका आयोजना क्षेत्रमा महिलाहरूलाई मात्र समूहमा आवद्ध गराइन्थ्यो। महिलाहरूको समूह भएकाले महिला वर्गमा एक खाले जागरण ल्याउने काम आयोजनाको कार्यक्रमले गरेको थियो।

सामूहिक अवधारणाको यो कार्यक्रम सर्वप्रथम नेपालमा सञ्चालनमा आएको हो। त्यसको दुई वर्षपछि बंगलादेशका महमद युनुसले नेपालको तुप्चे आयोजना भ्रमण गरी यहाँ सञ्चालित

कार्यक्रम अनुसार बंगलादेशमा ग्रामीण बैंकको शुरूवात गरेका हुन् । समूहगत अवधारणलाई आधार बनाएर बंगलादेशमा चलेको यो कार्यक्रमले अन्तर्राष्ट्रिय रूपमा ख्याति पाएर बङ्गलादेशी सञ्चालक मोहमद युनुसले नोबेल शान्ति पुरष्कार नै पाए। तर कार्यक्रम शुरूवात गर्ने देश नेपाल भने राजनीतिक सङ्क्रमणमा परेर विस्तार र प्रचार प्रसार गर्न सकेन।

पञ्चायत कालमा अधिराज्यभरि विस्तार भएर ४२५ भन्दा बढी आयोजनाले महिलालाई साक्षर बनाउनुका साथै महिलामा जागरण ल्याई आर्थिक तथा सामाजिक रूपमा महिलालाई सक्षम बनाउन ठूलो भूमिका खेलेको थियो । तर २०४६ सालको राजनीतिक परिवर्तनले गाउँ पञ्चायतलाई गाउँ विकास समितिमा परिणत गरे जसरी यसलाई पञ्चायतको नासो भनेर बेवास्ता गरे।

फलतः राजनीतिक भुँवरीमा परेर यसको अवसान नभए पनि जुन उद्देश्यका साथ साना किसान आयोजनामार्फत स्थानीय स्तरका महिलाका लागि तालिम, प्रौढ शिक्षा, व्यवसायिक उद्यमशीलता, कृषि तथा व्यवसायिक उत्पादन, पशु व्यावसाय तथा सानातिना व्यावसायका लागि कार्यक्रम सञ्चालित भएपनि राजनीतिक नेतृत्वले चासो नदिदा कार्यक्रमले सफलता पाउन सकेन।

साना किसान विकास कार्यक्रम कै सिको गरेर २०४६ सालको परिवर्तनपछि धेरै एन.जी.ओ. र आईएनजीओहरू खुले। नाफ फरक फरक राखिए पनि उद्देश्य भने साना किसानसँग मिल्दो जुल्दो नै थिए। नयाँ खुलेका एनजीओहरूले साना किसान विकास आयोजनाले गठन गरेको समूहलाई नै आधार बनाई विभिन्न तालिम, अनुदान र सीपका कामहरू गर्न थाले।

यही मेसोमा नेपाल ग्रामीण सामज विकास केन्द्रले गैरसरकारी संस्थाका रूपमा २०५० सालमा स्थापना भई सामूहिक अवधारणामा महिला सङ्गठित गरी आर्थिक उपार्जन गराउने उद्देश्यसाथ सुनसरीको दक्षिणी क्षेत्र हरिनगरा र देवानगञ्ज गाउँ विकास समितिमा काम शुरूवात गरेको थियो।

समाजमा घुम्टोसमेत उठाउन नसक्ने अवस्थाका ग्रामीण महिलाहरु बोल्न समेत लजाउँथे, श्रीमान्को आदेशविना घरचौका बाहेक अन्यत्र कामका लागि जान नसक्ने अवस्थाका थिए। घुम्टो भित्र रहेको समुदायलाई सङ्गठित गरी कार्यक्रम सञ्चालन गर्नु कम चुनौतीको काम थिएन् । आवत जावतको सुविधान भएको, आर्थिक क्रियाकलाप नभएको, महिलाहरू घुम्टोभित्रै रहने, बोल्न सकस मान्ने, नयाँ कार्यक्रम स्थानीय समुदायले पनि सहजै आत्मसात गर्न नसकेको अवस्थाको महिला समाजलाई साक्षर बनाएर, तालिम दिएर, आर्थिक क्रियाकलापमा सहभागी गराएर, घाम पानी, बासको असुविधा हुँदाहुँदै पनि अहोरात्र खटेर जागरूक गराउनु सानो उपलब्धि होइन।

समाजविकास केन्द्रले १० वर्षको अवधि पार गरेपछि सोही अपलब्धिको आधारमा नेरूडे लघुवित्त विकास बैंक स्थापना गर्न सक्षम भयो । यसैकै सेरोफेरोमा रहेर निकालिएको 'विपन्नता विरूद्धको अभियान' नामक पुस्तिकाबारे कही सान्दर्भिक चर्चा सङ्क्षेपमा गरिएको छ।

पुस्तिकामा एनजिओ खोल्दा गरेको मिहेनत, सकसका साथै सामाजिक स्थिति, व्यवहार र वातावरणलाई समेत प्रभावमा राखी महिलालाई साक्षर गराएको, प्राप्त तालिमबाट व्यावसाय गरी

आर्थिक उपार्जनको माध्यमले महिला बीच खुलेर अन्तरक्रिया गर्न सक्षम भएको र पुरुषसँगै हामी महिला पनि केही गर्न सक्दछौं भन्ने आत्मबल प्राप्त गर्न सक्षम गराउनु महत्वपूर्ण उपलब्धि हो।

कथानक पारामा तयार गरिएको पुस्तिकामा समाज विकास केन्द्रका सञ्चालक र सम्बद्ध व्यक्तिले गरेको काम, पुऱ्याएको सहयोग, योगदानलाई सविस्तार वर्णन गरिएको छ। अर्थात् यसमा परेका धेरै कुराहरू व्यक्तिको दैनिकी टिपोटलाई विस्तार गरी पूर्ण गरिएको छ। पुस्तकमा लेखिएका कुराहरू दोहोऱ्याई तेहोऱ्याई पनि भएका छन्।

समाजविकास केन्द्रको गतिविधि प्रमुखबाट अविछिन्न मेहेनतको फल भएपनि नाम धेरै ठाउँमा छरपष्ट हुनु सम्पादन शिकारुले गरे जस्तै भएको छ। साथै लेखन सिलसिलेबर नहुँदा एक किसिमको कुरा आउँदै गरेकोमा अर्को प्रसङ्ग जोडिदिनाले पाठक अल्मलिने, एउटै कुरा पटक पटक दोहोरिदा यो सानो पुस्तिका तयारीमा पत्रकारिता वरालिएको हो कि ?

अन्तमा पुस्तिकामा महिला समूह गठन, तालिम तथा आर्थिक र सामाजिक क्रियाकलापले समुदायमा पारेको प्रभाव अर्थात् एक दशकको अवधिमा महिला समूह गठन, सदस्य सङ्ख्या, तालिम विवरण, महिलाको सामूहिक व्यावसाय, उत्पादन तथा पालनको काम गरेर आर्थिक उपार्जन गरे वा स्वरोजगार बनेको वास्तविकतालाई तथ्याङ्कीय आधार प्रष्ट पार्न सकेको भए पुस्तिका सान्दर्भिक तथा समुचीत हुने थियो।

●●

# सक्षम नेतृत्व, प्रभावकारी संस्था



**प्रकाश पोखरेल**

नेपाल ग्रामीण विकास समाज केन्द्र (एनआरडिएससी) वि.सं. २०५० साल कात्तिक ३ गते जिल्ला प्रशासन कार्यालय मोरङमा दर्ता भई सामाजिक क्षेत्रमा अग्रणी भूमिका खेल्दै आएको छ। समाजका जल्दाबल्दा सवालहरुको उठान र कार्यान्वयनमा र सचेतना अभियानमा निकै अग्रस्थानमा रहेको देखिन्छ।

संस्थाको प्रजातान्त्रिक कार्यशैली सवल नेतृत्वले सस्थागत विकास समन्वय तथा दिगोपनाका लागि मोरङ जिल्लामा मात्र  नभई प्रदेश नम्वर १ मा अग्रज स्थानमा छ।

सामाजिक सवालहरुमा समसामयिकताका कारण यो सस्थाको भूमिका महत्वपूर्ण देखिन्छ । सस्थाका अध्यक्ष मणिकुमार अर्ज्यालको आत्मविश्वास तथा सक्षम नेतृत्वका कारण  ज्येष्ठ नागरिकहरुको सवाल, कानुनी अधिकार तथा व्यवस्थापनमा खेलेको भूमिका  सराहनीय छ । स्थानीय तहमा सचेतना बौद्धिक वर्गसँग अन्तरक्रिया छलफल तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरुले  सस्थालाई ज्येष्ठ नागरिकहरुको व्यवस्थापन तथा अधिकारको कार्यान्वयनमा निकै महत्वपूर्ण भूमिका खेलेको छ । सस्थाका अध्यक्ष मणिकुमार अर्ज्याल  नेतृत्वमा रहेको केन्द्रको प्रतिबद्धता, लगनशीलता, सक्रियताका कारण आज ज्येष्ठ नागरिकहरुको सवाल मोरङ जिल्लामा छलफलको विषय बनेको छ। ज्येष्ठ नागरिकका लागि राज्यले निर्माण गरेको  नीति नियमहरुको कार्यन्वयन तथा ज्येष्ठ नागरिकहरु चौतारी र आश्रमका बारेमा स्थानीय तह लगायत टोलविकास संस्था समूहहरुमा छलफलको विषय बनेसँगै कार्यन्यन पक्षको पनि  सुरुवातसमेत भएको छ।

७० वर्ष उमेर पुग्दा पनि ज्येष्ठ नागरिकहरुका सवाललाई व्यवस्थित गर्न प्रतिबद्धताका साथ अध्यक्ष ज्यु सकृय रहनुभएको छ। सामाजिक उत्तरदायित्व प्रतिवद्धता र मिशन भएमा जुनसुकै कार्य गर्न पनि सहज  हुन्छ भन्ने उदारण प्रस्तुत भएको छ।

सस्थाको रजत जयन्ती तथा अध्यक्षज्यूको सवल नेतृत्वमा संस्थाको उत्तर उत्तर प्रगतिको कामना गर्दछु।

# इतिहासमा
## नेपाल ग्रामीण विकास समाज केन्द्र



**सुरेन्द्रराज भट्टराई**

२०४६ को आन्दोलनपश्चात् २०४७ सालमा नेपाल अधिराज्यको संविधान जारी भयो। संविधान जारीपछि २०४८ सालमा आम निर्वाचन सम्पन्न भयो। यो निर्वाचनमा नेपाली काग्रेसले बहुमत ल्याउँदा गिरीजाप्रसाद कोइराला प्रधानमन्त्री बन्नुभयो । तर त्यो सरकारले पञ्चायती शासनकालमा नियुक्त भएका कर्मचारीलाई २० वर्षे प्रावधान ल्याएर सरकारी, अर्ध सरकारी संस्थानका कर्मचारीलाई स्वेच्छिक अवकाश र वर्खास्त गर्ने काम गऱ्यो। मणिकुमार अर्ज्याल नेपाल बैंकमा कार्यरत हुनुहुन्थ्यो। भय र त्रासबाट बाध्यतावश उहाँले राजिनामा दिनुभयो। त्यस पश्चात् व्यापार व्यावसायतर्फ लाग्नु भएको थियो। सोही क्रममा रेयुकाई संस्थामा आवद्ध हुनुभयो।

सामाजिक कार्यमा लाग्दा ग्रामीण क्षेत्रमा रहेका विपन्न वर्गको आर्थिक तथा सामाजिक अवस्था बुझ्ने राम्रो अवसर प्राप्त गर्नुभयो। गर्दै आएको व्यापार व्यवसाय छाडी सामाजिक कार्य गर्नका निम्ति "नेपाल ग्रामीण विकास समाज केन्द्र" नामक संस्था सञ्चालनमा ल्याउनुभयो। जुन संस्था २०५० कार्तिक ३ गते जिल्ला प्रशासन कार्यालय मोरङमा दर्ता भयो। संस्था सञ्चालनका लागि भुवनेश्वर मण्डल, हरिप्रसाद पोखरेल, गायत्री नेपालसहितको छरितो टीम बन्यो। संस्था दर्ता भएपछि "भगवान जो करताहे ठीक करताहे" भन्ने वाक्यांशलाई चरितार्थ गर्ने कार्यको थालनी भयो।

संस्था दर्ता भएपछि स-साना कार्यक्रमको माध्यमबाट समाजमा रहेका कुरिति, कुसंस्कार, अन्धविश्वासलाई हटाउन र आयआर्जन बढाउने उद्देश्यका बालशिक्षा, साक्षरता कार्यक्रम सँगसँगै सिलाइ बुनाइलगायतका कल्याणकारी कार्यको थालनी भयो।

मलाई अहिले पनि कृषि विकास बैंकको जागिर छदा शनिवारको दिन हिसाब किताब राखिदिएको सम्झना छ। मोरङ र सुनसरी जिल्लाका ग्रामीण क्षेत्रमा सञ्चालन भएका कार्यक्रममा संस्थाका पदधिकारीहरुको परिश्रम र मिहिनेत सम्झन लायक छ। त्यसमा मणिकुमार अर्ज्याल र गायत्री नेपालको दु:ख, कष्ट शब्दमा व्यक्त गर्न  गाह्रो छ।

समाजले एउटा असल व्यक्तित्व, उसको काम, मिहिनेत, त्याग, लगनशीलता, निष्ठा, इमान्दारिताको कदर गर्न जान्दैन । समाज भ्रष्ट, बेइमान, लुटेराहरुको सम्मानमा केन्द्रित भएको देख्दा  दुःख लाग्छ।

ग्रामीण क्षेत्रका विपन्न तथा मध्यम वर्गका जनतालाई कृषि उत्पादन गर्न, सामाजिक कार्य गर्न, आयआर्जन गर्न रकमको आवश्यकता पर्दा साहु महाजनको ३६,४८,६० प्रतिशत सम्ममा ब्याजदरमा ऋण काट्नुपर्ने बाध्यता थियो । रु.१०० साँवाको १ मन ब्याज बापतका दरले लिएको ऋण तिर्नुपर्दा ऋण लिने व्यक्ति कहिलै माथि उठ्न सक्दैनथ्यो । दर्दनाक परिवेश भएको समाजलाई माथि उकास्न नेपाल ग्रामीण विकास समाज केन्द्रको ठूलो योगदान छ । साहूमहाजनको चर्को ब्याजदरले शोषित जनतालाई सहज रुपमा सहुलियत दरमा ऋण प्रवाह गर्न २०५७ सालबाट नेपाल राष्ट्र बैंकबाट स्वीकृति लिई कामम सुरु गरेको थियो ।

समाजको विकृत रुपलाई क्रमशः समानतातर्फ लैजाने क्रममा छुट्टै लघुवित्त संस्थाको आवश्यकता देखिन थाल्यो । संस्थाका पदाधिकारीहरुले त्यो आवश्यकता पूरा गर्न नेपाल राष्ट्र बैंकमा संस्था दर्ता गर्न साथी भाइ, इष्टमित्र खोज्न थाल्नुभयो । पूँजी सङ्कलन भयो । नेपाल राष्ट्र बैकबाट स्वीकृति लिई २०६४ आषाढ १ गतेदेखि “नेरुडे लघु वित्त वित्तिय संस्था” स्थापना भयो । जसको केन्द्रीय कार्यालय    विराटनगरमा राखियो ।

लघुवित्त वित्तीय संस्था स्थापना गर्न हामीलाई करीब ४ वर्ष लाग्यो । त्यस बेला ६ वर्षदेखि नेपाल राष्ट्र बैंकमा कसैले पनि लघुवित्त स्थापना गर्ने हिम्मत गरेका थिएनन् । हामीलाई पनि पूजी जुटाउन धेरै गाह्रो भयो । एक किसिमले चन्दा संकलन गरेजस्तै भयो । गर्दै जाँदा समस्या राम्रो आयो । तर हामीमा समस्या सँग जुध्ने साहस र काम गर्ने जागर भरपुर थियो । यसमा सफल पनि भइयो । आज नेरुडेका ८० वटा शाखा उपशाखा, ५ वटा इलाका र १ केन्द्रीय कार्यालय छ । जसमा ५ सय ५६ जनाले रोजगारीको अवसर प्राप्त गरेका छन ।

२०५० सालको सानो संस्थाले आफ्नो लक्ष्य पूरा गर्न सफल भयो । २०६४ सालदेखि जब लघुवित्त वित्तीय संस्था स्थापना भयो २/४ वर्ष सम्म नेपाल ग्रामीण विकास समाज केन्द्रको काममा शिथिलता आएजस्तो भयो । तर हाम्रो टिमले फेरि यसलाई सामाजिक सचेतना जगाउने, जेष्ठ नागरिकहरुको पीडा मर्म बुझ्ने र तिनीहरुलाई सदैव हसिलो बनाउन लाग्नुपर्छ भनी काममा अग्रसरता दिन थाल्यो ।

कृषकहरुका समस्या, कृषि उत्पादनमा वृद्धि ल्याउन गर्नुपर्ने प्रयासलाई सार्थकता दिन तालिमको समेत व्यवस्था गरियो । एक जना व्यक्तिलाई एमविविएस पढ्न रकम अभाव भएकोले पढाई पूरा भएपछि तिर्ने शर्तमा रकम उपलब्ध पनि गराइयो ।

यो संस्था सञ्चालन गर्ने क्रममा विभिन्न सङ्घ संस्थाका पदाधिकारीहरु, जिल्ला विकास समिति, नगरपालिका आदिबाट पाएको सहयोग तथा सदासयताका लागि धन्यवाद दिनैपर्छ । त्यसैगरी नेपाल राष्ट्र बैंकबाट पनि लघुवित्त स्थापना गर्ने क्रममा पाएको सहयोग र विशेष गरी गुरुप्रसाद बराल र लघुवित्त स्वीकृत गर्न नेपाल राष्ट्र बैंकको नियम कानुनलाई परिमार्जन गरी सहज बनाई स्वीकृति दिन सहयोग गर्नुहुने तात्कालीन गभर्नर श्री विजयनाथ भट्टराई पनि

धन्यवादको पात्र हुनुहुन्छ।

संस्था सञ्चालन बाहिरबाट हेर्दा सजिलो लाग्न सक्छ गर्न कठिन छ। कमाउनेका लागि रामै होला तर  यस संस्था सञ्चालन गर्ने पदाधिकारीहरुमा लोभ लालच कँही कतै देखिएन। जब हामी सामाजिक काम गर्न उद्यत हुन्छौ तब हामीले समाजलाई शिरमा राखेर काम गर्नु र्दछ ठगी खाने भाँडो बनाउनु हुँदैन। यो संस्था सामाजिक कार्यका लागि हो व्यावसायिक होइन्। व्यवसाय गर्ने अरु नै पेशा व्यवसाय छ त्यसबाट आय आर्जन गरी सम्पति कमाउन सकिन्छ। जब सामाजिक कार्य गर्दछु, विपन्न वर्गको उत्थान गर्दछु भनेर मानिस लाग्छ त्यहाँ प्राप्त हुने रकम त्यसै कार्यमा खर्च गर्नुपर्छ। जुन कुरा नेपाल ग्रामीण विकास समाज केन्द्रले पूरा गर्न सफल भएको छ।

केन्द्रको भवन उद्घाटन गर्ने क्रममा तात्कालीन उद्योग मन्त्री अष्टलक्ष्मी शाक्यले “संस्था सञ्चालन गर्ने पदाधिकारीहरुले खुब पैसा कमाए भनिन्थ्यो, तर यो संस्थाका पदाधिकारीहरुले पैसा नखाई इमान्दारितापूर्वक काम गरी ठूलो भवन संस्थाको नाममा निर्माण गर्नुभयो त्यसलाई विर्सन सक्दिन” भन्नु भयो। यो सत्य हो, वास्तविकता हो।

अन्त्यमा अब हामीले कुनै पनि दातृ निकायको मुख ताक्नुपर्दैन, हामी आफैसँग थारै भए पनि स्रोत साधन छ। त्यो थोरै स्रोत साधन कसरी कुन सामाजिक कार्यमा प्रयोग गर्ने २५ वर्ष अनुभवले निखारिएको छ। अन्त्यमा  रजतजयन्ती पूरा गरेको शुभ अवसरमा नयाँ सोच, चिन्तन र विचारका साथ अगाडि बढ्ने प्रण गर्दछौ।

जय नेपाल ग्रामीण विकास समाज केन्द्र।

●●

# सपनाझैं लाग्छन्, सङ्घर्षका ती दिनहरु



**गायत्री अर्ज्याल नेपाल**

कुनै पनि संस्था वा सङगठन दिगो हुनका लागि पहिलो सर्त संस्थाभित्रको एकता महत्वपूर्ण हुन्छ । त्यसपछि भनेको लक्ष्य, उद्देश्य, परिकल्पना र प्रतिबद्धतालगायतका धेरै कुराहरुले प्रभाव पार्छ । संस्थागत विकासमा सबै संस्थाका पदाधिकारीहरुको जिम्मेवारी र भूमिका अहम् हुन्छ । त्यसमा पनि सबैको संस्थाप्रति सकारात्मक धारणा, लगनशीलता, एकता र साझा विचार हुन आवश्यक छ।

नेपाल ग्रामीण विकास समाज केन्द्रले आफ्नो स्थापना कालको २५ औं वसन्त पूरा गरेको छ । यस रजत जयन्तीको अवसरमा संस्थालाई आजको दिनसम्म ल्याई पुर्‍याउने सम्पूर्ण पदाधिकारी र सरोकारवालाहरुलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छु।

भनिन्छ बिनासङघर्ष कुनै पनि सफलता हासिल गर्न मुस्किल छ। मैले संस्थाबाट के पाएभन्दा पनि मैले संस्थालाई के दिए भन्ने कुरा ठूलो हो । यो संस्थाको स्थापना कालदेखि अहिलेका दिनसम्म पनि समीपमा रहेर संस्थाको उन्नति प्रगतिका लागि सहयोग गरिरहेको छु । मेरो बुझाइमा नेपाल ग्रामीण विकास समाज केन्द्रलाई स्थापनाकालदेखि अहिलेसम्मका सङघर्षलाई तीन भागमा बाँडेर हेरेको छु।

**पहिलो (स्थापना कालमा भएको सङघर्ष) :**

नेपालमा स्थापनामा भएको पहिलो बैंक नेपाल बैंक लिमिटेडबाट मैले जागिरे जीवन सूरु गरे । त्यो समयमा बैंकका कर्मचारीहरुमा कामको पनि खासै चाप हुँदैन थियो । हामी आफ्नो जिम्माको काम सकेर साथीहरुसँग गफ गर्न र सुइटर बुन्नसमेत समय भ्याउथ्यौं । अहिले त बैंकका कर्मचारीहरुले अगाडि आएको चिया पनि खान भ्याउदैनन् । सबै कुरा समयसँगै परिवर्तन हुँदो रहेछ । त्यो बेलाको समयमा घरायसी काम सकेर अफिसमा गएर

काम गर्ने महिलाहरु १-२ मात्रै हुन्थे । महिलाहरुले खुल्ला रुपमा हिड्न हुँदैन्, महिलाहरु भनेका चुलो चौकामा मात्रै सीमिति हुनुपर्छ भन्ने मानसिकता समाजमा थियो । महिलाप्रति हेरिने निम्नस्तरको सोच परिवर्तन गर्नुपर्दछ भन्ने लाग्थ्यो । त्यसका लागि बैंकबाट अभियान चलाउन सम्भव थिएन ।

समय बित्दै गयो म र मेरा श्रीमान् दुबैले नेपाल बैंकबाट स्वेच्छिक अवकाश लियौं । खासमा अवकाश भनेको जागिरपछिको जीवनलाई थकाई गर्न, तीर्थ व्रत गर्न र घरैमा बसी बसी रिटायर्ड जीवन बिताउन भनेर दिएको थियो । तर मलाई त्यो समयमा अवकाश लिदाँ आफूले अझै धेरै गर्नु छ भन्ने लागेको थियो । जागिरपछि घर बसेर समय बिताउनु हुदैन भन्ने थियो । केही न केही नगरी घर बसेर समय कसरी बिताउने भन्ने चिन्ता थियो । बैंकबाट अवकाश पाउने साथीहरुबीच छलफल हुँदा केही गरौं यतिकै बसेर समय खेर नफालौं भन्ने साझा धारण बन्यो । हामीले सबै जना मिलेर विराटनगरको हिमालय रोडमा कम्प्युटर पढाउने मोर्डन कम्प्यूटर इन्स्टिच्युट सुरु गर्‍यौं । त्यो व्यवसाय राम्रो नै चल्दै थियो । त्यसमा हामी सबै परिवारको सहयोग थियो । अवकाशपछिको जीवनमा व्यापार गर्ने भन्दा पनि सामाजिक सेवा गर्न र समाजमा महिलालाई हेरिने दृष्टिकोण र सोचमा परिर्वतन गरी उनीहरुको क्षमता वृद्धि गर्ने कार्य गर्ने भित्री इच्छा थियो ।

लिवो तजुको एउटा भनाई छ "हजार माइलको यात्रा एक पाइलाबाट नै सुरु हुन्छ ।" तर त्यसका लागि निरन्तर पाइलाहरुलाई अगाडि बढाउन जरुरी छ । हो, सुरुका दिनमा श्रीमान्सँग सल्लाह गरी सामाजिक संस्था खोल्ने निर्णयमा पुगियो । सोही सल्लाहअनुसार हामीले वि.सं. २०५० सालमा नेपाल ग्रामीण विकास समाज केन्द्र जिल्ला प्रशासन कार्यालय मोरङमा दर्ता गर्‍यौं । संस्था दर्ता भएपछि संस्था सञ्चालन गर्न सङघर्षको दिनहरु सुरु भए । संस्थालाई स्थापना गर्न जति सजिलो थियो त्यो भन्दा सयौं गुणा गाह्रो त्यसलाई संस्थागत गर्न थियो ।

सुरुका दिनमा हामीले ऋषिराम अर्ज्यालको घरको एउटा कोठामा संस्थाको कार्यालय राखेर सञ्चालन गर्‍यौं । उहाँ संस्थापक सचिव पनि हुनुहुन्थ्यो । संस्थासँग आफ्नो कुनै स्रोत नभएकोले भाडा तिर्न सक्ने अवस्था थिएन । अब के गर्ने त भन्ने कुरा भए पछि हामीले सो संस्थालाई आफ्नै घरको एक कोठामा सार्‍यौं । त्यसो गर्दा संस्थाको भाडा तिर्न नपर्ने र चाहेको समयमा काम गर्न सहज भयो । हामीले सुरुमा आफैले आर्थिक स्रोत जुटाएर बखरी र टंकीसिनवारीमा सिलाइ कटाइ तालिम सुरु गर्‍यौं । त्यो कामले समाजमा पारेको प्रभाव र हाम्रो कामको मुल्याङकन गरेर एक अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले केही सहयोग गर्ने प्रतिबद्धता जनायो । हामीले संचालन गरेका कम्प्युटर पढाउने काम छोडेर पूर्ण रुपमा संस्थातिर केन्द्रित भयौं । त्यस बेला लिएका कम्प्युटरहरु नै यस संस्थाको काममा प्रयोग भए ।

हामीले गाउँगाउँमा गएर आफ्ना कामहरु सञ्चालन गर्दा त्यो समयमा ठूलो चुनौतीहरुको सामाना गर्नुपरको थियो । अवकाश लिएर पनि घरपरिवार र नानीहरुलाई समय दिनुको सट्टा संस्थामा दुःख गरेको देखेर आफन्त, इष्टमित्र र छरछिमेकीले कुरा गर्थे ।

अवकाशपछि ढुक्कसँग मीठो मीठो खाएर नबसेर केका लागि यति मरिहत्ते गरेर लागेको होला । के नै कुराको नपुग्दो छ र सबै पुग्दो हुदाँहुदै पनि यतिका दुःख आखिर के का लागि ? आफन्त र छिमेकीका कुरा यस्तै यस्तै हुन्थे । हामीले ती कुराहरुलाई वास्तै गरेनौ । समज परिवर्तन गर्ने लक्ष्य पूरा गर्न निरन्तर लागि रह्यौ ।

बिस्तारै बिस्तारै संस्थाबाट बालकक्षा, प्रौढकक्षा र सचेतनाका कार्यक्रमहरु गाउँस्तरसम्म सञ्चालन गर्न थाल्यौ । त्यो बेला ग्रामीण भेगमा गएर काम गर्नु निकै चुनौतीपूर्ण थियो । सुनसरी जिल्लाका दक्षिणी क्षेत्रका महिलाहरुलाई लक्षित गरी सचेतना कार्यक्रमहरु गर्न सुरु गर्दा ग्रामीण भेगमा घुगटप्रथा, बालविवाह, दाइजो, अशिक्षा, कुपोषण जस्ता अनेकन समस्याहरु थिए । ग्रामीण भेगमा सबैभन्दा ठूलो समस्या भनेको अन्धविश्वास, कुरिति र अशिक्षा थियो । हामीले ती कुरितिहरुलाई चिर्दै त्यहाँका महिलाहरुलाई कसरी आत्मनिर्भर बनाउने, छोराछोरीलाई विद्यालय पठाउनुपर्ने, बचत परिचालन, समूहको तागत, प्रारम्भिक स्वास्थ्य शिक्षाको प्रभावकारी कार्यहरु गर्न थाल्यौ । हाम्रा लक्षित समुदायहरु भनेका मधेशका गाउँका महिलाहरु थिए, उनीहरुसँग घुलमिल हुनु चुनौतीपूर्ण विषय थियो ।

मुख्य कुरा उनीहरु र हामी बीच भाषा र समुदाय मिल्दैन थियो । ती समुदायहरुलाई सचेतना तालिम दिने मेरो जिम्मेवारी आफैमा चुनौतीपूर्ण थियो ।

मोरङ र सुनसरीका ग्रामीण क्षेत्रमा सञ्चालनमा रहेका बालकक्षाका साहजकर्ताहरुलाई मासिक रुपमा तलब वितरण गर्न र ती कक्षाको अनुगमन गर्न म र श्रीमानको निजी मोटरसाइकलमा गाउँगाउँ पुग्नुपर्थ्यो । एक दिनको घटना 'सुनसरी जिल्लाको रासी गाविसमा तालिम सञ्चालन गर्न जानुपर्ने थियो । त्यहाँसम्म जानको लागि यातायातको कुनै पनि साधान पाउन सकिएन र हामीले बयलगाढामा जानुपर्‍यों । सबैजना चढेपछि म पनि चढे । घोडावाला टाँगामा चढेको भए पनि जीवनमा पहिले बयलगाढाको यात्रा मेरो पहिलो अनुभव थियो । चढ्नलाई जसोतसो चढेको भए पनि ओर्लने बेलामा मलाई ठूलो समस्या परेको थियो । ओर्लन खोज्दा म लडें । लड्दा मेरो आँखामा ठूलो चोट लाग्यो ।' जीवनको त्यो क्षण म कहिल्यै बिर्सन सक्दिन । रहनसहन, संस्कृति र भौगोलिक विकटताका कारण पनि कार्यक्षेत्रसम्म पुग्न गाह्रो थियो । फिल्ड गएको समयमा फर्किन नसक्ने अवस्था आउँदा गाउँमै बस्नुपर्ने बाध्यता पनि थियो । कति पटक त गाउँमा बस्ने बाँस नपाउँदा घरको आँगनमा आकाशको छानो बनाएर पनि हामीले धेरै रातहरु काटेका पलहरु सम्झदा अहिले अचम्म लाग्छ । कहिले काँही त्रिपाल लागाएर, पाल टाँगेर र स्कुलहरुमा बाँस बसेर पनि अभियानहरु सञ्चालन गरेका यादहरु त अनगिन्ती छन् ।

यस्तो अवस्थामा पनि गरिब विपन्न महिलाहरुलाई सचेतना कार्यक्रमको ज्ञान दिन पाउँदा र उनीहरुले आफ्नो दुःखहरु हामीसँग सुनाएको र यस्ता कार्यक्रमहरुले आफ्नो जीवन परिवर्तन गरेको सुन्न पाउँदा भित्र मनदेखि नै आनन्दको महसुस हुन्थ्यो ।

हाम्रा छिमेकी,आफन्त चिन्ने जानेकाहरु हामीले गरेको दुःख देखेर अनि अध्ययनरत छोरीहरुलाई मात्र छोडेर गाउँगाउँ जाँदा केका लागि यति दुःख गर्नुपरेको होला भनेर सम्झाई

बुझाइ गर्थे । त्यो बेलाका सङघर्षका दिनहरु सम्झँदा अहिले सपना जस्तो लाग्छ । यसरी सुरुका दिनमा भएका अभियानहरुले संस्थालाई स्थापित गर्न सक्षम भयौं । गाउँमा महिलाहरु जागृत र सशक्तीकरण भई आफैले अभियानहरु सञ्चालन गर्न थाले । दिनभर तासखेल्ने र समय बिताउने पुरुषहरुलाई सम्झाइबुझाइ गरी आ-आफ्नै काम गर्न उत्प्रेरणा जगाउने कामहरु हुन थालेका थिए । छोराछोरीलाई विद्यालय पठाउन थालिएको थियो । हाम्रो अभियानलाई सुरुका दिनमा विरोध गर्नेहरु पनि अभियानमा साथ दिन थालेका थिए । गाउँका गन्नेमान्नेहरु र सबै पुरुषहरुले ले पनि सहयोग गर्न थालेका थिए ।

**दोश्रो (बीचका दिनहरुमा भएका संर्घष) :**

जब संस्थाले आफ्नो कार्यक्रमहरुको प्रभावकारिता बढायो, त्यसपछिका दिनमा संस्थालाई धेरै कर्मचारीहरु र कार्यालयको आवश्यकता पर्न थाल्यो । कामसँगै विभिन्न आवश्यकताहरुको वृद्धि हुन स्वाभाविक पनि थियो । महिला सशक्तीकरण तालिम, क्षमता विकास र सीप विकास तालिमहरु, अनौपचारिक शिक्षा कार्यक्रम, बाल कक्षा, प्रौढ कक्षालगायतको कार्यहरु गाउँ गाउँमा सुरु भयो । हामीलाई गाउँमा सबैले चिन्न थाले हाम्रो टिम पनि बढ्दै गयो । विराटनगरको वडा नं. ९ भानु टोलमा संस्थाको आफ्नै दुई तले भवन छ । हामीले बनाएका समूहहरुलाई प्रतिव्यक्ति रु.१०।- का दरले मासिक बचत सङकलन कार्यक्रमको अवधारणा सुरु गऱ्यौं । बचत रकमबाट नै कर्जा लिन सक्ने अनि सामूहिक भावनाको विकास हुने लगायतका कामहरु भयो । त्यो वित्तीय कारोबारसम्बन्धी कार्यक्रमको यति व्यापकता पायो, जसले गर्दा त्यसको वैधानिकता र व्यवस्थापनका लागि संस्थाले वित्तीय कारोबार गर्न राष्ट्र बैंकसँग स्वीकृति लिई कार्यहरु अघि बढ्यो । आखिरमा संस्थाको सफलतातर्फ बढदै गयो र पूर्वाञ्चलको पहिलो नेरुडे लघुवित्त वित्तीय संस्था स्थापना गर्न सफल भयो जसमा यसै संस्थाको अधिकतम शेयर पुंजी रहेको छ ।

**अहिलेको अवस्था (विध्यमान सङघर्ष) :**

जब संस्थाले आफ्नो वित्तीय कारोबार लघुवित्तमार्फत सुरु गर्ने भयो त्यसपश्चात्का दिनमा संस्थातर्फका गतिविधिहरु कम हुनु स्वाभाविक थियो । संस्थााको पूरै टिम नै यता आएपश्चात् त्यसलाई धेरै समय दिन सकिएन । विभिन्न समयमा विभिन्न संघ संस्थाहरु दर्ता हुन्छन्, बन्द हुन्छन्, तर कमै मात्र संस्थाले आफूलाई समय सापेक्ष रुपमा स्थापित गर्न सक्छन् । जसका लागि निन्तर प्रयास आवश्यक छ । संस्था जन्माउन जति सहज छ त्योभन्दा कयौं गुणा बढी त्यसलाई जीवन्त राख्न गाह्रो छ । कुनै पनि कुरालाई जीवन्त राख्न निरन्तर सङघर्ष र समय सापेक्ष परिवर्तन आवश्यक छ । सुरुको अवस्था र अहिलेको दिन तुलना गर्ने हो भने तुलना नै गर्न सकिदैन । संस्थाले गरेको अहिलेको यो सफलता सुरुका दिनमा भएका सङघर्षमा आकाश जमिनको फरक छ ।

पछिल्लो समयमा यस संस्थाले ज्येष्ठ नागरिकको क्षेत्रमा गरिएका सबै कार्यक्रमहरुमा मेरो सहभागिता रहन्छ । ज्येष्ठ नागरिकहरुको हक हित र अधिकारका क्षेत्रमा गरिएको अहिलेको

अभियान प्रशंसनीय छ। त्यसैगरी समाजमा पारदर्शिता, जवाफदेहिता र सुशासन स्थापना गर्न र भ्रष्टाचार न्यूनीकरण गर्न सूचनाको हकलाई गाउँ गाउँ स्तरसम्म गरिएको यो अभियानले राम्रो प्रभाव परेको सुन्न पाउँदा खुशी लाग्छ।

वास्तवमा संस्था आफैमा मूर्त चीज हो। यो एउटा गाडी जस्तो हो, राम्रो रेखदेख गरे राम्रोसँग चल्छ। लापरवाही गरे छिटै बिग्रिने भत्कने मात्रै होइन दुर्घटना पनि हुन सक्छ। तर संस्थालाई जे गरेपनि उसले कहिल्यै मलाई किन यसो नगरेको भन्दैन। त्यसलाई राम्रो सँग कुदाउँदा र स-कुशल अगाडि बढाउन त्यसको चालकको ठूलो भूमिका रहन्छ। त्यसैले संस्था दिघो र सफल बनाउन निरन्तरको प्रयास आवश्यक छ। जस्तो चुनौती र सङ्घर्षको बावजुद पनि निरन्तर कार्य सके सफलता नजिक हुनेछ। निरन्तरता नै सफलताको कडी हो।

●●

# समस्याबाट भागेर होइन, जुधेर सफलता प्राप्त हुन्छ



**भागनारायण साहु**

सर्वप्रथम नेपाल ग्रामीण विकास समाज केन्द्र (एनआरडिएससी) लाई पच्चीस वर्ष पूरा गरेको अवसरमा हार्दिक बधाई तथा शुभकाना व्यक्त गर्न चाहन्छु। रजत्तजयन्ती स्मारिकामा मेरा भावना र अनुभवहरुलाई पनि स्थान दिनुभएकोमा म अत्यन्त खुसी छु। संस्थालाई आजको दिनसम्म ल्याउने सबै कार्य समितिका पदाधिकारीहरु, कर्मचारीहरु, लक्षित समुदायहरु र विशेष गरी मूख्य जिम्मेवारी वहन गरिरहनुभएका सभापति श्रद्धेय मणिकुमार अर्ज्यालप्रति मुरी मुरी धन्यवाद तथा कृतज्ञता टक्याउन चाहन्छु।

एनआरडिएससीको रजत्त जयन्तीले मलाई किन उत्साहित बनायो भने यो संस्थाबाट मेरो जागिरे जीवनको  सुरुवात भएको हो। जागिरे जीवन सुरु गर्नुभन्दा पहिले २०५४ सालको स्थानीय निकायको चुनावमा  सुनसरी सत्तेरझोरा गाविसको उपाध्यक्ष पदमा रहेर ५ वर्ष अर्थात् २०५९ सम्म जनप्रतिनिधि भएर काम गरे।

पदावधि समाप्त भए पनि गाउँमा केही विकास गर्नुपर्छ भन्ने भावना मनमा थियो। हुने खानेहरुले आफ्ना छोराछोरीलाई इनरुवा, विराटनगर, काठमाडौं लगायतका सहरहरुमा लगेर अंग्रेजी माध्यमबाट पढाउने गरेका थिए। सामान्य परिवारले भने आर्थिक र बाटोघाटोको कारण पढाउन सकिरहेका थिएनन। गाउँमा अङग्रेजी शिक्षाको माग बढेको थियो। मैले सोहि गाउँमा अङग्रेजी शिक्षा प्रदान गर्ने उद्देश्यले २०६० मा राइजिङ्ग पब्लिक एकेडमी प्रा.लि.नामको बोडिङ्ग स्कुल स्थापना गरे। जसको प्रिन्सिपल म आफै बने। शैक्षिक सेवा त सुरु भयो तर त्यो बेलाको समयमा विद्यार्थी कम र थोरै शुल्क भएका कारण आम्दानी पनि कमै थियो।

समयक्रमसँगै परिवारिक जिम्मेवारी बढ्दै जाँदा जागिर खाने विचार मनमा पलाउँदै गयो। तर भने जस्तो जागिर पाउन निकै कठिन थियो। केही समय सरकारी जागिर गर्ने विचारले लोकसेवाको तयारी पनि गर्दै थिए। तयारीकै क्रममा नेपाल ग्रामीण विकास समाज केन्द्रमा शाखा प्रबन्धक पदको लागि विज्ञापन खुल्यो। नियमानुसार जाँच दिई २०६१ सालको भदौ १ गतेबाट शाखा

प्रबन्धक पदमा नियुक्त भई न्यून आय भएका गरिब तथा विपन्न वर्गका महिलाहरुको आर्थिक, समाजिक तथा चेतनाको स्तरमा सुधार ल्याई उनीहरुको जीवनस्तरमा परिवर्तन गर्दै आत्मनिर्भर बनाउने कार्यमा निरन्तर लागियो ।

यस्तो महान उद्देश्यका साथ स्थापना भएको यस संस्थाले महिला सशक्तीकरण र सामाजिक रुपान्तरणमा महत्वपूर्ण भूमिका खेल्ने संस्थाका कार्यसमितिहरुलाई धन्यवाद दिन चाहन्छु । यस संस्थाले समाजमा रहेको असमानता विभेदबाट उपेक्षित विपन्न परिवारका महिलाहरुको जीवनस्तरमाथि उठाउन लघुवित्त कार्यक्रम अन्तर्गत कर्जा, बचत, कोष, बिमा मार्फत स्वरोजगारी सृजना गरी जीवनस्तरमा सुधार त्याउने उद्देश्य सहित शाखा प्रबन्धकको रुपमा ३ वर्ष सेवा गर्ने मौका पाँए ।

सुरुवातको समयमा संस्थाले मलाई सुनसरी जिल्लाको झुम्का गाविसको सबै भन्दा ठूलो वडा नम्बर ५ मा पीआरए गरी प्रतिवेदन पेश गर्ने जिम्मेवारी दिएको थियो । सो कार्यका लागि तात्कालीन गाविस उपाध्यक्ष नारायण काफले र वडा सदस्य उमा कोइरालाको सहयोगमा प्रत्येक वडावासीको घरमा पुगेर फर्मेटअनुसार सबै तथ्याङ्क लिने काम गरेको थिए । त्यहाँको आर्थिक, सामाजिक, बजार, विपन्नवर्ग, उनीहरुसंग भएको जग्गा जमिनको अवस्था, व्यपार व्यवसाय लगायतको वारेमा पीआरएको विधिबाट विस्तृत प्रतिवेदन तयार गरेको थिए । त्यो कार्यबाट मैले PRA (Participatary Rural appraisal) गर्न जानेकोमा कार्यकारी निर्देशक मणिकुमार अर्ज्याल तथा तात्कालिन प्रशासन विभाग प्रमुख फनिलाल चौधरी सर पीआरएका गुरुको रुपमा रहनुभयो । सो वडामा धेरै घरधुरी रहेकोले समयमै सबैको तथ्याङ्क संकलन गर्न सकिदैंन कि भन्दा उहाँहरुले समाजिक कार्य भनि बिहान बेलुका नभनी हिम्मतका साथ लाग्नुपर्छ भन्नुभयो । सोही बेला निरन्तर प्रयास गर्दा सफलता पाइन्छ भन्ने अनुभव प्राप्त भयो ।

संस्थाले नेपालका गाउँ र शहरी क्षेत्रका विपन्न तथा पछाडि परिएको विपन्न वर्गको आर्थिक समाजिक सास्कृतिक, शैक्षिक विकास गरी समाजिक न्याय र स्वतन्त्रतामा आधारित समाजको निमाण गर्न लक्ष्य लिएको छ । यसले स्थानीय साहू महाजन, जमिन्दार, छिमेकीहरु जो ५ प्रतिशत सयकडा तथा ६० प्रतिशत ब्याजमा ऋण लगानी गरी गरिबलाई झन् गरिब बनाउनेहरुबाट उन्मुक्ति दिलाउने काम गरेका छन् ।

२०६४ आषाढदेखि नेरुडे लघुवित्त विकास बैंकमा यस संस्थाको २५ प्रतिशत शेयर राखेर सबै वित्तीय कार्यक्रमहरु नेरुडे लघुवित्त विकास बैंकमा स्थानातरण भएसँगै कर्मचारीहरु नेरुडेमा समान पद र हैसियतमा काम गर्दै आएका छौं । यसमा संस्थाबाट बैंकमा जाँदा स्थान्तरणसम्बन्धी कार्य गर्न अनुभव समेत प्राप्त भयो । यस्तो संस्थामा काम गर्न पाउँदा मैले आफूलाई भाग्यमानी ठानेको छु । मेरो पेशागत जीवनमा आएको परिवर्तन र सफलताको मुख्य श्रेय संस्थालाई दिन चाहन्छु ।

संस्थामा सुरुमा तालिमे कर्मचारीको रुपमा नियुक्त भै ७ दिनको अभिमुखीकरण तालिम विराटनगरको जानकी सेवा सदनमा लिदा लघुवित्त भनेको के हो ? यसको व्यवस्थापन, सञ्चालन प्रक्रिया, उत्प्रेरणा, नेतृत्व, सञ्चार, जोखिम, कर्जा बचत, वीमा, संस्थाको नीति नियमबारे जानकारी

पाएको थिएँ । सोही अवसरमा २०६१/५/४ गते सिमरीया (हाल दुहवी) शाखा अन्तगतको केन्द्र बैठकको निरीक्षण गरेका अझै सम्झना छ।

लघुवित्त सञ्चालन प्रक्रियालाई समाजिक कार्यसँग जोडेर हेर्न तथा समाजिक कार्याकर्ताको रुपमा आफूलाई विकास गर्ने सोचले काम गर्दा हौसला बढदै गयो। नियुक्तिपछि शाखा कार्यालय चिमडी सुनसरीमा २०६१ भदौदेखि तालिमे शाखा प्रबन्धकको रुपमा खटिएँ । ७ दिने अभिमुखीकरण तालिम र समाजिक क्षेत्रका आफना अनुभवका अधारमा समूह केन्द्र निमार्णको कार्य गर्दा सफलता पाएँ । लेखाको काममा पनि केही फरक अनुभव गरें, आफू Accountancy & Auditing मै Master (MBA) गरेको भए पनि व्यावहारिक रुपमा लघुवित्त सम्बन्धी कारोबारको लेखा राख्ने कार्य केही फरक पाएकोले लेखाको काम सिक्ने अवसर पाए। खासगरी तलब खर्चको लेजर सवलेजर, Financial statement हरु Trail Balance, BalanceSheet, PL तैयार गर्न, लघुवित्त कार्यक्रम सम्बन्धी Monthly Report हरु बनाउने, Fund व्यवस्थापन, फिल्ड कर्मचारीहरुले सङकलन गरेको रकम प्रत्येक सदस्यको व्यक्तिगत खातामा पोष्टिङ्ग, दैनिक खाता बन्दीका कार्यहरु,  विभिन्न आम्दानी तथा खर्च शीर्षकको ब्यवस्थापन तथा बिश्लेषण गर्न सिक्ने अवसर प्राप्त भयो।

मेरोलागि लघुवित्त पहिलो पाठशाला भएको महशुश गरे। त्यसैगरी शाखा व्यवस्थापन, कर्मचारी बीच कार्य विभाजन गरी तोकिएको लक्ष्यअनुसार प्रगति हासिल गराउने, फिल्डका समस्या समाधान गर्ने तरिका, ग्राहक तथा अभिभावकहरुसँगको सम्बन्धमा विस्तार गर्ने क्षमताको विकास भएको छ । Motivation, Dedication, & Hard work, उत्प्रेरण, सर्मपन तथा लगनशीलताका साथ आफ्नो भनि काम गर्ने हो भने निर्धारित लक्ष्यसम्म अवश्य पुग्न सकिन्छ भन्ने सिकाइ रहेको छ।

शाखा कार्यालय चिमडीमा काम गदै जाँदा एक दिन अमडुवाको एउटा केन्द्रमा केही युवाहरुले आफूहरु माओवादी हुँ हामीलाइ चन्दा सहयोग नगरे किस्ता रकम सबै लुटेर लैजाने धम्की दिदा किस्ता संकलन गर्न गएका फिल्ड कर्मचारीहरु सुरेशकुमार माझी र शिवकुमार चौधरीले आफनो मोटरसाइकल, सङकलन सिट, क्यालकुलेटर लगायत सबै छोडेर भागी शाखा आइ पुग्दा तत्कालीन इलाका प्रबन्धक नवीन सुवेदी सर शाखा निरीक्षणमा आइपुग्नुभएको थियो। उहाँले आफनो मोटरसाइकल दिएर पठाउनुभयो अनि जसरी भए पनि किस्ता र सबै समान ल्याउन निर्देशन दिएकोमा मैले तत्कालीन् कार्यालय प्रमुख उत्तम अधिकारीलाई लिएरगई स्थानिय संग छलफल गरि समस्या समाधान गरी सबै सदस्यको किस्ता रकम, सङकलन सिट, क्यालकुलेटर र मोटरसाइकल लिएर आएपछि नवीन सरले धन्यवाद दिनुभएपछि म आफनो कामप्रति थप उत्साहित भएको  थिएँ।

२०६१ मङसिरमा शाखा कार्यालय चिमडीबाट सरुवा भई शाखा कार्यालय तेतरिया जाँदा त्यहँको ५६ वटा केन्द्रमध्ये २० वटा केन्द्रमा मात्र आंशिक किस्ता आउने अन्य केन्द्रहरुमा किस्ताको पूरै समस्या देखिएको थियो । भाखा नाघेको कर्जा बढदै गईरहेको अवस्था थियो, मैले शाखा चिमडीको भन्दा फरक अनुभव शाखा तेतरियामा गर्ने मैका पाएँ। त्यहा भएको भाखा नाघेका कर्जा

घटाउन कार्यालयको समय नभनी दिन रात लागि परें । कर्मचारीहरुको टिमलाई परिचालन गरें, कर्मचारीहरुबीच भाखा नाघेको कर्जा बाँडफाँड गरी उनीहरुलाई समेत मासिक साप्ताहिक लक्ष्य तोकी प्रयास गरें । कार्यप्रगतिको साप्ताहिक रुपमा समीक्षा गरी कुन क्षेत्रमा बढी समस्या छ त्यसलाई प्राथमिकतामा राखी प्रत्येक सदस्यको घरदैलोमा गई कर्जा असुलीका लागि पहल गरियो र त्यसमा स्थानीय अभिभावक भेला, वडाअध्यक्ष, गाविस अध्यक्ष, स्थानीय भद्रभलादमीहरुको सर सहयोग र केन्द्रीय कार्यालय, इलाका कार्यालयको समेत सहयोगमा भाखा नाघेको कर्जा असुल गर्दै लघुवित्त कार्यक्रमलाई विस्तार गर्न सफल भएँ । त्यसमा एनआरडीएससी केन्द्रीय कार्यालय विराटनगरले मलाई प्रशिक्षक प्रशिक्षण तालिम (ToT) मा भाग लिन काठमाण्डौ पठायो । त्यसै गरी Financial Analysis Training लिने अवसर पनि पाएँ । जसबाट समस्यको पहिचान, वित्तीय विश्लेषण,अनुपात विश्लेषण विभन्न Indicator हरुको बारेमा जानकारी प्राप्त गर्ने अवसर प्राप्त भयो । कार्यालयको काममा पाएको सफलताको पछाडी कार्य गर्न हौसला तथा तालिमको समेत अवसर दिनुहुने कार्यकारी निर्देशक श्री मणिकुमार अर्ज्याल सर प्रेरणाको मूख्य स्रोत हुनुहुन्छ।

शाखा कार्यालय तेतरियामा शाखा प्रबन्धकको हैसियतमा कार्यारत रहदा तत्कालीन विद्रोही भूमिगत माआवादीले कार्यक्रम गर्ने अवरोध गर्ने, तपाइहरुले गरिवसँग ब्याज धेरै लिनुहुन्छ, कर्जा घट्दा पनि ब्याज बराबर लिनुहुन्छ भन्दै धेरै पटक धम्की दिए । चन्दा आतङ्क मच्याउनेहरुले पटक, पटक छलफल गर्नु छ भन्दै जवरजस्ती बोलाएर लगेका केहि घटना स्मरणमा छ। एक पटक वनिगाउँको स्कुलमा र अर्कोपटक मोतीपुरको हटिया छेउमा रहेको खोला किनारमा बोलाएर संस्थाको कर्याक्रमबारे बुझ्ने, हामीलाई के कसरी सहयोग गर्नु हुन्छ, ब्याज घेरै लिनु हुन्छ भनी सोधेका थिए । त्यस बेला नडराई लघुवित्त संस्थाले, ब्याज धेरै लिने होइन बरु धेरै ब्याज लिने स्थानीय साहू महाजनबाट उन्मुक्ति दिलाउने काम गरेको भनी बुझाउने प्रयार गरे तर पनि कार्यालयमा आएर समेत बारम्बार धम्की दिने गरेका थिए।

एक पटक केन्द्र घरनिमार्णको विषयलाई लिएर भएको विवादमा बारम्बार धम्की दिदा कार्यालय समय समाप्त पछि एक्लै त्यस कार्यालयमा बस्दा कस्तो जागिरमा आएछु जस्तो पनि लाग्यो, सहन नसकी केन्द्रीय कर्यालयमा आफनो कुरा राख्दा सञ्चालक भुवनेश्वर मण्डल सर र तत्कालीन इलाका प्रबन्धक कुलमणि तिम्सिनाले समस्या समाधानका लागि पहल गर्नुभएको थियो । "समस्याबाट भागेर होइन जुधेर जितिन्छ", स्थानीयहरुसँग सदभाव सहयोग तथा माथिल्लो निकायको सुझाव निर्देशनअनुसार कार्य गदै जाँदा समस्यासँग जुधेर सफलता प्राप्त भएको आफनो अनुभव बटुलें।

लघुवित्तको कारोवार सदस्यहरुको घर दैलोमा केन्द्र निर्माण गरी सोहीमार्फत किस्ता सङकलन तथा कर्जा लगानीका प्रक्रियाकै क्रममा केन्द्रबाट किस्ता रकम सङकलन गरी शाखा कार्यालयतर्फ आउने क्रममा फिल्ड कर्मचारी सङ्गीता भगतबाट बाटोमा केही अपरिचित व्यक्तिहरुले हतियार देखाई जबरजस्ती सङ्कलन गरेको रकम भौडाहाको नहरबाट लुटपाट भयो, कर्मचारी पूरै अत्तालिएको अवस्थामा थियो, अब भोलिदेखि कसरी फिल्ड जाने डर लागि रहेको छ रुदै भनिन्, मैले सधै यस्तो हुँदैन भनी आस्वास्त पर्ने काम गरें र समाधानका लागि स्थानीय

भद्रभलादमीहरुसँग कुरा राखें । जिल्ला प्रहरीमा जानकारी गराए त्यस क्रममा जिल्ला प्रहरी कार्यालय मोरङ र स्थानीय माओवादी कार्यकर्ताको सहयोगमा चोर पत्ता लगाई प्रहरी कार्यालयमार्फत रकम असुल गरी कार्यालयमा दाखिला गरे । यसबाट Public Relation राम्रो हुदा समस्या समाधान गर्न सकिन्छ। यस्ता धेरे घटनाको अनुभव भयो।

निरीक्षणको क्रममा RMDC का कार्यकारी निर्देशक श्री शंकरमान श्रेष्ठलाई केन्द्र बैठक नं. २० निरीक्षण गराएको तथा सदस्यहरुको घर व्यवसाय स्थलगत रुपमा अवलोकन गर्दा मैले सबैको घर परिपोजना देखाए र शाखा कार्यालयको अवस्था आदिका बारेमा जानकारी गराउदा उहाँले मैले गरेको कामको सराहना गर्नुभयो। अझ ग्राहक सदस्यहरुमा लघुवित्तको कस्तो प्रभाव छ ? सदस्यको जीवनमा कस्तो परिवर्तन आयो ? त्यसको समेत लेखाजोखा गर्न सल्लाह दिदा म उत्साहित भएको थिए।

विपन्न तथा गरिब र परम्परागत रुढीवादी एव अन्धविश्वासमा जकडिएका समाजका महिला, दिदी आमाहरुको जीवनमा परिवर्तन ल्याउदै आर्थिक समाजिक प्रगतिको वैषाखी बनेर तोकिएको लक्ष्य प्राप्तिका लागि खटिएको थिएँ। फिल्डमा देखिएको जोखिम समाधानका क्रममा समयमा काम सकिदैन थियो । बेला बेला फनिलाल चौधरी सरले भन्नुहुन्थ्यो हाम्रो कार्यालयको समय भनेको “किसान उठ्दा कर्यालयको काम शुरु हुने र किसान सुत्दा मात्र कार्यालयको समय सकिने ।” उहाँको भनाईलाई मनन गरी आफु कार्यालयमा नै बस्ने भएकोले राति अबरेसम्म भए पनि सबै कार्य अध्यावधिक गरी राख्नमा सफलता प्राप्त गरे । “भन्न्छि अनुभव भनेको नै घटनाक्रमको सिकाइ र भोगाइ हो”।

संस्थाले केही ग्राहक सदस्यहरुलाई आम्मनिर्भर बनाउन उनीहरुलाई व्यवसायिक दक्षता तालिमहरु, हाउस वाइरिङ्ग, मोटरसाइकल मर्मत, सिलाइ कटाइ, भेटनरी तालिमहरु, वाल कक्षा, प्रौढ शिक्षा, सचेतना तालिम, अवलोकन भ्रमण, केन्द्र प्रमुख गोष्ठीहरु, रिफ्रेसर तालिम दिई उनिहरुको जीवनस्तरमा सहजता ल्याउन काम गरेका छ । लघुवित्तको माध्यमवाट हजारौ महिलालाई श्रम र रोजगारीमा सुनिश्चता प्रदान गरेको छ। कतिपयको जीवनमा त कायापलट नै भएको देखेको छु साथै सिकाइ र लगातार मिहिनेत  तथा लगनशीलता नै परिवर्तनको महत्वपूर्ण अधार हो भन्ने अनुभव प्राप्त गरेको छु।

**एनआरडीएससी मा रहदाँ पाएको थप केही अनुभवहरु**

- लघुवित्तको आधरभूत मान्यताहरु, समूहगत अवधारण, सानो कर्जा, बचत, वीमा, जोखिम व्यवस्थापन, कर्जा सदुपयोगीता कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन, आदि महत्वपुर्ण कुरा वारे अनुभा भयो।
- कर्मचारी तथा सदस्यमा आर्थिक अनुशासन अत्यन्त महत्व पुर्ण कुरा रहछ भनि वोध भयो।
- गरिबी कारण होइन प्रभाव हो भन्ने वोधका साथ अगाडि बढनुपर्ने।
- गरिबलाई पैसा होइन, पुंजी, सीप दिने हो तथा माछा दिने होइन माछा मार्ने सिकाउने सीप दिनु पर्छ।
- समुदायमा काम गर्दा कसरी प्रस्तुत हुने र पालना गर्ने आचरण वारे सिकें।

- कुनै पनि काम गर्दा मिहिनेत, अनुशासित, पारदर्शी, समय र सञ्चार व्यवस्थापन गरे सफलता हासिल गर्न सकिन्छ भन्ने कुरा सिक्ने राम्रो अवसर पाएँ।
- जीवनमा सफलता पाउनको लागि एउटा लक्ष्य बनाउनुपर्ने अनि प्रीप्तको प्रतिबद्ध भई निरन्तर लागि रहनुपर्ने, सकारत्मक सोच र निरन्तर प्रयास नै परिवर्तन गर्न सहयोग पुग्छ।

अन्तमा एनआरडीएससी ले आफनो स्थापनाको २५ वर्ष सफलताकासाथ पूरा गरी रजत जयन्तीको अवसरमा स्मारिक प्रकाशन गर्न लागेकोमा सफलताको शुभकामना दिन चाहन्छु। स्मारिका पाठक एव प्रयोगकर्तालाई प्रेरणदायी हुने विश्वास एव अपेक्षा राखेको छु। संस्थाको निरन्तर क्रियाशीलता र उज्ज्वल भविष्यको शुभ कामना।

●●

# एनआरडिएससिसँग गाँसिएको साइनो



**दिनेश कटुवाल**

वि.स.२०५८ सालमा विराटनगरमा एन.आर.डि.एस.सि. भन्ने संस्थामा Vacancy खुलेको छ, त्यहाँ  आवेदन दिन घरबाट फोन आयो। मैले आफन्तमार्फत शाखा प्रबन्धक पदमा भर्न आवश्यक कागजात पठाएँ। केही महिनापछि परीक्षा दिएर काठमाडौं गएँ। रिजल्ट प्रकाशित भयो , जसमा महेशमान प्रधान उतीर्ण हुनु भएको थियो । काठमाण्डौमा जागिर खाइरहेको असफल भएपनि मलाई खासै असर गरेन्  ।

वि.स.२०५९/०६० मा पून शाखा अधिकृतको Vacancy खुल्यो । आवेदन फारम भर्न छुटाइन्। केही महिनापछि परीक्षा दिएर आफ्नो काममा फर्किएँ। वि.स. २०६१ वैशाखमा लिखित परीक्षामा पास भएकाले अन्तरवर्ताका लागि बोलाइयो। अन्तरवार्ता कार्यकारी निर्देशक मणिकुमार अर्ज्याल, योजना विभागबाट फनिलाल चौधरी, वित्त विभागबाट उद्धवप्रसाद शर्मा लगायत हुनुहुन्थ्यो। मैले MBS को फाइनल परीक्षा सकेको थिएँ। मलाई MBS मा कुन विषय लिनुभएको छ भनेर प्रश्न गरियो ? मैले Profit Planning & Taxation विषय लिएको छु भन्ने जवाफ दिएँ। काठमाडौंमा बस्नुभएको यहाँ फिल्डमा काम गर्नुपर्छ, सकिन्छ सकिदैन भनेर सोध्नुभयो अन्तरवार्ता पौने घण्टा चल्यो। मैले सबैको जवाफ सहज रुपमा दिदै गएँ।  अन्तरवार्तापछि काठमाडौं नै फर्किएँ।  केही महिनापछि   फिल्ड अवधारणा परीक्षाको लागि फोन आयो। मलाई संस्थाले खनार गा.वि.स.को १ र ४ नं. वडा पि.आर.ए. गर्न एक हप्ताको समय दिएर पठायो। जे भए पनि फिल्ड अवधारणामा जानुपर्छ, मेहेनत गरें कसो सफल नभइएला भनेर फिल्ड अवधारणा परीक्षामा जाने निधो गरें । एक हप्तामा तथ्याङ्क सङ्कलन गरेर रिपोर्ट तयार गरी संस्थामा बुझाएर कर्मथलो काठामाडौं तर्फ लागें।

२०६१ भदौको तेस्रो हप्ता हुनुपर्छ एन.आर.डि.एस.सि. संस्थाको उपनिर्देशक पुर्णानन्द शर्मा सरले फोन गर्नुभएको थियो। तपाईलाई असोज १ गते देखिनियुक्ति दिने व्यवस्थापनले निर्णय गरेको छ, तपाईं असोज ३ गते अनिवार्य आउनुहोला भन्नुभयो। परिवारमा आमा मार्गदर्शक भएको

कारण आमालाई सोधें के गरौ ? आमा दाजु  र आफन्तको सल्लाहबमोजिम म नियुक्ति पत्र बुझ्ने निर्णय गरेर कर्मथलो काठमाडौं छाडेर असोज २ गते म विराटनगर आएँ।

सुनसरी जिल्लाको सत्तेरझोडा शाखामा मलाई तालिम अवधिको लागि नियुक्त गरिएको थियो। सुनसरीमै जन्मेर पनि मलाई उक्त ठाउँ कहाँ हो भन्ने थाहा थिएन र मैले मेरो ठूलो दाजुलाई लिएर गए। तातो घाम र हावालाई साइकलको पाग्राले छिछोल्दै नहरै नहर हामी दुई दाजुभाई ११ वजे सत्तेरझोडा शाखामा पुग्यौं। मलाई छोडेर दाजु घर फर्कनुभयो। म कार्यालय प्रमुखको कोठामा गएर आफ्नो नियुक्ती पत्र पेश गरें। उक्त शाखाको कार्यालय प्रमुख महेशमान प्रधान हुनुहुदो रहेछ।

मिति २०६१ कात्तिक २३ गते हाजिर हुने गरी सिमरिया उपशाखामा कार्यालय प्रमुखको जिम्मेवारीसहित मेरो सरुवा भयो। उक्त कार्यालय मैले बुझबुझारथ लिदा १४८० सदस्य थिए भने नाफा ऋणात्मक थियो। केन्द्र नं.३,४,६,१८,२७, २८ मा भाखा नाघेको कर्जा थियो भने केन्द्र नं. ६ मा अलिक जटिल समस्या रहेछ। ती सबैलाई मैले आत्मसात् गरी असुल गर्दै गएँ। सदस्य, ऋणी सदस्य, बचत, कर्जा आदिको विस्तार गर्न मलाई मेरो टिमको कर्मचारीहरुको अहम् भूमिका थियो भने सदस्य तथा अभिभावकतर्फ गीता तामाङ्ग, मनु ढकाल, इस्लाम मियाँ, गुलाबी मियाँ, छब्बु मियाँ, राम पुकार यादव, खडगी परिवार आदिको पनि उस्तै भूमिका थियो । त्यसै गरी अन्य अभिभावक तथा सदस्यहरुको राम्रो सहयोग पाएको थिए।

द्वन्द्वकालमा विभिन्न समूहका व्यक्तिहरुले कार्यालयमा आउने र आर्थिक सहयोग माग्ने, फिल्डमा रहेको कर्मचारीहरुलाई समेत धम्काउने गर्थे। सशस्त्र समूहको नाममा केही व्यक्तिहरुले आर्थिक सहयोग तथा सवारी साधन सहयोग मागेर बेला बेलामा दुःख दिएका थिए। यसै क्रममा एक जनाले अफिसमा आएर मोटरसाइकल माग्नुभयो। बिहानको १० बजेको थियो। साथीहरुलाई डर भएछ अब के गर्ने। मैले उक्त व्यक्तिलाई भने मोटरसाइकल दिन त मिल्दैन तर तपाई कहाँ जाने हो त्यहाँ पुर्‍याईदिन्छु भन्नुस् कहाँ जानुछ भनें। उहाँले र्स्टन सुगरमिल जानु छ भनेर भन्नुभयो। मैले भने पर्खनुहोस अफिसको काम सकेर २ बजे पछि पुर्‍याईदिन्छु। अफिसको काम सकेर म करिब २ः३० वजे अमाहिवेला तर्फ लागें। औरावनीको नहरमा नेपाली सेना हातहतियारसहित तैनाथ थिए। मोटरसाइकल रोक्न निर्देशन भयो। मेरो त सातोपुत्लो उडेको थियो।

संस्थाको बाह्रौ साधारण सभा (आ.व.२०६१/०६२) वि.स.२०६३ वैशाख २३ गते शनिवारका दिन विराटनगर स्थित मारवाडी सेवा सदन, शनिहाटमा सम्पन्न भएको थियो। उक्त साधारण सभाले उत्कृष्ठ सिमरिया शाखालाई घोषणा गर्‍यो र प्रमाण पत्र तथा उपहार ग्रहण गर्नको लागि स्टेजमा बोलाउदा हर्षको सिमानै रहेन। उत्कृष्ठ केन्द्र  पनि सिमरियाको २० नम्बर भएको थियो। उक्त पुरस्कार संस्थाको सभापति मणिकुमार अर्ज्याल सरले उपलब्ध गराउँदा र उहाँसँग हात मिलाउन पाउँदा जागिरे जीवनको उत्कृष्ठ पल महसुस भएको थियो। हाम्रो सबै साथीहरु त्यहाँ उपस्थित हुनहुन्थ्यो। साथीहरु र तत्कालीन कार्यालय प्रमुख  रोशनकुमार राउतसहित हामीले खुशी बाढ्दै सभापतिज्यूसँग फोटो खिचायौं। आफ्नो दायित्व झन् बढेको महसुस भयो। हाम्रो टिमले राम्रोसँग मिहिनेत गरेको कारण शाखाको सदस्य, ऋणी तथा नाफा बढ्दै गयो। शाखाको गुणस्तर तथा प्रगतिमा अझ वृद्धि हुदै गयो। परिणामस्वरुप आ.ब. २०६२/०६३ को तेह्रौं साधारण सभाबाट

समेत उत्कृष्ठ शाखा पुरस्कार प्राप्त गरें जुन पुरस्कार संस्थाको सभापति मणिकुमार अर्ज्याल सरले नै वितरण गर्नुभएको थियो । उत्कृष्ट केन्द्र र उत्कृष्ठ सदस्यको पुरस्कार पनि प्राप्त गरेको थियौं ।

धेरै जसो केन्द्रहरुमा सदस्यहरुले एकै रङगको पोसाक लगाउने गरेका थिए भने उनीहरुको नियमित केन्द्र बैठक गर्नको लागि आफ्नै केन्द्र घर पनि थियो । यस कारण विभिन्न दातृ निकायहरु आर.एम.डि.सि., एशियाली विकास बैंक, UNDP आदिको भ्रमण हुँदा हाम्रो शाखामा ल्याउने चलन थियो । प्लान नेपाल तथा अन्य दातृ निकायको सहयोगमा यस शाखाका सदस्यहरुलाई मूढा बनाउने, च्याउ खेती, भेटनरी तालिम, खड्गी बनाउने, ब्यूटीपार्लर, रेडियो बनाउने, हस्तकला, मोटरसाइकल मर्मत तालिम आदि उपलब्ध गराइएको थियो । जसमा भलुवा गा.वि.स.मा रहेको के.नं. २ को सदस्य गीता तामाङले गरेको प्रगति लोभलाग्दो थियो । उहाँलाई संस्थाले ३ महिनाको भेटनरी तालिम उपलब्ध गराएको थियो । उक्त तालिम लिएपश्चात् उहाँले आफैं गाँउ गाँउ गएर पशु सम्बन्धी सेवा पदान गर्न थाल्नुभयो । समय क्रमसँगै ५ कठ्ठा जमिन, मोटरसाइकल, छोरीको राम्रो शिक्षा दिन सफल हुनुभयो । आज भोलि उहाँसँग भेटघाट हुँदा पनि यस संस्थाको योगदान सम्झेर खुशीको आँसु खसाल्नुहुन्छ । यो देख्दा आफुलाई पनि अहोभाग्य सम्झन्छु । त्यसै गरी तनमुना गा.वि.स.को के.नं. ११ की सदस्य विशोदेवी उराँव पनि एक हुन, जसले बाँसबाट विभिन्न प्रकारका सामानहरु बनाउनुहुन्थ्यो । त्यही व्यवसायबाट उहाँले ६ जनाको परिवार पालेर राम्रो आर्थिक उपार्जन गर्नु भएको थियो । त्यसैगरी भलुवा गा.वि.स.मा रहेको केन्द्र नं. ३ को सदस्यले कुखुरा पालनवाट मनग्य आम्दानी गर्नुभएको थियो, सोही क्रमममा मैले व्यवसाय निरीक्षण गर्न जाँदा उहाँले घरमा खाना खान आग्रह गर्नुभयो र अन्तमा भन्नु भयो सर तपाइले दिएको ऋण रकम र सल्लाहले त यो प्रगति भएको छ। म गाउँको गरिब भनेर खाना नखाएको हो भनेर रुन थाल्नुभयो ? मलाई साह्रै नरमाइलो लाग्यो, सोचे र भने हैन दिदी यो तपाईंको मेहेनतले भएको हो, मलाई समयमा अफिस पुग्नु छ भनेर त्यहाँबाट कार्यालय फर्किएँ। आज सम्झदा किन खाना नखाइदिएको होला, जस्तो लाग्छ।

यसरी तालिम दिने क्रममा इन्द्रेणी जागरण मञ्च, विराटनगरका अध्यक्ष रामबहादुर श्रेष्ठ सर सँग ३ महिनाको खडगी बुन्ने तालिम सञ्चालन गर्दा साह्रै रमाइलो भएको थियो। उक्त तालिम लिने सदस्यहरुको मिहिनेत, इमान्दारिता र लगनशीलताले उहाँहरुको व्यवसायमा सुधार आई आर्थिक अवस्थामा सुधार आएको थियो । उक्त तालिमको अवलोकन निरीक्षण गर्न समय समयमा संस्थाका अध्यक्ष मणिकुमार अर्ज्याल सर पनि आउनुहुन्थ्यो र हामीलाई हौसला बढाउनु हुन्थ्यौं ।
मिति २०६१ असोजदेखि २०६४ जेठ मसान्त सम्म उक्त संस्थामा काम गर्ने मौका पाइयो । यस अवधिमा एन.आर.डि.एस.सिलाई बैंकमा दर्ता गराउने तथा सम्बन्धित निकायबाट कारोवारको स्वीकृति लिने कार्य गर्न गराउन मणिकुमार अर्ज्याल सर दिनरात तल्लिन हुनुहुन्थ्यौं । मिति २०६४ आसार १ गतेको दिन २ वटा कार्यालयलाई बैंकमा लैजाने निर्णय भयो । जसमा शाखा कार्यालय, सिमरिया(हाल दुहबी) र उपशाखा कार्यालय, विराटनगर(बरगाछी) थियो । बैंकमा परिणत भएपश्चात्को पहिलो शाखा प्रबन्धक हुने मौका समेत पाएको थिएँ । यसरी उक्त शाखाबाट म लागयत लेखापाल सन्तोषकुमार माझी, फिल्ड सहायक अनिता घिमिरे, प्रमोदकुमार चौधरी,

कृष्णबहादुर खड्का, प्रमोदकुमार यादव, कार्यालय सहयोगी पुनितकुमार चौधरी लगायतका साथीहरु हुनुहुन्थ्यो । यस अवधिमा संस्थाको सभापति मणिकुमार अर्ज्याल सरको योगदान र सहयोगलाई बिर्सन सकिदैन । शाखा अवलोकन गर्दा होस् वा केन्द्रीय कार्यालय बोलाएर होस् हौसला प्रदान गर्न भने छाड्नुहुन्नथ्यो । उहाँको उमेर र काम गराइमा आकाश जमिनको फरक थियो । झण्डै ६ फिट अग्लो शरीरका धनी, सेताम्मै फुलेको कपाल, मुखभरि भरिभराउ चम्किला दाँत र त्यसमाथि मन्द मुस्कानमा सधैं रहिरहने सालिन व्यक्तित्वका धनी हुनुहन्थ्यो ।

दिनरात संस्थाको काममा व्यस्त हुँदा पनि थकानको महसुस अनुहारमा देखिदैनथ्यो । धेरै कुरा गरौला भनेर आएको व्यक्ति पनि उहाँको अगाडि परेपछि त्यसै लट्ठ परेर भन्नुपर्ने विषय पनि भन्न बिर्सन्थें । फिल्ड जाँदा होस् वा अन्य कार्यक्रममा होस् उहाँको खानपिनमा कुनै गुनासो हुँदैनथ्यो । जहाँ जे उपलब्ध छ, त्यही लिने उहाँको बानी सरल थियो । यस्ता व्यक्तित्वका धनीसँग आजसम्म काम गर्ने मौका पाउँदा आफूलाई अहोभाग्य ठानेको छु । सम्भवत धेरै मानिसलाई समाज र देशप्रति केही गर्ने सोच त हुन्छ नै । तर त्यो सोच सबैको कहाँ पूरा भएको छ । केही व्यक्ति पर्याप्त. धन भएर पनि अरु बढी धन कमाउने अभिलाषामा भौतारिरहेका हुन्छन् । तर कोही धन भए पनि अरु धन थुपार्न चाहँदैनन् । बरु समाज सेवाप्रति समर्पित हुन्छन् । निर्धन जनसमुदाय र गरिब समुदायको हितमा तल्लीन हुन्छन् । सेवा नै धर्म हो भन्ने अभिप्रायले प्रेरित भई सत्तमार्गप्रति हिड्न उत्सुक हुन्छन् । यिनै गुणले परिपक्व हुनुहुन्छ मणिकुमार अर्ज्याल । यसैको परिणाम हुनुपर्छ उहाँले लघुवित्त कार्यक्रमलाई सहजरुपमा बैंकलाई हस्तान्तरण गर्नुभयो । कारोवार सँगसगै उहाँले कर्मचारीहरुको भविष्यलाई समेत ध्यानमा राखेर २०६४ श्रावण पश्चात सबै कर्मचारीलाई बैंकमा हस्तान्तरण गर्नुभयो । यो कसरी सम्भव भयो होला भन्ने सन्दर्भमा मलाइ यसको परिघटना जोड्न मन लाग्यो ।

नेरुडे लघुवित्त विकास बैंकको परिकल्पना, शेयर लगानीकर्ताहरुको खोजी, सङगठन जस्ता कामहरुको प्रारम्भ नेपाल ग्रामीण विकास समाज केन्द्र विराटनगरसँग सम्बद्ध व्यक्तित्वहरुबाट भएको हो । मिति २०५९ वैशाख १६ गते विराटनगरको होटल स्वागतममा एउटा भेला आयोजना गरी सो केन्द्रले यसको अवधारणा अगाडि ल्याएको थियो । त्यस पछि सम्भावित प्रोमोटर्सहरुको खोजी, विभिन्न औपचारिक तथा अनौपचारिक बैठक तथा भेलाहरुको माध्यमबाट नेपाल ग्रामीण विकास समाज केन्द्रको सञ्चालकले यसलाई विकास बैंकको रुपमा स्थापना गर्ने प्रयास गरिएको थियो । बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुनमा चाँडो चाँडो परिवर्तन भइरहेको कारणले विकास बैंकको स्थापना गर्ने प्रयासमा अवरोध आयो । त्यसको फलस्वरुप सुनसरी, मोरङ र झापा गरी ३ जिल्ला कार्यक्षेत्र राखी "घ" वर्गको वित्तीय संस्था स्थापना गर्ने निर्णय गरिको थियो । यसको लागि संस्थागत र व्यक्तिगत गरी दुई वर्गका प्रबर्द्धक शेयरधनीहरु बनाएको थियो । जसमा कुल अधिकृत पूँजी २ करोड र चुक्ता पूँजी ७० लाखबाट दर्ताको लागि प्रक्रिया अघि बढ्यो । चुक्ता पूँजीमध्ये ६५% व्यक्तिगत र ३५% स्ंसथागत शेयर कायम भयो ।

कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ताको लागि आवश्यक प्रबन्धपत्र तथा नियमावली लगायतका तयारी गर्न लामो समय लागेको भए पनि मिति २०६३ फाल्गुन १० गते यो वित्तीय

संस्था लघुवित्त विकास बैंकको रुपमा दर्ता भयो । त्यस पछि कारोबार गर्न इजाजतको लागि आवश्यक प्रक्रिया अघि बढाइयो, फलरुवरुप मिति २०६४/०२/०९ गते नेपाल राष्ट्र बैंकबाट कारोवार गर्ने इजाजत प्राप्त गर्यो।

नेपाल राष्ट्र बैंकबाट कारोवार शुरु गर्ने इजाजत प्राप्त हुनासाथ नेपाल ग्रामीण विकास समाज केन्द्र विराटनगरसँग यो वित्तीय संस्थाले त्यस बेलासम्म गर्दै आएको लघुवित्त कार्यक्रम नै बैंकमा हस्तान्तरण गर्ने नीति लिई मिति २०६४ साल जेठ १५ गतेको दिन सो संस्थाको र यस वित्तीय संस्थाको संचालक समिति बीच कारोबार हस्तान्तरण सम्बन्धी सम्झौता भएको देखिन्छ। यो सम्झौताको आधारमा पहिलो चरणमा माथिनै उल्लेख भएझैं सुनरसरीको सिमरियामा १ र मोरङको विराटनगरमा, १ गरी २ वटा कार्यालयहरु हस्तान्तरण गरी २०६४ साल आषाढ १ गतेदेखि कारोबार शुरु गरेका हो।

२०६४ आषाढ १ गते देखि मसान्त सम्म १ महिना मात्र कारोवार गरिएको भएता पनि आर्थिक वर्ष २०६३/०६४ मा यस वित्तीय संस्थाले १ लाख २० हजार ३ सय १२ नाफा गर्न सकेको थियो। हालसम्म पनि यस संस्थाको सफल नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने मणिकुमार अर्ज्यालले संस्थाको प्रबन्ध सञ्चालकपदमा रहनु भएको छ। हाल यो संस्थाले २९ जिल्लामा ७९ वटा कार्यालय मार्फत १ लाख २६ हजार घर परिवारमा लघुवित्त कार्यक्रम विस्तार गर्न सफल भएको छ भने ८२ हजार ऋणी सदस्यहरुमा ३ अर्ब ९४ करोड लगानी गरेको छ। ११ औं साधारण सभा सम्पन्न भईसकेको अवस्थामा यस बैंकको प्रगति लोभ लाग्दो देखिन्छ।

●●

# साइकल पेलेरै गाउँ गाउँमा अभियान



**भरतकुमार लुइटेल**

२०५० सालमा स्थापना भएको नेपाल ग्रामीण विकास समाज केन्द्र (एनआरडिएससी) विराटनगरले पच्चीसौं वसन्त पार गरेको छ । विपन्न नागरिकको जीवनस्तरमा सुधार गर्दै समतामूलक समाज निर्माण गर्ने उद्देश्यसहित स्थापित संस्थाले रजतजयन्ती मनाउँदै गर्दा आफ्नो लक्ष्यप्रति दत्तचित्त भएर लागि परेको छ।

"आँटी छोरालाई बाघले पनि खाँदैन" भनेझैं आँट, हिम्मत र भरोसाका साथ विकट गाउँबस्ती घुम्दै  विपन्न वर्गको जीवन स्तरमा सुधार ल्याउन केन्द्रित भयो । घर धन्दामा सीमित महिलाहरुलाई समूहमा आबद्ध गराई थोरै थोरै भएपनि बचत गर्ने बानीको विकास गराउने उद्देश्यका साथ अहोरात्र अविभावकको भूमिका निर्वाह गर्नुहुने संस्थाका सभापति मणिकुमार अर्ज्याल हामी सबैको प्रेरणाका स्रोत बन्नुभएको छ।

हिजोसम्म महिला समूह गठन गरी थोरै बचत सङकलन गर्ने र सचेतना कार्यक्रम सञ्चालन गर्ने यस  नेपाल ग्रामीण विकास समाज केन्द्र २५ वर्षको अन्तरालमै नेरुडे लघुवित्त विकास बैक स्थापना गर्न सफल हुनु चानचुने कुरा होइन। एउटा भनाइ छ, जुन घरका अभिभावक शिक्षित, सक्षम, दूरदर्शी हुन्छन्, त्यस घरका सन्तानले प्रगति गर्न कुनै समय लाग्दैन । संस्थाका कार्यकारी निर्देशकको दक्षता क्षमता,कर्मचारीप्रतिको सकरात्मक सोच, लगनशीलता र इमानदारिताका कारण संस्था यो उचाइमा पुग्न सफल भयो। कार्य समितिको दुरदर्शिता पूर्ण निर्णय क्षमताका कारण छोटो समयमा संस्थाले गरेको प्रगतिप्रति म हृदयदेखि नै कृतज्ञता व्यक्त गर्दछु।

वि.स. २०५३ सालतिरको कुरा हो। विगत सम्झँदा अहिले सपनाजस्तै लाग्छ। ग्रामीण परिवेशमा  हुर्केको म पढाइ सकेर घरमै बसेको थिएँ। मेरो बुबा र  दुई जना दाइ शिक्षण पेशामा आवद्ध हुनुहुन्थ्यो । म बेरोजगार थिए । केही काम पाए सिक्ने र पकेट खर्च आफै जुटाउन सक्ने माध्ययमको खोजीमा थिएँ।

मेरो जन्म स्थान झोराहाटमा नेपाल ग्रामीण विकास समाज केन्द्रले अनौपचारिक शिक्षा

कार्यक्रमअन्तरगत प्रौढ कक्षाहरु सञ्चालन गरी रहेको थियो। पौढ कक्षा कार्यक्रमका लागि मलाई सो क्षेत्रको सुपरभाइजर हुने अवसर प्राप्त भयो। अध्ययन सकेर बेरोजगाार बसेको मेरो जागिरे जीवन पौढ कक्षा सूपरभाइजरको रुपमा सुरु भयो। त्यति बेला दुब्लो र पातलो थिएँ। दैनिक साइकल चलाएर साक्षरता कक्षाहरुको निरीक्षण गर्नुपर्दा मैले दुःखको कामबाट भविष्य देखेको थिइन्। दैनिक साइकलमा कुदाउने संस्थामा काम गरेर के प्रगति गरिएला ? भन्ने लाग्थ्यो। बुबा र दुबै दाइ शिक्षण पेशामा लागेर खुशी जीवन बिताएको र आफू दिनरात तातो घाममा न्यून पारिश्रमिक लिएर गर्नु पर्दा आत्माग्लनि हुन्थ्यो अनि एकान्तमा बसेर सोच्थें।

तातो घाममा सधैंको साइकल पेलाइले शारीरिक रुपमा पनि कमजोरी भए बुढेसकालमा गरी खान झन गाह्रो होला भन्ने लाग्थ्यो। मेरो चिन्ता छँदै थिए, समयको अन्तरालसँगै संस्थाले अन्य कार्यक्रमहरु गर्दै गयो। वित्तीय कारोबारसम्बन्धी कार्यक्रमअन्तरगत लघुवित्त कार्यक्रममा म पनि आबद्ध भएँ। २०५७ सालमा तेतरीया शाखाको कार्यालय प्रमुख रुपमा नियूक्त भएँ।

त्यस बेलाको सङ्घर्ष सम्झदा अहिले पनि सपनाजस्तो लाग्छ। लगनशीलता र परिश्रमको फल मीठो हुन्छ भनेझैं त्यस बेला बैजनाथपुरको मुसहर बस्ती, झोराहाटको सरदार(बौतर) बस्ती, सिद्राहाको राजवंशी तथा थारु बस्तीमा आएको परिवर्तन साँच्चै नै उदाहरणीय बनेको छ। अहिले पनि साबिकका ती गाविसमा कुनै काम विशेषले जाँदा हाम्रो जीवनस्तर सुधार आउनुमा नेपाल ग्रामीण विकास समाज केन्द्रको ठूलो हात छ भन्ने स्थानीय अभिभावक प्रशस्त भेटिन्छन्। उहाँहरुबाट अहिले पनि यस्तो सुन्न पाउँदा आफूलाई भाग्यमानी र संस्थालाई गौरवशाली ठान्दछु।

संस्थाले २०५४/२०५५ सालमा साबिक झोराहाट, सिद्राहा गाविसमा सञ्चालन गरेको बालकक्षा, प्रौढकक्षाले ती क्षेत्रका मुसहर बस्ती, सरदार बस्ती, राजवंशी र दलित वर्गमा आएको जागरण र चेतनाको गुनगान अहिले पनि सुन्न पाइन्छ। साविक बैजनाथपुर हालको विराटनगर वडा नं १९ का वडा अध्यक्ष मेरो सहकर्मी साथी बद्रीनारायण सरदारजस्ता व्यक्तिहरुले बैजनाथपुरको मुसहर बस्तीमा आएको परिवर्तनको श्रेय नेपाल ग्रामीण विकास समाज केन्द्रको रहेको बताउनुहुन्छ। उहाँहरु जस्ता अग्रजको यस संस्थाप्रतिको सकरात्मक सोच र संस्थाले पुऱ्याएको योगदानको प्रशंसा सुन्न पाउदा हर्ष लाग्नु स्वाभाविकै हो।

यसै गरी मोरङको झोराहाटबाट साइकलमा सुनसरीको साविकका विभिन्न गाविसमा महिला जागरण अभियानहरु सञ्चालन गर्न जाँदाको घटना अहिले पनि मेरो मस्तिष्कमा ताजै छ। एक दिनको कुरा हो सुनसरीको साविकको गौतमपुर गाविसमा महिला जागण तालिमपश्चात् महिला समूहको सकृयतामा सचेतना ऱ्याली आयोजना गरिएको थियो। ऱ्यालीले दिन भरी काम नगरी तास खेलेर बसेको पुरुष समूह भएको तर्फ गएर उनीहरुलाई तास नखेल्न अनुरोध गरेपछि उल्टै पुरुषहरुको समूहले महिलामाथी झम्टेर अपशब्द बोलेपछि स्थिति गम्भीर भएको थियो। त्यस पश्चात्को छलफल र संस्थाको पहलबाट गाउँमा तास नखेल्ने निकर्षमा पुगेको थियो। संस्थाको अभियान, मेरो परिश्रम र ती महिला समूहको साथ सहयोगबाट तासमा व्यस्त पुरुष समूहलाई तास खेल्न बन्द गराई काममा फर्काएको घटना जीवनकै अस्मरणीय क्षण हो।

म एक दिन घरायसी कामको सिलसिलामा सुनसरी गएको थिएँ। एक जना अपरिचित

व्यक्ति मेरो अगाडि आएर नमस्कार गरे । ती व्यक्तिले तपाईं भरत सर, होइन ? मलाई चिन्नु भयो ? भनी सोधें । तपाईं र तपाईंको संस्थाले सञ्चालन गरेको सचेतना कार्यक्रमले हाम्रो आँखा खोली दिनुभयो । त्यसपछि मैले व्यापार थालें, अहिले मेरो व्यापार राम्रो छ । त्यो घटनापछि हामी धेरै जनाले गरी खाने काम गरेका छौं । हामी तपाईहरुले देखाएको बाटो कहिल्यै भुल्ने छैनौं । मलाई सामाजिक संस्थामा लागेर के नै कमाएर भन्ने लाग्थ्यो तर उहाँको कुराले गर्दा मलाई धन सम्पत्तिभन्दा पनि धेरै ठूलो कुरा इज्जत, सम्मान, प्रतिष्ठा कामाएको रहेछु भन्ने लाग्यो ।

सुरुका दिनमा गाउँबस्तीमा महिला समूह निर्माण गर्दा थोरै थोरै बचत गर्ने समूहहरु अहिले लाखौंको कारोबार गर्ने र बिनाधितो पनि लाखौंको कर्जा लिन मिल्ने नेरुडे लघुवित्तमा आबद्ध भएर लघु उद्यम गरी आ-आफ्नै पेशा व्यवसाय गरिरहेका छन् ।

भगवान्ले तँ चिता म पुऱ्याउछु भन्छन् रे । मेरो जीवनमा पनि त्यस्तै भएको छ । मैले गरेको धैर्यता, कामप्रतिको लगनशीलता, कर्तव्यनिष्ठता र सकरात्मक सोचका साथ अघि बढ्दा व्यक्तिगत सफलता र संस्थागत सफलता हात पार्न कुनै समय लागेन । हिजोको दिनमा मैले सानो संस्थाको उपमा दिएको नेपाल ग्रामीण विकास समाज केन्द्र आज नाम चलेको नेरुडे लघुवित्त विकास बैंकको रुपमा परिचित हुनु आफैंमा गौरवको विषय हो । म मेरो व्यक्तिगत जीवनमा आएको आमूल परिवर्तन र संस्थाले गरेको आशातीत प्रगति प्रति नतमस्तक छु ।

कसैले कल्पना समेत गरेको थिएन होला । गाउँ बस्तीमा महिला समूह गठन गरी बचत सङ्कलन गर्ने नेपाल ग्रामीण विकास समाज केन्द्र सफल लघुवित्त विकास बैंक बन्छ भनेर । तर समयको गतिसँगै निरन्तर प्रयास, आशावादी सोच, सबल निर्णय क्षमता, संस्थागत सवल कार्यशैली, पारदर्शिता, कार्यसमितिको दूरदर्शी निर्णय क्षमता र कार्यकारी प्रमुखको अभिभावकीय भूमिकाका कारण छोटो समयमै नेपाल ग्रामीण विकास समाज केन्द्र राष्ट्र बैंकबाट मान्यता प्राप्त 'घ' वर्गको सफल नेरुडे लघुवित्त विकास बैंक बन्न सफल भएको छ ।

लघुवित्त विकास बैकले राष्ट्रिय स्तरको मान्यता प्राप्त गरी देशभरका २९ जिल्लामा ८८ वटा शाखा उपशाखा मार्फत १ लाख २७ हजार सदस्यहरुमा सेवा पुऱ्याई तिव्र गतिमा अघि बढिरहेको छ ।

अन्त्यमा, मलाई सवल र सक्षम कर्मचारी बनाई मेरो भविष्य उज्ज्वल पार्न हरहमेसा साथ दिने नेपाल ग्रामीण विकास समाज केन्द्रका सभापति मणिकुमार सरप्रति आभारी छु । त्यस्तै सधै काम गर्न हौसला प्रदान गर्ने गायत्री नेपाल, सकारात्मक सोचका साथ हरेक कार्यमा सफलता प्राप्त गर्न मार्गनिर्देश गर्ने उद्धवप्रसाद शर्मा प्रति हार्दिक आभार व्यक्त गर्दै संस्थाले आगामी दिनमा अझ सफलताको शिखर चुमोस् भन्ने शुभेच्छाका साथ बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

# समाज परिवर्तनमा मेरो भूमिका



**प्रफुल्लकुमार देव**

नेपाल ग्रामीण विकास समाज केन्द्र (NRDSC) ले आफ्नो २५ औं वर्ष सफलताका साथ पूरा गरेकोमा हार्दिक बधाई तथा शुभकामना ज्ञापन गर्न चाहन्छु । केन्द्रले स्थापनाकालदेखि नै ग्रमीण जनताको सहभागितालाई उच्च प्राथमिकतामा राख्दै समृद्ध र सृजनशील समाजको निर्माण गर्न अभियान सञ्चालन गर्दै आएको छ । समाज परिवर्तनसँगै कर्मचारीहरुको व्यक्तिगत तथा पेशागत विकासमा पनि संस्थाले पुऱ्याएको योगदान अविस्मरणीय छ । सामाजिक परिवर्तनजस्तो पवित्र उदेश्य बोकेको संस्थामा सेवा गर्न पाएकोमा आफूलाई भाग्यमानी ठानेको छु । समृद्ध र सृजनशील समाज निर्माणका लागि हौसला प्रदान गरी सेवाको मौका दिने केन्द्रका संस्थापक अध्यक्ष मणिकुमार अर्ज्याल र महासचिव उद्धवप्रसाद शर्माप्रति कृतज्ञता व्यक्त गर्दछु ।

मेरो जन्म सुनसरी जिल्लाको साबिक हरिनगरा गाबिस वर्डा नं. ७ मा बसोवास गर्ने एक मध्यम वर्गिय ग्रमीण परिवारमा भयो । मेरो बुबा सदानन्दलाल देव हरिनगरा उच्च माध्यमिक विद्यालयमा पढाउनुहुन्थ्यो भने आमा घरायसी काम गर्नुहुन्थ्यो । ३ दाजुभाइमध्येको म माइलो सन्तान हुँ । ग्रमीण क्षेत्रको मध्यम वर्गीय परिवार भए पनि बुबा शिक्षक भएकोले हाम्रो परिवारमा शिक्षालाई विशेष महत्व दिइन्थ्यो ।

बाल्यकालदेखि नै मेरा बुवा, आमाले हामीलाई नैतिक शिक्षा पढाउँदै समाजको लागि केही गर्नु पर्छ भन्ने भावना जागृत गराउनुहुन्थ्यो ।

“फूलहरु जुन प्रतिकूल अवस्थामा फुल्छन्, ती सबैभन्दा दुर्लभ र सुन्दर हुन्छन्” भनेझैं NRDSC ले मेरो जीवनको फूललाई प्रतिकूल अवस्थामा फूलाएको छ । कुरा २०५१/५२ सालतिरको हो, भर्खरै सुरु भएको माओवादी सशस्त्र द्वन्द्वको केही प्रभाव हाम्रो गाउँतिर पनि देखिन थालेको थियो । म पढाइ सकेर घरमा बेरोजगार भएर बसेको थिए । प्लान नेपाल सुनसरीको फिल्ड कार्यालय मेरो घर नजिकै थियो म त्यहाँ निःशुल्क सहयोगी कार्यकर्ताको रुपमा काम गरिरहेको थिए । नेपाल ग्रमीण विकास समाज केन्द्रले २०५४ सालतिर प्लान नेपालको सहयोगमा सुनसरीको

दक्षिणी हरिनगरा, मध्यहर्षाही, देवानगञ्ज, राजगञ्ज सिनुवारी र अमाहीबेल्हा गाविसहरुमा विपन्न परिवारका सदस्यसँग बचत तथा ऋण कार्यक्रम सञ्चालन गरेको थियो । सो कार्यक्रममा मैले हरिनगराको लागि सामाजिक परिचालक पदमा आवेदन दिएँ र छनौट पनि भएँ । मासिक रु.१,५००।- तलब थियो । जीवनको पहिलो कमाइ हात पर्दा महिनाभरि गरेको सबै दुःख कष्ट बिर्सिन्थें । जागिर पाउँदा जति खुशी थिएँ, सामाजिक परिचालकको जिम्मेवारी पुरा गर्न त्यही नै गाह्रो थियो । त्यस बेलाको समयमा ग्रमीण क्षेत्र विकृति, विसङ्गति र कुरीतीहरुले गाँजेको थियो । गाँउघरमा शिक्षाको महत्व बुझ्केका थिएनन, बालबालिकाहरुलाई स्कुल नपठाउने, बालविवाह, धुम्रपान मद्यपानको सेवन गर्ने, अन्धविश्वास, रुढीबादी सोच, महिलाहरुलाई घरबाट निस्कन नदिने, निस्किए पनि घुम्टो ओढेर बस्ने  समस्याहरु थिए । गरिबी र अशिक्षा नै समाजको मूल समस्या भएको कारण त्यसबाट मुक्ति दिने प्रकारका कार्यक्रम र अभियानहरु संस्थाले गाउँगाउँमा सञ्चालन गर्न थाल्यो ।

एनआरडिएससीले प्लान नेपालको सहयोगमा प्रति सदस्य पाक्षिक रु. १०।- दरले बचत सङकलन गरी बचत गर्नुपर्छ भन्ने भावनाको विकास गरेको थियो । बचत भएको रकमबाट आवश्यक परेको समयमा कर्जा लिन सकिने जानकारी गराइयो । ती कार्यक्रमहरुले व्यापकता र सफलता पाउँदै गयो । गाउँघरमा साहुमाहजन, मुखियाबाट चर्को ब्याजमा ऋण लिने नागरिकहरुले आफैले जम्मा गरेको बचतबाट समूहले निर्धारण गरेको ब्याजमा कर्जा पाउदा खुशी हुन्थे । कार्यक्रमको प्रभाव एवम् लेखा व्यवस्थापनको लागि केन्द्रबाट प्रत्येक महिनाको पहिलो हप्ता मणि सर र उद्वव सर हरिनगरा जानुहुन्थ्यो । समुदायमा कार्यक्रमको प्रभाव सकरात्मक हुँदै गयो । कार्यक्रमकै कारण स्थानीयवासी आर्थिक हिसाबले सबल हुँदै गए भने अर्कोतर्फ महिला सशक्तीकरणसम्बन्धी तालिमले  सचेत बनाएको थियो ।

हामीले बालशिक्षासम्बन्धी कक्षाहरु पनि सञ्चालन गऱ्यौं । सुरु समयमा थोरै बालबालिकाहरुबाट कक्षा सञ्चालन  गरियो । पछिपछि जनचेतनाको विकाससँगै संख्या बढ्दै गएपछि बस्ने ठाउ पुग्न छाड्यो । त्रिपाल ओछ्याएर पनि कक्षा सञ्चालन गऱ्यौं । त्यसैको प्रभाव स्वरुप सबैले आफ्ना छोराछोरीलाई स्कूलमा पढाउनुपर्छ भन्ने भावनाको विकास भयो । केटाकेटीहरुलाई स्कुल पठाउन थाले । कार्यक्रमले समाजमा पारेको प्रभावको मूल्याङकन गरी सहयोगी संस्था प्लान नेपालले बीउ पुँजीका रुपमा कार्यक्रम सञ्चालित क्षेत्रमा १४ लाख उपलब्ध गरिएको थियो । यसरी सानो बचत कार्यक्रमबाट सूरु भएको अभियान दिन दुई गुणा, रात  चार गुणाले व्यापकता पाउँदै गयो । बचत रकम र क्षेत्र विस्तारसँगै त्यसको सुरक्षा चुनौती पनि त्यति नै थियो । त्यसैले  कारोबारलाई व्यवस्थित गर्न २०५७ सालमा नेपाल राष्ट्र बैंकसँग वित्तीय मध्यस्थताको कार्य गर्ने अनुमति पाएपछि लघु कर्जा कार्यक्रम प्रारम्भ भयो । अन्ततः संस्थाका सभापति मणिकुमार अर्ज्याल, महासचिव उद्धवप्रसाद शर्मा, कोषाध्यक्ष गायत्री अर्ज्याललगायत सबै कार्यसमितिहरुको अठोटले संस्थाको स्थायित्वमा भर पर्ने नमुना सोच तयार पारी संस्थालाई बैंकमा परिणत गरेर सम्पूर्ण कारोबार बैंकमार्फत गर्ने निर्णय अत्यन्तै दूरदर्शी थियो । अन्ततः ग्रामीण क्षेत्रमा रहेर वित्तीय कारोवार गर्ने पूर्वाञ्चलमा पहिलो वित्तीय संस्थाको रुपमा नेरुडे लघुवित्त विकास

बैंकको स्थापना भयो।

हरिनगराबाट १० वटा केन्द्रका २७० जना ग्राहकबाट सुरु भएको बचत कर्जा कारोबार २०६३ अषाढ १ गते देखि वित्तीय संस्थामा रुपान्तरण भई २०७५ आषाढ मसान्तसम्म करिब १ लाख २७ हजार ग्राहकलाई बचत कर्जा कारोवारको सेवा पुऱ्याउँदै आएको छ। राष्ट्रिय स्तरको लघुवित्त वित्तीय संस्थाको रुपमा नेपालको २९ वटा जिल्लामा आफ्नो उपस्थिति जनाइसकेको छ।

एनआरडिएससीदेखि नेरुडेसम्मको यात्रामा धेरै आरोहअवरोहहरु आए धेरै घटनाहरु घटे ती मध्येका केही मुख्य घटनाहरु मेरो जीवनमा महत्वपूर्ण सिकाइको रुपमा रहेका छन।

**लुटेरा र मेरो चतुऱ्याँइ :**

कुरा २०५९ साल तिरको हो। त्यस बेला म शाखा कार्यालय सत्तेरझोरामा उत्प्रेरक पदमा कार्यरत थिएँ। म सत्तेरझोराको केन्द्र नं. ८ ,९ र १० को केन्द्र बैठक (बचत, कर्जा कारोवार) सकेर साइकलमा  फर्कदै थिएँ। साथमा केन्द्रबाट किस्ताबापत सङकलन गरेको  रकम थियो। बिहानको ११ बजेकाले असाध्यै भोक लागेको थियो। हत्तारहत्तार आउँदै थिएँ जोला खोलाको छेउमा पुग्ना साथ दुई जना नकावधारी लुटेराहरुले हतियार देखाएर मेरो साइकल रोक्न खोजे। मसँग बचत बापत सङकलन भएको करिब ५४ हजार रुपैया थियो। म एकदमै आतिएँ, साइकललाई बेस्सरी ब्रेक लगाएर हतार हतार फर्काएर ज्यानको बाजी लगाउँदै सके जति बल निकालेर कुदाएँ। उनीहरुले त्यस ठाउमा मोटरसाइकललाई परालले छोपेर राखेका रहेछन्। मलाई लखेट्न बाइक निकाल्दा म निकै पर पुगेको थिएँ। बन्दुक देखाएर रोक नत्र गोली हान्छु भन्दै थिएँ, म साइकलमा तीब्र गतीमा अघि बढे अलि पर हाम्रो १ जना ग्राहक सदस्यको घर थियो म साइकलसहित आतिदै घरभित्र छिरें। त्यहाँ सदस्य र सदस्यको श्रीमान् दुबै जना बसिरहेको देखेपछि मेरो आत्मबल बढयो र बल्ल अब बाँचे भन्ने लाग्यो। तर लुटेराहरु त्यही आए एक जनाले बाइकलाई चालु अवस्थामा राख्यो र अर्कोले मेरो कञ्चटमा पेस्तोल ताक्यो। मलाई कुटपिट गर्दै ब्याग खोसे अनि हत्तपत्त भागे। त्यो क्षेत्रमा पहिले पनि लुटपाट हुने गरेको मैले सुनेको थिए त्यस्तो दुर्घटना हुन सक्ने कुरामा सचेत रहदै मैले सङकलन गरेको रकममध्ये खुद्रा नोट मात्र ब्याग राखेको थिएँ र ठूलो नोटहरु सर्ट पेन्टका गोजीहरु र जुत्तामा लुकाएर राखेको थिए। मेरो चतुऱ्याइँको कारण मसँग भएको ५४ हजारमध्ये लुटेराहरुल ७ हजार मात्र लगे। त्यो घटनापछि संस्थाका कार्यकारी निर्देशक मणिकुमार अर्ज्याल, उपनिर्देशक उद्धवप्रसाद शर्मा र शाखा कार्यालय सत्तेरझोराका शाखा प्रबन्धक महेशमान प्रधानलगायतले ठूलो क्षति हुनबाट बचाएकोमा धन्यवाद दिदै भन्नुभयो काम सबैले गर्छन्, तर अरुभन्दा फरक काम गर्नु पर्छ अनि मात्र आफ्नो छुटै पहिचान बनाउन सकिन्छ। हो त्यही कुरा मेरो जीवनको गुरु मन्त्र भयो।

**मिहिनेतको फल :**

बि.स.२०६१ सालतिर नेपाल राष्ट्र बैंकको निर्देशनअनुसार सबै ग्राहक सदस्यहरुको व्यक्तिगत फायल र कर्जा सदुपयोगिता निरीक्षण गर्नुपर्ने भयो। त्यस समयमा एक जना फिल्ड कर्मचारीले ३५० जना ग्राहक सदस्यसँगको कारोबार हेर्नुपर्थ्यो। शाखा कार्यालय सतेरझोडाले

इनरुवा, मधेशा, चाँदबेला, औरावनीलाई थप गरी नयाँ कार्यक्षेत्रको स्वीकृति लिनुपर्ने र सोको लागि एक हजार जना नयाँ सदस्य खोजी गरी कार्यक्रम विस्तार गर्नुपर्ने भयो। सोहीअनुसार सत्तेरझोरामा हामी कार्यरत सम्पूर्ण कर्मचारीहरु मिलेर कार्य योजना बनाएर अभियानको रुपमा काम गर्न थाल्यौं। कामको बाँडफाड भयो सोचे जस्तो कार्य गर्न सरल थिएन। केही साथीहरुले नयाँ सदस्य मात्रै थप्ने जिम्मा पाएँ। तर मेरो भागमा करिब ८०० ग्राहक सदस्यहरुको मिटिङ, कारोबार र व्यक्तिगत फायल तयार तथा अध्यावधिक गर्ने, ग्राहक सदस्यहरुले लिएको कर्जाको सदुपयोगिता निरीक्षण तयार गरी रजिष्टरमा रेकर्ड अध्यावधिक गर्नुपर्ने भयो। म रातदिन नभनी आफ्नो जिम्माको काममा लागें। त्यही समयमा केन्द्रीय कार्यालयबाट आन्तरिक लेखापरीक्षण विभागका विभागीय प्रमुख पूर्णानन्द शर्मा र इलाका प्रबन्धक नवीन सुवेदी आन्तरिक लेखापरीक्षण गर्न आउनुभयो। कार्यालयका सबै कारोबार ३ दिनसम्म चेक भयो। मेरो जिम्मामा रहेको सबै केन्द्र, सदस्यहरुको व्यक्तिगत विवरण फायल, ऋणी सदस्यको सदुपयोगिता निरीक्षण, बचत र कर्जा कारोबारको रेकर्ड, तमसुक सबै ठीक र सही रहेको, सबै रेकर्डहरु केरमेट नगरी प्रष्टसँग रहेको देखियो। साथै मैले सञ्चालन गरेका केन्द्रमध्ये ५ वटा केन्द्रको करिब १६५ वटा पासबुक चेकजाँच गर्दा पासबुको हिसाब शतप्रतिशत ठिक भेटियो। यसरी मेरो काम र काम गर्ने शैलीको तारिफ गर्दै पूर्णानन्द शर्माले व्यक्तिगत रुपमा पाइलट पेन उपहारस्वरुप दिनुभयो। सरहरुले मलाई बधाई दिदै भन्नुभयो प्रफुल्ल साँच्चै नै तिम्रो नामजस्तै तिम्रो कामले हामीलाई प्रफुल्लित बनायो। मेरो छाती गर्भले ठूलो भएको थियो। सोही आ.व. २०६०/६१ मा म संस्थाकै उत्कृट कर्मचारीको रुपमा पुरस्कृत भएँ। मिहिनेतको फल मीठो हुन्छ भन्ने भनाइ सुनेको मात्र थिए यस पटक भने मैले पनि त्यसको स्वाद लिन पाएँ। संस्थाकै उत्कृष्ट कर्मचारीको रुपमा पुरस्कृत भएपछि यसलाई टिकाइ राख्न मेरो लागि चुनौतीको विषय थियो। तर पनि आफ्नो जिम्मेवारी तथा कामप्रतिको उत्तरदायित्व कहिले नबिर्सी सदैव सकारात्मक सोचका साथ काम गर्दै गएँ।

**बन्दी बनाएको दिन :**

२०५७ फागुन १५ गते सोमवारका दिन बिहानको ७ बजेपछि सधैंझैं कार्यालयबाट हामी नयाँ सदस्य खोजीको  गर्न गाउँतिर लाग्यौं। म र अर्का कर्मचारी (मनोज खड्का) घुम्दैघुम्दै रामगञ्ज बेलगछियाको वडा नं.१ को मुसहरी टोलमा पुग्यौं। हामीले त्यहाँका महिलाहरुलाई हाम्रो संस्थाको सेवा सुविधाको विषयमा बताउदै थियौं त्यही बेला केही व्यक्तिहरुले ती महिलाहरुलाई गाली बेज्जती गर्दै कराउदै सबैलाई घरतिर खेदे। अनि हामी दुई जनालाई हप्काउँदै त्यही राखे। केही बेरपछि हामीलाई लछारपछार गर्दै मुसहरी टोलकै एउटा माटोको घरमा लगें र हात खुट्टा डोरीले बाँधेर दलिनमा राखें। हामीलाई केही बोल्न दिएनन धम्की दिदै भोलिदेखी यो गाँउमा देखा नपर्ने र देखा परे गोली ठोक्नेसम्मको चतावनी दिए। बिहानको ८ बजेदेखि रातिको ८:३० बजेसम्म बन्दी बनाएर राखें। हामी फिल्डमा नयाँ सदस्य खोजीका लागि हिडेकाले हामी कहाँ पुग्यौ भन्ने कार्यालयका कसैलाई पनि थाहा भएन। राति बन्दी बनाउनेमध्येका केही व्यक्तिहरु आएर अब उप्रान्त गाँउमा नदेखिने शर्तमा हामीलाई छोडे। हामी राति अबेर कार्यालयमा पुगेर शाखा

प्रबन्धकलाई सबै घटनाको बारेमा बतायौं। खासमा ती मान्छेहरु गाउँका साहु जमिनदारका रहेछन् । हामीले गाउँघरमा बिनाधितो ऋण र केही व्यवसाय गर्न सीपहरु दिन थालेपछि उनीहरुले विपन्न गरिबबाट धेरै ब्याजमा ऋण दिन नपाएको कारण हामीलाई तर्साउन खोजेका रहेछ। हाम्रो शाखामा भोलिका दिनमा कसरी कार्यक्रमहरुलाई सञ्चालन गर्ने भन्ने विषयमा छलफल भयो । हामीले कार्यक्रमलाई नयाँ रणनीति बनाएर लैजाने निर्णय गर्‍यौं । त्यहाँका स्थानीय भद्रभलादमी, बुद्धिजीवीहरुको सहयोगमा हामी भोलिपल्ट फेरि सोही मुसहर बस्तीमा गयौं। त्यहाँका सबै महिला पुरुषहरुलाई राखेर छलफल गर्‍यौं, हामीले गरिब तथा विपन्नहरुलाई सहयोग गर्नका लागि कानुनी तबरले तपाईंहरुलाई सहयोग गर्ने उद्देश्यले आएका हौं। हामीबाट कर्जा लिएर गाँउका धेरै जनाले आफ्नो व्यपार व्यवसाय सुरु गरेका उदाहरण पनि बतायौं। गाउँका साहू मजनबाट लिने ऋणको ब्याजदर चर्को हुने, उनीहरुको घर मै आजीवन नोकरी गर्नुपर्ने समस्याबाट बच्च सकिने बतायौं। हाम्रो कार्यक्रमबाट बचत गर्ने बानीको विकास हुने, छोराछोरीलाई विद्यालयमा पढाउनका लागि लाग्ने आवश्यक खर्चहरुको व्यवस्थापन गर्न सकिने कुराको जानकारी गरे पश्चात् सबै जना हाम्रो कार्यक्रममा सकारात्मक भएँ। हिजो केही साहुमाहजनका मान्छेले हामीलाई बन्दक बनाएकै ठाउँमा मान्छे आज संस्थामा आबद्ध हुन राजी भए। समुदायमा सकारात्मक परिवर्तन भयो। अहिले पनि ती समुदायका मानिसहरु आफू आत्मनिर्भर भएको र जीवनस्तर सुधार भएकोमा भेट्दा सम्मान गर्ने गरेका छन् । संस्थाले दिएको मार्गनिर्देशनको पालना र मेहनतले पाएको सफलताले स्थानीयबासीको जीवन सुखमय भएको थाहा पाउँदा म प्रफुल्ल को मन प्रफुल्लित हुन्छ।

व्यक्तिको सोच परिवर्तन तथा सामाजिक परिवर्तन गर्ने कार्य सजिलो होइन । समाज परिवर्तनमा आफ्नो तर्फबाट केही योगदान पुर्‍याउन पाएकोमा संस्थाप्रति सधैं कृतज्ञ रहनेछु। २३ बर्षको समयावधीमा संस्थाले मलाई धेरै कुरा दिएको छ । हाल म नेरुडेको केन्द्रीय कार्यालय आन्तरिक लेखा परीक्षण विभागमा सहायक प्रबन्धकको रुपमा कार्यरत छु। सायद यो विगतका दिनमा गरेको मिहिनेतको परिणाम हो । NRDSC तथा नेरुडेको सधै प्रगति देखिरहन चाहने व्यक्तिहरु मध्ये म पनि एक हुँ। यसमा कुनै दुईमत छैन। NRDSC को उत्तरोत्तर प्रगतिको कामना।

●●

# प्रतिविम्ब



**कृष्णबहादुर खड्का**

बि.स.२०५५ साल तिर हुनुपर्छ मेरी आमा(ममी) प्रत्येक महिनाको २८ गते बुबासँग २० रुपैयाँ लिएर घरबाट निस्कनुहुन्थ्यो। एक दिन मैले ममीलाई प्रश्न गरें महिनैपिच्छे २० रुपैयाँ बोकेर कहाँ जानुहुन्छ ? उहाँले भन्नुभयो 'विराटनगरबाट सरहरू आएर हामी १० जना महिलाहरूको समूह बनाइदिनुभएको छ। त्यही समूहमा मासिक २० रुपैयाँ जम्मा गर्छौ।' फेरि मैले सोधे को सरहरू ? पैसा भेला पारेर भाग्ने हुन कि ? जवाफमा ममीले भन्नुभयो - त्यस्तो हुँदैन दर्ता भएको संस्था हो NRDSC नाम हो।

सम्वाद जारी थियो ममीले मलाई एक वाक्यमा जवाफ दिनुभयो । 'खाए नै भने पनि महिनाको २० रुपैयाँ त खान्छन् नि मेरो भाग्य खाँदैनन्'। म निशब्द भएँ। मैले सोचे ममीले आइपर्न सक्ने अन्तिम अवस्थासम्म सोचेर कामको थालनी गर्नुभएको रहेछ। ममीको जवाफबाट सन्तुष्ट भए सोही दिन देखी आजसम्म म पनि ममीको त्यो वाणीबाट प्रभावित छु।

हरेक कुराको निर्णय लिनुभन्दा पहिला मेलै लिएको निर्णय यदि गलतै भयो भने पनि त्यसको अन्तिम असर के हुन सक्छ भनी आङ्कलन गर्ने गर्दछु। त्यस कुराले मलाई निर्णय लिन सहज पार्छ। वि.स.२०५५ साल श्रावण २८ गतेदेखि २० रुपैयाँका दरले बचत जम्मा गर्न थालनी गरेको केही बर्ष पछि रु.१०० का दरले बचत जम्मा गरेको समूहमा केही समय अघि १५ लाख ४२ हजार भन्दाबढी रकम जम्मा भैसकेको थियो । बचतकर्ताहरुले जनही ४५ हजार भाग गरी केही पैसा समूहमा नै राखेर बचत जम्मा गर्ने कार्यलाई निरन्तरता दिएको उक्त समूहकी अध्यक्ष नैनकला खड्काले बताउनुभयो। उहाँका अनुसार गाउँमै  खुलेको पहिलो समूहको अनुसरण गर्दै हाल १५ वटा जति समूह स्थापना भैसकेका छन्। ग्रामीण तहमा पुगेर समूह निर्माण गर्दै बचत गर्नुपर्छ भन्ने कुराको बिजारोपण नेपाल ग्रामीण विकास समाज केन्द्र (NRDSC) ले गरेको उहाँको भनाइ छ।

त्यस बेला म सरकारी स्कुलमा ८ कक्षामा पढ्थें । बोर्डिङ स्कुल, कलेज पढ्ने विद्यार्थीहरूका ठूला-ठूला किताब देख्दा मलाई पनि ठूला किताब बोक्ने र पढ्ने रहर थियो। एक दिन ममीले मैले

देखेको भन्दा पनि ठूलो महिला सशक्तीकरण कार्यक्रम, अधिकार, जिम्मेवारी र वकालत  सहभागी पुस्तिका भाग-१ नाम गरेको किताब ल्याउनुभयो। यो किताब २१ से.मी चौडा, ३० से.मी.लम्बाइ र ३०९ पेजको थियो। सो किताब नेपाल ग्रामीण विकास समाज केन्द्र (NRDSC) ले दिएको थियो। ठूलो किताब पढ्ने मेरो इच्छा पूरा भयो। केही दिन लगाएर मैले सो किताब पढें, नबुझेका कुराहरू ममीलाई सोधे, स्याबासी पाउनको खातिर मैले जानेका कुरा पनि ममी, बुवालाई सुनाउँथें। त्यस पछि ममीले NRDSC ले दिएका महिला उद्यमी कार्यक्रम पहिलो किस्ता हाम्रो समूह, महिला उद्यमी कार्यक्रम दोस्रो किस्ता सामुदायिक बैकको गठन,  महिला उद्यमी कार्यक्रम तेस्रो किस्ता सामुदायिक बैक र ऋण,  महिला उद्यमी कार्यक्रम चौथो किस्ता, सामुदायिक बैकका उद्यमी लगायतका थुप्रै किताबहरू ल्याउनुभयो। समय मिलाएर मैले ती किताबहरू पनि पढें। म सुत्ने खाटमुनि मैले पढ्ने स्कुलका किताबहरूको लहरमा ती किताबहरूको पनि छुट्टै लहर बनाएर राखें। ती किताबहरू अहिले पनि मसँग सुरक्षित छन्। ती किताबहरूले दिन खोजेको सन्देश प्राय मैले पाइसकेको थिएँ। त्यस बेलासम्म नेपाल ग्रामीण विकास समाज केन्द्र (NRDSC) ले मेरो मस्तिष्कमा छुट्टै स्थान बनाइसकेको थियो। अब म यो NRDSC के हो भनी खोजी गर्न थालें। घर नजिकै स्कुलमा नेपाली पढाउने शिक्षक बुद्धिसागर दाहालको घर थियो।

विराटनगरबाट NRDSC का सरहरू आउँदा त्यही बस्नुहुन्छ भनी सुनेको थिएँ। एक दिन म बुद्धिसागर सरको घरमा पुगेर NRDSC का सरहरू सँग भेट गराईदिन आग्रह गरें। २०५७ सालको बर्खायामको बेला थियो म खेतमा काम गरिरहेको थिए। NRDSC का सरहरू आएकोले भेट गर्न बुद्धिसागर सरले बोलाउँदै हुनुहुन्छ भन्ने खबर आयो। खबर सुन्नेबित्तिकै म हतार हतार घर पुगें र विराटनगरबाट आएका सरहरूलाई भेट्न खुसी हुदै बुद्धिसागर सरको घर पुगें। त्यस बेला म NRDSC का सरहरूलाई भेट्नभन्दा पनि उहाँहरूलाई हेर्न गएको थिएँ। गफ गर्नलाई उमेरले पनि सानो भएकाले बाह्य कुराको खासै जानकारी थिएन। त्यही दिन मैले पहिलो पटक NRDSC का सभापति मणिकुमार अर्ज्याललाई भेटेको थिएँ। बुद्धिसागर सरले म तर्फ इङकित गर्दै ऊ पनि यस्तो सामाजिक काममा चासो राख्छन्। स्कुलमा हुने साप्ताहिक कार्यक्रममा पनि सक्रिय सहभागी हुन्छन् भनी भूमिका बाँध्नुभयो।

त्यतिकैमा मणिसरले तात्कालीन द रेयूकाई नेपालको सदस्य बनाऔं। विराटनगरमा विभिन्न कार्यक्रमहरू भई रहन्छन्, उनलाई कार्यक्रमहरूले सहयोग पुऱ्याउँछ भन्ने सल्लाह दिनुभयो। म रेयूकाईको साधारण सदस्य बने। एक दिन मलाई बुद्धिसागर सरले साइकलको पछाडि राखेर अमरदहबाट विराटनगरसम्म द रेयूकाइ नेपाल विराटनगर शाखाले आयोजना गरेको कविता प्रतियोगितामा भाग लिन ल्याउनुभयो। सो कविता वाचन प्रतियोगितामा मेरो खै कहाँ छ मानवता भन्ने शीर्षकको कविता प्रथम भयो। त्यही कार्यक्रमबाट विराटनगरका विभिन्न सङघ/संस्थाका प्रतिनिधिहरू सँग चिनिने मौका पाएँ। त्यसै क्रममा केही समय पछि फेरि रेयूकाइले विराटनगरमा ३ दिने आधारभूत उद्घोषण तालिमको आयोजना गऱ्यो। मणि सरको पहलमा मैले पनि त्यो तालिममा सहभागिता जनाउने अवसर पाएँ। त्यो तालिमपश्चात् मेरो बोल्ने बानीको विकास भयो। फलस्वरुप २०६३ सालतिर बि एफ.एममा केही समय समाचार वाचकको रूपमा पनि काम गरें।

एसएलसीपछिको उच्च शिक्षा हासिल गर्न म विराटनगर आएँ। विभिन्न कार्यक्रमहरूमा मेरो उपस्थिति बढ्दै गयो। एक दिन मणि सरले मलाई NRDSC को कार्यालय बोलाउनुभयो। उहाँ कार्यकारी निर्देशक हुनुहुँदो रहेछ। उहाँ बस्ने कुर्सीमा घ्यु कलरको तौलिया थियो। ५-६ जना कर्मचारीहरू पनि हुनुहुन्थ्यो। सोही दिन मैले नजिकबाट कम्प्युटर र कम्प्युटरमा इन्टरनेटको माध्यमबाट काम गरेको देखें। मेरो नजरमा त्यस दिन उहाँ आमाबुबा, आफ्ना-आफन्तहरूले दशैंको टीका लगाउँदा ठुलो मान्छे बनेस् भनेर आशिष दिँदा मस्तिष्कमा चित्रित हुने ठुलो मान्छेमध्येको एक हुनुहुन्थ्यो। त्यस दिन उहाँले डेरा कहाँ छ ? म पनि हेर्न जान्छु। केही कार्यक्रम भयो भने खबर गर्न सजिलो हुन्छ भन्नुभयो।

म निशब्द भएँ। कारण उहाँले म प्रति देखाएको महत्व। मैले उहाँलाई डेरा देखाए, सुत्ने खाटलाई साक्षी राख्दै मेरो मनमा कुरा खेलाउन थाले मलाई किन यति महत्व दिएको होला। यो भावनात्मक सम्बन्ध पनि यति प्रगाढ आदी इत्यादी। केही दिनपछि मेरो फेरी उहाँसँग भेट भयो। मैले कम्प्युटर सिक्ने चाहना राखें। सोही दिन मलाई संसारीमाई स्थानमा रहेको कोरल कम्प्युटर ग्राउण्टमा लग्नुभयो। त्यो दिन हामी गफ गर्दै हिँड्दै गयौं। बाटोमा बेला बेला उहाँ मेरो हात समाउनुहुन्थ्यो। मेरो मनमा आत्मीयताले ज्वरो फुटाउन खोज्थ्यो। सायद त्यहाँ उहाँको चिनजान थियो, केही रकम छुट गराई मेरा एडमिसन गराइदिनुभयो। मलाइ कर्मको मार्ग तर्फ अग्रसर गराउन उहाँले खेलेको भुमिका शब्दमा व्यक्त गर्न सक्दिन। हृदयले मात्र महसुस गर्छ। यसको वर्णन गर्न मलाई रतिभर सकोंच छैन। यो विशेष मौकामा यो आदर्श कार्यको वर्णन नगरे मेरो मन सधैं भारी भईरहने छ।

आइ.कम.दोस्रो वर्षको परीक्षा दिएपछि रिजल्ट नआउन्जेलसम्म विराटनगरमा डेरा गरेर बस्ने बाटो सकियो। म अमरदह फर्के। त्यही समयमा NRDSC ले उत्प्रेरक पदको लागि कर्मचारी माग गऱ्यो। मैले पनि आवेदन दिएँ, लिखित परीक्षा, अन्तरवार्ता भयो। NRDSC को उत्प्रेरक (फिल्ड सहायक) पदमा छनौट भएँ। वि.स.२०६२/०५/०१ गते ६ तालिमे तालिमे कर्मचारीको रूपमा उपशाखा कार्यालय झुम्का पोष्टिङ्ग भयो। मलाए ६ महिने तालिमे कर्मचारीको रूपमा खटाइएको थियो। मसँग सोही कार्यालयमा अरू ५ जना साथीहरू पनि तालिमे कर्मचारीको रूपमा हुनुहुन्थ्यो। ६ महिनामा ६० जना विपन्न दिदी बहिनीहरूलाई समूहमा आबद्ध गराई बैकिङ्ग कारोबार गराउने र कार्यालयको काम पनि सिक्ने लक्ष्य दिएको थियो। मैले पहिले नै महिला सशक्तीकरण र सामुदायिक बैकको बारेमा अध्ययन गरी सकेकोले काम गर्न सजिलो भयो।

३ महिनाको समयमा ९५ जना विपन्न दिदी बहिनीहरूलाई समुहमा आबद्ध गराई कार्यालयको काम पनि सिकिसकेको थिएँ। मेरो कामको मूल्याङ्कन गर्दै संस्थाले मलाई ३ महिना मै पूर्ण जिम्मेवारीको साथ शाखा कार्यालय सिमरिया (हालको दुहबी) पठायो। २०६४ साल ज्येष्ठ मसान्तको कारोबार हस्तान्तरण भई नेरुडे वित्तीय संस्था लि.(लघुवित्त विकास बैक) सञ्चालनमा आयो म पनि बैकको कर्मचारी भएँ। इमान्दार र कर्तब्यनिष्ठ भई काम गरिरहे। आजसम्म आइपुग्दा म नेरुडे लघुवित्त वित्तीय संस्थाको योजना तथा व्यवस्थापन सूचना प्रणाली विभागको विभागीय प्रमुखको रूपमा कार्यरत छु। एउटा राष्ट्रिय स्तरको वित्तीय संस्थाको विभागीय प्रमुखको जिम्मेवारी

सम्हाल्न पाउनु मेरो लागि गौरवको कुरा हो । मलाई यस स्थानसम्म पुऱ्याउन मेरो काम प्रतिको लगनशीलता, इमान्दारिता र मिहिनेतले पक्कै पनि केही स्थान लिन्छ। साथै कर्मको मार्ग देखाउने, हिडन सिकाउने आदरणीय प्रबन्ध सञ्चालक मणिकुमार अर्ज्याल अन्य विभागका विभागीय प्रमुखहरू र नेरुडेका सम्पूर्ण सहकर्मीहरूको माया र सहयोगले पनि विशिष्ट स्थान ओगट्छ।

NRDSC ले अहिले ज्येष्ठ नागरिकको सवालमा धेरै कामहरू गर्दै आइरहेको छ । विराटनगर क्षेत्रभित्र रहेका ज्येष्ठ नागरिकको सवालमा काम गर्ने सङ्घ/संस्थाको बारेमा प्रतिवेदन तयार, ज्येष्ठ नागरिकको हक अधिकारको सवालमा खुल्ला बहस कार्यक्रम, ज्येष्ठ उमेरमा लाग्ने रोग र समाधानको उपायबारे सचेतना कार्यक्रम यसका उदाहरण हुन् । मेरो पनि कार्यक्रमहरुमा सक्रिय सहभागिता हुन्छ । नेपाल ग्रामीण विकास समाज केन्द्र (NRDSC) ले मेरो जीवनको बाल्यकाल, युवावस्थाका लागि आवश्यक ज्ञानमात्र दिएन बुढेसकालमा जिउनको लागि पनि तयार बनाइ सकेको छ। नेपाल ग्रामीण विकास समाज केन्द्र (NRDSC) ले विगतका दिनहरुमा समाज परिवर्तनका लागि व्यवसायिक दक्षता अभिवृद्धिसम्बन्धी विभिन्न तालिमहरु, अनौपचारिक शिक्षा कार्यक्रमअन्तर्गत पौढ कक्षा, बालकक्षा साथै मातृ शिशु स्याहार, उद्यमशीलता व्यवस्थापन तालिम, पशुधन व्यवस्थापन तालिम, ग्रामीण महिला पशु स्वास्थ्य तालिमलगायतका कार्यक्रमहरु सञ्चालन गरी समाज परीवर्तनमा ठूलो योगदान पुऱ्याएको छ।

समय परिवर्तनशील छ हिजोको आवश्यकता जे थियो सोअनुसारको कार्य भएको छ । अबका दिनमा  संस्थाले ज्येष्ठ नागरिकको सवालमा काम गरी समाज परिवर्तनमा अर्को आयाम थप्न जरुरी छ। मानिसहरुको औसत आयुको बढोत्तरीसँगै ज्येष्ठ नागरिकहरुको सङ्ख्या पनि बढ्दै गएको छ । ज्येष्ठ नागरिकहरुले समाज र राज्यलाई ठूलो योगदान पुऱ्याउन सक्दछन् । जीवनकालमा सिकेका ज्ञान, सीप र अनुभवलाई उपयोग गराउन यस संस्थाले काम गर्नु पर्छ । ज्येष्ठ नागरिकहरु कती जना सँग कस्ता कस्ता ज्ञान, सीप, कला तथा बिशेषज्ञता छ भन्ने सम्बन्धमा सायद राज्य सँग पनि लेखा जोखा नहोला।

कम्तीमा विराटनगर क्षेत्रभित्र रहेका ज्येष्ठ नागरिकको सङ्ख्या र उनीहरुमा भएको ज्ञान, सीप, कला तथा विशेषज्ञताको तथ्याङ्क तयार गरी सोहीअनुसार उनीहरुको प्रयोग गर्न संस्था आफैं र राज्यका संयन्त्रलाई झकझक्याउनुपर्छ। दिवा सेवा केन्द्र, ज्येष्ठ नागरिक ग्रामको बिषयमा समेत काम गर्न सके संस्थाले राम्रो प्रगति गर्न सक्ने थियो भन्ने  मोरो बुझाइ  छ।

नेपाल ग्रामीण विकास समाज केन्द्र (NRDSC) ले मेरो जीवनमा खेलेको भूमिका म मात्र महसुस गर्न सक्छु। भोलिका दिनमा पनि NRDSC लाई जीवितै राख्न मेरो सधैं साथ र सहयोग रहनेछ। नेपाल ग्रामीण विकास समाज केन्द्र (NRDSC) ले आज २५ वर्ष पुरा गरी रजत महोत्सव मनाइरहेको छ । राम्रा काम गरेकै कारण आज यो दिन आएको हो । यसले गरेका कामहरू सम्माननीय छन्। नेपाल ग्रामीण विकास समाज केन्द्र (NRDSC) लाई उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

●●

# सूचनाको हक र थाहा अभियान



**राजु श्रेष्ठ**

सूचना भनेको नै ज्ञान, शक्ति र सम्पत्ति हो। शुसान, पारदर्शिता, जवाफदेहिता, उत्तरदायी राज्य, विकसित र समृद्ध समाज निर्माणका लागि सबै नागरिक सक्रिय हुनुपर्दछ। नागरिक सक्रिय बन्नका लागि सर्वप्रथम सचेत हुनुपर्दछ। जनता सचेत बन्नका लागि शिक्षित हुनुपर्‍यो। शिक्षित हुनका लागि नागरिकमा ज्ञान र विद्या हुनुपर्‍यो। ज्ञान र विद्या हुनुका लागि सबै कुराको सूचना, जानकारी हुनुपर्दछ। त्यसैले सूचनानै विकास र सम्पत्तिको आधार हो। यो विश्वमा केहि समय पहिले जोसँग धेरै जमिन, जंगल, जल थियो त्यो राष्ट्र वा व्यक्ति शक्तिशाली, जामिनदार, मुखिया, कहिलिन्थो। उ नै शक्ति केन्द्रित हुन्थ्यो। त्यस पछिको समयमा जोसँग ज्ञान, बुद्धि र शिक्षा भयो, उ नै शक्तिमान र विद्वान भनियो। अनि विद्वान सर्व पुज्यतेः भनियो। हालको अवस्थामा हेर्ने हो भने जोसँग धेरै सूचना छ, जो व्यक्ति वा समुदाय सूचनासँग खेल्न सक्छ, जस्ले सूचना दिन सक्छ, जसले सूचना लिन सक्छ, जसले सूचनालाई आफ्नो अधिनमा राख्न सक्छ, जस्ले सूचनाको खरिद बिक्रि गर्न सक्छ। त्यस्ता व्यक्ति तथा समुदायहरु नै अहिले शक्तिशाली, बुद्धिमान, विवेकशील, धनी कहलिने गरेको छ।

त्यसैले त अहिले विश्वको धनी भनिएका राष्ट्र वा मानिसहरुको सूचिमा सूचना र प्रविधिमा अगाडि भएका आएका छन्। मानिस बिना सूचना एक पल पनि रहन सक्दैन। तापाई हामीले दैनिक जीवनमा गरिने सम्पुर्ण व्यवहार सूचना प्राप्तिका लागि नै भइरहेको हुन्छ। घडी, रेडियो, टीभी, मोबाईल, ईन्टरनेट, पत्रपत्रिका आदिको प्रयोगको उद्देश्य पनि सूचनाको लागि नै हो। मानौ तपाईलाई कसैले नयाँ ठाउँमा बोलायो तपाई जानु पनि भो तर त्यहाँ पुगेपछि फोनको सबै नेटवर्क गयो भने तपाई हराउनु हुने छ। तपाई हामी सूचनाको दास भै सकेका छौं। एकै छिन पनि तापाई अब, मोबाईल, फोन, इन्टरनेट नभएको कल्पना गर्नुस् त कति छटपटि र अन्धकार हुन्छ ? त्यो सबै हामीले सूचनाको खातिर प्रयोग गरि रहेका हुन्छौं। वास्तवमा मानिस स्वाभावैले सधै नयाँ कुराको भोको हुन्छ र सधै नयाँ अनुभव र नयाँ आविष्कारको लागि लागिपरिरहेको हुन्छ। मानिसको

जीवनको सुरुवात पनि नयाँकुराको खोजी बाटै र अन्त्य पनि नयाँ कुराको अनुभवबाटै हुन्छ।

**थाहा हुनु नै सूचना हो :**

नयाँ कुरा वा नयाँ अफडेट भएको ज्ञान, सीप, जानकरी नै सूचना हो। त्यसैले हामीले थाहा पाउने नयाँ जानकारी नै सूचना हो। कुनै बच्चालाई यो आगो हो यस्ले पोल्छ या यो खोर्सानी हो यो पिरो हुन्छ यसलाई नछुनु नखानु भन्यो भने मान्दैन तर उसलाई एक पटक मैनबत्तिले पोल्यो भने, खोर्सानीको पिरो स्वाद थाहा पायो भने उ फेरी त्यो प्रयास गर्न डराउँद छ। गाउँघरमा मानिस मर्‍यो दाहासंस्कारका लागि त्यसको सूचना वरिपरिको गाँउसम्म दिनलाई शंखको आवाजबाट सूचना दिने गरिन्छ। छिमेकमा कहिले काही माछा, मासु, अण्डा आदि पकाएको कुरा बास्नाले बाहिर नै थाहा हुन्छ। मानिसले आफ्नो भूमिका सफलता साथ र्निवाह गर्न, मानिसलाई कुनै विषयको विशेषज्ञता प्राप्त गर्न, आलोचक वा विश्लेषक बन्न आफू जानकार र सूसुचित हुनु पर्दछ। सूचना हेरेर, सुनेर, छोएर, पढेर, सुँगेर, चाखेर अनि आफै कुनै काम गरेर प्राप्त गर्न सकिन्छ। मानिसलाई पौडी खेल्ने कलाको बारेमा भनेर, सुनेर, पढेर त्यो सम्भव छैन त्यसका लागि मानिस पानीको पोखरीमा पौडिने प्रयास गर्न जरुरी छ। त्यस्तै सवारी साधन चलाउन किताबी ज्ञान र साक्षरताले भन्दा पनि स्वयम आफैले गरेरमा गाडि, बाइक लगायतका साधानहरु चलाउन सकिन्छ। अनि मात्र त्यो काम सक्रिय साथ गर्न सकिन्छ। त्यसैले थाहा नै सूचना हो।

**सूचनाको हक मौलिक हक :**

मानिसको जीवनमा सूचनाको प्रभाव अत्यन्त ठूलो हुन्छ। सूचना त्यस्तो शक्ति हो जसले व्यक्ति, नागरिक वा जनतालाई अधिकारका बारेमा स्पष्ट बनाँउछ र अधिकारको खोजीमा क्रियाशील बनाउँछ। लोकतन्त्रमा सुशासन, पारदर्शिता र जवाफदेहिताका लागि नागरिकले सहि सूचना थाहा पाउनु पर्दछ। राज्य र सरकारले हरेक नागरिकसम्म सहि सूचना पुर्‍याउनु पर्दछ। राज्यका काम कारवाहि जनतालाई दिने उद्देश्यले सन् १७६६ बाट स्वीडेनबाट सूचनाको हकलाई कानूनी रुपमा आएको इतिहास छ। त्यसैले त हाल विश्वका १०४ भन्दा बढि देशहरुमा सूचनाको अधिकार कानूनी रुपमा नै आएको अवस्था छ। हाम्रो देशमा पनि सूचनाको अधिकारलाई मौलिक अधिकारको रुपमा प्रत्याभूत गरिएको छ। यो अधिकारको प्रयोगले सार्वजनिक निकायको पारदशीता र जवाफदेहीता बढाउने काम गर्दछ। यस हक अन्तरगत सार्वजनिक निकाय भन्नाले सबै सरकारी, अर्धसरकारी, गैरसरकारी तथा कानून मान्यता प्राप्त सबै राजनीतिक दलहरु मानिएको छ। सबै स्थानीय निकायहरु, विद्यालय, अस्पताल, संस्थान, एनजीओ, आईएनजीओ र राजनीतिक पाटीहरु, सहकारी संस्थान, स्कुल लगायत आदिमा रहेको सूचनाहरु सबै नागरिकले हेर्न, पढ्न, प्रमाणित प्रतिलिपि लिन सक्दछन्।

सार्वजनिक निकायबाट नागरिकहरुले पाउने सेवा सुबिधाहरु नपाएमा, समयमा नपाएमा तथा पाउनु पर्ने भन्दा कम पाएमा त्यसको कारण बारेमा सूचनाको हक प्रयोग गरि जान्न र थाहा पाउन सकिन्छ। नेपालको संविधान २०७२ को धारा २७ , सूचना हक सम्बन्धी ऐन २०६४ तथा

नियमवाली २०६५ ले सूचनाको हकलाई कानूनी रुपमा प्रत्याभूत गरेको छ । यो अधिकारको प्रत्याभूति गर्न राष्ट्रिय सूचना आयोग भूमिका महत्वपूर्ण हुन्छ।

**जान्नै पर्ने सूचनाको अधिकार**

लोकतन्त्रमा जनता नै राज्यको शासन व्यवस्थाको सर्वेसर्वा निर्णायक हुन्छन्। सही निर्णय गर्न जनतालाई सही सूचना चाहिन्छ । जनताले तिरेको करस राज्यको स्रोत साधनबाट भएको आर्जन र जनताको नाममा आएको सहयोगबाट तलब र सुविधा पाउने जनप्रतिनिधि, कर्मचारी तथा सार्वजनिक निकायहरु सबै जनताप्रति जवाफदेही हुनु पर्दछ। त्यसैले सार्वजनिक निकायका निर्णय, कामकारवाही, बजेट इत्यादि सम्पूर्ण सूचना जनताले थाहा पाउनुपर्छ। सूचना जनताको मौलिक अधिकार हो । सार्वजनिक निकायका पदाधिकारीहरुले जनताको सूचनाको जिम्मा लिने र व्यवस्थित गर्ने र मागको बेलामा उपलब्ध गराउनु पर्दछ। यही लोकतन्त्रको आधार र संस्कार पनि हो । सूचनाको अधिकार अन्तरगत सबै नागरिकहरुलाई सार्वजनिक निकायहरुमा हुने सबै कामको के, किन, कहाँ कहिले, कति र कसरी हुन्छ भन्ने थाहा पाउने अधिकार छ।

**सूचना केका लागि आवश्यक :**

हरेक विषयको सहि सूचना वा जानकारीबाट मात्र दिगो विकास हुन्छ। पारदर्शिता बढ्दछ। जवाफदेहिता अनि शुसान कायम भै सूसुचित र समुन्नत समाजको निर्माण हुनेछ। त्यस्तो समाज नै समृद्ध समाज हो । वास्तवमा सूचना खान मिल्दैन तर बिना सूचना मानिस भोकै मर्दछ । दैनिक जीवनमा भई रहेका सबै कार्यहरु सूचनाको माध्यमबाट नै संचालन भैरहेको हुन्छ। मानिसले प्राप्त गर्ने क्षण क्षणका सूचनाहरु गलत भएमा मानिसको ज्यानै पनि जाने अवस्था हुन्छ। विभिन्न सावारी दुर्घटनाहरु, गलत औषधीको प्रयोग, विद्युतिय करेण्टबाट हुने दुर्घटनाहरु गलत सूचनाको कारण हुने गर्दछ। मानिसले सिक्ने नयाँ कुरा भनेको नै सूचनाको आदन प्रदानबाट हो। नेपालमा दुई दशकअघि राजनीतिक चिन्तक रूपचन्द्र विष्टले मान्छेलाई आलोचक र जागृत बनाउन तथा हरेक काम कुरा बुझेर मात्र गर्न "थाहा आन्दोलन" चलाएका थिए । वास्तवमा "थाहा" आन्दोलन जनताको सूचनाको अधिकारको आन्दोलन थियो । विष्टलाई त्यसबेला थाहा आन्दोलन के हो भनेर कसैले प्रश्न गरेछन्, उनले प्रश्न गर्नेलाई गालामा एक झापु हानेछन् र भनेछन्, कहिल्यै झापु खाइएको थियो ? थिएन यहि त हो नि थाहा भनेको भनेर बुझएका रहेछन।

जय सूचना॥

●●

# व्यक्तिगत परिचय



**मणिकुमार अर्ज्याल**

arjyalmani@gmail.com

**अनुभव तथा संलग्नताः**

- नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड, विराटनगर, प्रबन्ध संचालक
- नेपाल बैंक लिमिटेडमा २५ वर्ष सेवा पुऱ्याई स्वेच्छिक अवकास प्राप्त।
- राष्ट्रिय गैरसरकारी संस्थामा विगत २३ वर्षदेखि सामुदायिक क्षेत्रमा कार्यरत
- नेपाल गैरसरकारी संस्था महासङ्घ क्षेत्रीय संयोजक
- ज्येष्ठ नागरिक नगर समन्वय समिति, विराटनगर
  लगायत विभिन्न सामाजिक संघ/संस्थाहरुमा आबद्ध

**बैदेशिक भ्रमण**

भारत, बंगलादेश, अमेरिका, स्पेन, श्रीलंका, चीन, इण्डोनेसिया, मलेसिया, फ्रान्स, सिङ्गापुर, फिलिपिन्स, थाइल्याण्ड, भियतनाम, कम्बोडिया लगायतका मुलुकहरु।

**पुरस्कार तथा सम्मानः**

- ग्रामीण महिला उत्सुकता विकास मञ्च (फरवार्ड) दुहवीबाट पूर्वाञ्चलमानै पहिलो केन्द्रीय कार्यालय खोली लघुवित्त कार्यक्रमलाई सफलतापूर्वक संचालन गर्नमा महत्वपूर्ण योगदान पुऱ्याए वापत सम्मानित।
- राजवंशी सामाज उत्थान समिति विराटनगरबाट लघुवित्त कार्यक्रमलाई सफलतापूर्वक संचालन गर्नमा महत्वपूर्ण योगदान पुऱ्याए वापत सम्मानित।
- गैर सरकारी संस्था महासंघ मोरङ शाखाबाट सम्मानित।
- जेसिज लगायत विभिन्न संघ/संस्थाहरुबाट पुरस्कृत।



## भुवनेश्वर मण्डल

ठेगाना : बुढीगंगा गाउपालिका-३, बासवारी, मोरङ्
जन्ममिति : २०१६ भदौं २५ गते
शैक्षिक योग्यता : स्नातक
बैदेशिक भ्रमण : भारत, बंगलादेश, जापान, थाइल्याण्ड, चीन

**कार्यअनुभवः**

- रेयूकाई नेपालको मोरङ् शाखाको अध्यक्ष तथा राष्ट्रिय सह-सचिव (२०४८-२०५३)
- गैरसरकारी संस्था महासंघको केन्द्रीय सदस्य (२०४८-२०५७)
- श्री जनप्रिय मा.वि. सञ्चालक समितिको अध्यक्ष (२०४९-२०६९)
- टंकिसिनुवारी नमुना गा.वि.स.अध्यक्ष (२०५४-२०२०६९)
- श्री नरग्राम उ.मा.वि. व्यवस्थापन समितिको अध्यक्ष (२०५५-२०५७)
- गा.वि.स. राष्ट्रिय महासंघ मोरङ् शाखाको उपाध्यक्ष (२०५६-२०७३)
- नेपाल रेडक्रस सोसाइटी टंकिसिनुवारीको उप-सभापति (२०६३-२०६७)
- नेरुडे लघुवित्त विकास बैक सञ्चालक समिति सदस्य (२०६४-२०७४)

**संलग्नता/आवद्धता :**

- नेपाल ग्रामीण विकास समाज केन्द्र- उप सभापति
- यूरासिया रेयूकाई नेपाल २८ औं शाखाको उपाध्यक्ष
- राजवंशी समाज उत्थान समिति (विराट)को केन्द्रीय अध्यक्ष
- राम जानकी श्री हरिहर गुरुकुल विद्यालय बुढीगंगा-३ सञ्चालक समिति उपाध्यक्ष
- लोकतान्त्रीक गैरसरकारी संस्था महासंघ प्रदेश नं.१ को अध्यक्ष
- प्रकृति र मानव केन्द्रीत जन अभियान नेपालको अध्यक्ष
- नेपाल कब्ड्डी संघ मोरङ् शाखाको अध्यक्ष
- नेपाल बाल संगठन मोरङ् शाखाको कोषाध्यक्ष
- मुक्ति आश्रम केन्द्र टंकीसिनुवारीको सदस्य
- सहकारी संस्था कञ्चनवारीको जिल्ला प्रतिनिधि



## सुरेन्द्रराज भट्टराई

जन्ममिति : सन् १९४९ अक्टुबर २५
जन्म स्थान : लाहान-९, सिरहा
शैक्षिक योग्यता : एम.बीए.
बैदेशिक भ्रमण : थाईल्याण्ड, अमेरिका, फिलिपिन्स, बंगलादेश, अष्ट्रेलिया, श्रीलंका, भारत

**कार्यअनुभव:**

- कृषि विकास बैंक लि.मा ३० वर्षको कार्य अनुभव
- अध्यक्ष- आर्थिक तथा सामाजिक विकास केन्द्र नेपाल, इनरुवा
- महासचिव- नेपाल ग्रामीण विकास समाज केन्द्र, विराटनगर
- कार्यसमिति सदस्य- नेरुडे लघुवित्त वित्तीय संस्था लि., विराटनगर
- कोषाध्यक्ष - नेपाल अर्थ राजनीतिक मञ्च, काठमाण्डौं

**संलग्नता/आवद्धता :**

- पूर्व जर्ननर मेनेजर-बायोज एण्ड इकुइक्मेण्ड प्रा.लि.
- संचालक सदस्य - विनय हस्पिटल गोगबु, काठमाण्डौं
- अध्यक्ष -सप्तकोशी सरोकार समाज
- साधारण सदस्य- नेपाल रेडक्रस सोसाइटी
- रजिष्ट्रर अडिटर बि
- फामर हेडमास्टर- जनता प्रा.विद्यालय, लाहान सिराहा
- नेपाका राजनीतिमा २०१९ सालदेखि आवद्धता



## हरि प्रसाद पोखरेल

ठेगाना : विराटनगर-२
जन्ममिति : २००५ भदौ ५ गते
शैक्षिक योग्यता : आइ.ए.
वैदेशिक भ्रमण : भारतका विभिन्न ठाउँहरु

**कार्यअनुभव:**

- द रेयुकाई नेपालको सदस्य
- नेपाल क्षयरोग निवारण संस्थाको आजीवन सदस्य

- एलिट क्लब विराटनगरको सदस्य
- जिल्ला विकास समिति मोरङ्को जिल्ला सदस्य (२०५४
- जियर शैक्षिक कार्यक्रम संस्कृत विद्यालयको संस्थापक अध्यक्ष

**संलग्नता आवद्धता :**

- कोषाध्यक्ष-नेपाल ग्रामीण विकास समाज केन्द्र
- नेपाका राजनीतिमा २०२८ सालदेखि आवद्धता
- रेड क्रसको जिल्ला सदस्य



## गायत्री अर्ज्याल नेपाल

ठेगाना : भानुटोल, विराटनगर-९
जन्ममिति : २००५ महिना १० गते ५
शैक्षिक योग्यता : आइ.ए.
बैदेशिक भ्रमण : भारत, अमेरिका, थाइल्यान्ड

**कार्यअनुभवः**

- नेपाल बैंक लिमिटेडमा २२ वर्ष सेवा
- लेखनाथ वाचनालयको - सदस्य

**संलग्नता आवद्धता :**

- नेपाल ग्रामीण विकास समाज केन्द्र- संस्थापक कार्यकारी सदस्य
- जेष्ठ नागरिक सेवा समाज -उपाध्यक्ष
- विभिन्न सङ्घ संस्थाहरुमा आवद्धता



## मनमोहन उपाध्याय

ठेगाना : विराटनगर-१६
जन्ममिति : १९९८
शैक्षिक योग्यता : आई.ए.
बैदेशिक भ्रमण : भारतका विभिन्न स्थानहरु
कार्यअनुभव : नेपाल बैंक लि. मा २४ वर्षको कार्य अनुभव

**संलग्नता आवद्धता :**

- नेपाल ग्रामीण विकास समाज केन्द्र-कार्यकारी सदस्य



## मीरा अर्ज्याल

ठेगाना : विराटनगर, मोरङ
जन्ममिति : २०१४ श्रावण १ गते
शैक्षिक योग्यता : एस.एल.सि.
बैदेशिक भ्रमण : अमेरीका, क्यानाडा, चीन, भारत

**कार्य अनुभव:**

- १६ नगर वडा सदस्य २०४४
- अखिल नेपाल महिला कमिटि सदस्य

**संलग्नता आवद्धता:**

- बागेश्वरी सहकारी संस्था - कार्यकारी सदस्य
- लेखनाथ वाचनालयको - सदस्य
- नेपाल ग्रामीण विकास समाज केन्द्र - सदस्य

# पूर्व कार्याकारी समितिका पदाधिकारीहरु



## विजय कुमार शर्मा (कार्यकारी सदस्य)

ठेगाना : विराटनगर १० प्रतिभा चौक, मोरङ
जन्ममिति : सन् १९६२ डिसेम्बर २८
शैक्षिक योग्यता : आइ. कम.
बैदेशिक भ्रमण : भारतका विभन्न क्षेत्रहरु
कार्य अनुभव: नेपाल बैंक लि. मा २० वर्षको कार्य अनुभव



## उद्धव प्रसाद शर्मा (महासचिव)

ठेगाना : काठमाण्डौं
जन्ममिति : २००२ असोज ३ गते
शैक्षिक योग्यता : आइ.एस.सी.
बैदेशिक भ्रमण : भारत, बेलायत, फ्रान्स, इटाली लगायत विभिन्न देशहरु

**कार्य अनुभव:** - नेरुडे लघुवित्त वित्तीय संस्था लि.

- जिल्ला जनस्वास्थ्य
- UNICEF



**शिव कुमार राय (कार्यसमिति सदस्य)**

ठेगाना : विराटनगर महानगरपालिका -४, मोरङ

जन्ममिति : २०२४।०४।३०

शैक्षिक योग्यता : एम.बी.ए.

बैदेशिक भ्रमण : भारत, बङ्गलादेश, बैंकक, हंगेरी

**कार्य अनुभवः** - नेपाल ग्रामीण विकास बैंक लि.

- संयुक्त राष्ट्रिय संस्थाहरु (युनएनडिपी, आइएलओ, युएनएचसिआर)



**फनिलाल चौधरी (कार्यसमिति सदस्य)**

ठेगाना : विराटनगर-११, पिचरा

जन्म स्थान : अमाहीवेलाहा-२, सुनसरी

जन्म मिति : २०१८ जेठ २३ गते

शैक्षिक योग्यता : एम.ए. (अर्थशास्त्र, नेपाली)

बैदेशिक भ्रमण : भारत, बंगलादेश, थाइल्याण्ड

कार्य अनुभवः २७ वर्ष लघुवित्त, UNDP, Plan Nepal, Unnati Access to Finance



**पम्फा शर्मा (कार्यसमिति सदस्य)**

ठेगाना : काठमाण्डौं मा.न.पा.-८, पिङ्गला स्थान

जन्ममिति : वि.सं. २००७ जेष्ठ २० गते

शैक्षिक योग्यता : एम.ए., बिएड

बैदेशिक भ्रमण : भारत, अमेरिका,

## कार्य अनुभवः

- शिक्षण संस्थामा ३४ वर्षको कार्य अनुभाव
- गैरसरकारी संस्था महासङ्घमा केन्द्रीय समितिको महिला विभागमा
- गैरसरकारी संस्था महासंघ मोरङ जिल्ला समितिमा रहेर कार्य गरेको
- ज्येष्ठ नागरिक केन्द्र, दवाली समाज काठमाण्डौ. सचिव
- दवाली मिलन केन्द्रको कार्य समितिको सदस्य
- विभिन्न धार्मिक संस्थाहरुमा आवद्धता रहेको

# साधारण सदस्यहरु

| क्र.सं. | नामवली |
|---|---|
| १. | श्री डा. भेषप्रसाद धमला |
| २. | श्री डा. सुजन रिजाल |
| ३. | श्री विजय शर्मा |
| ४. | श्री भानु अर्याल |
| ५. | श्री राजीव अर्याल |

| क्र.सं. | नामवली |
|---|---|
| ६. | श्री गोपाल ढकाल |
| ७. | श्री मोनिका अर्ज्याल रिजाल |
| ८. | श्री मनिषा खनाल |
| ९. | श्री मुक्ता खनाल |
| १०. | श्री श्रद्धा घिमिरे |

# संस्थाको प्रकाशनहरुः

१. विपन्न विरुद्धको अभियान
२. यात्रा भित्रको परिदृश्य
३. जीवन भोगाइका प्रतिबिम्बहरु

# लेखा परीक्षण प्रतिवेदन

श्री नेपाल ग्रामीण विकास समाज केन्द्र,
मालुटोल, विराटनगर-१४ ।

विषयः- लेखा परिक्षण प्रतिवेदन पेश गरेको ।

महाशय,

हामीले यस केन्द्रको आ.व. ०५०।०५१ (२०५० साल श्रावण १ गते देखि २०५१ आषाढ़ मसान्त सम्मको) आम्दानी खर्च हिसाब तथा २०५१ साल आषाढ़ मसान्तको वासलात लेखा परिक्षण गरी निम्न अनुसार प्रतिवेदन दिएका छौं ।

१- लेखा परिक्षणको सिलसिलामा सोधनी र कैफियत तलव भएका कुराको जवाफ यथाशिघ्र प्राप्त भयो ।

२- प्रस्तुत आम्दानी र खर्चको हिसाव तथा वासलातले केन्द्रको आर्थिक स्थिति यथार्थ देखाएको छ ।

३- केन्द्रसंग सम्वद्ध कुनै पनि पदाधिकारीले केन्द्रलाई हानी नोक्सानी हुने काम गरेको उपलब्ध रेकर्डको आधारमा देखिदैन ।

४- लेखा परिक्षणको सिलसिलामा हामीलाई उपलब्ध गराइएको हिसाव किताव तथा जानकारीको आधारमा यो प्रतिवेदन तयार भएको छ ।

( श्रीराम कुमार उपाध्याय )
S. R. UPADHYAY & CO
AUDITOR

श्री

# नेपाल ग्रामिण विकास समाज केन्द्र,

## मानुटोल, बिराटनगर

### ०५१ साल आषाढ मसान्तको

### वासलात

| दायित्व | रकम रु० पै० | सम्पत्ति | रकम रु० पै० |
|---|---|---|---|
| सोधभर्ना हिसाव(तिर्नु पर्ने) | १०,६८६।६६ | फर्निचर एण्ड फिक्श्चर | ४७५।०० |
| | | पुस्तक | ५०।०० |
| | | घाटा-नाफा नोक्सान हिसाववाट ल्याएको | १०,४६४।६६ |
| जम्मा : | १०,६८६।६६ | जम्मा : | १०,६८६।६६ |

मणि कुमार अयालि
समापती

कृषिराम अयालि
महा-सचिव

श्रीराम कुमार उपाध्याय
S. R. UPADHYAY & CO
AUDITOR

श्री नेपाल ग्रामीण विकास समाज केन्द्र
भानुटोल विराटनगर-१४

S. R. UPADHYAYA & CO. REGISTERED AUDITORS BIRATNAGAR

२०५०। श्रावण १ गते देखि २०५१ साल आषाढ मसान्त सम्म को आम्दानी खर्चको हिसाब

| शिर्षक :- | खर्च :- | आम्दानी :- |
|---|---|---|
| सदस्यता शुल्क | | ११५०।- |
| युनिसेफ कार्यक्रम संचालनार्थ प्राप्त | | १७६००।- |
| विविध | २३०८।- | |
| गेसस दर्ता दस्तुर | ४००।- | |
| छपाई तथा मसलन्द | ५२०-।- | |
| भ्रमण खर्च | ८१।- | |
| महिला सिप कार्यक्रम | २४५।५० | |
| डाक तार खर्च | १४।- | |
| घर बहाल खर्च | ४०००।- | |
| ट्रंक तथा टेलिफोन | १६००।- | |
| यूनिसेफ कार्यक्रम संचालन खर्च | १६५४६।४६ | |
| लेखा परिक्षण शुल्क | ५००।- | |
| घाटा हिसाब | - | १०४६४।६६ |
| | २६,२१४।६६ | २६,२१४।६६ |

( मणि कुमार अर्याल )
सभापती

(ऋषिराम अर्याल)
महा-सचिव

(श्रीराम कृ. उपाध्याय)

S. R. UPADHYAYA & CO. AUDITOR

**A. K. Shrestha & Co.**
**Chartered Accountants**
Naxal, P. O. Box 8136
Kathmandu, Nepal

Tel. : 977 – 1 – 4411910
email : anup@enet.com.np

## नेपाल ग्रामिण विकास समाज केन्द्रका

## सदस्य महानुभावहरू समक्ष लेखापरीक्षकको प्रतिवेदन

१. हामीले **नेपाल ग्रामिण विकास समाज केन्द्रको** २०६४ आषाढ मसान्तको वासलात सो मितिमा समाप्त भएको आर्थिक बर्षको आय व्यय हिसाब र नगद प्रवाह विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं । वित्तिय विवरणहरू प्रतिको उत्तरदायित्व व्यवस्थापनमा रहेको छ । व्यवस्थापनले तयार गरेका ती वित्तिय विवरण उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

२. हामीबाट नेपाल लेखापरीक्षण मापदण्ड आधारमा लेखापरीक्षण कार्य सम्पन्न गरिएको छ । वित्तिय विवरण सारभूतरूपमा गलत आकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनका लागि यी सिद्धान्तहरू अनुसार लेखापरीक्षण योजना तयार गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्नुपर्दछ । वित्तिय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ । संस्थाले अवलम्बन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेका महत्वपूर्ण अनुमान एवं वित्तिय विवरण प्रस्तुतिको समग्र स्थितिको मूल्यांकन पनि लेखापरीक्षणमा समावेश हुन्छ । हाम्रो परीक्षणबाट हाम्रो लेखापरीक्षण मन्तब्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

३. हामीले लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानेका सूचना एवं स्पष्टिकरणको साथै माग गरेको विवरणहरू यथासिघ्र रूपमा पायौं । संस्थाको हिसाब किताब तथा श्रेस्ता प्रचलित कानून बमोजिम राखिएको छन । संलग्न वासलात, आय व्यय हिसाब तथा नगद प्रवाह विवरण प्रचलित ढाचामा तयार भएको र सो विवरणहरू संस्थाको लेखासंग ठिक दुरूस्त छन् ।

४. हाम्रो रायमा संलग्न वित्तिय विवरणले २०६४ आषाढ मसान्तको आर्थिक अवस्था र सो मितिमा समाप्त भएको आर्थिक बर्षको आय व्यय हिसाब तथा नगद प्रवाह विवरणले उल्लेखित मितिमा समाप्त बर्षको क्रमश : बचत तथा नगद प्रवाहको उचित एवं यथार्थ चित्रण गर्दछ ।

५. हाम्रो विचारमा हामीलाई उपलब्ध गराएको स्पष्टिकरण तथा हामीले प्राप्त गरेको सुचना तथा हामीले गरेको हिसाब किताबको परीक्षणबाट संस्थाको संचालक समिति, कुनै सदस्य वा कर्मचारीले

क) लेखासाग सम्बन्धित कानुनी व्यवस्था विपरित कामकाज गरेको वा संस्थाको बेहिसाब गरेको वा संस्थाको हानी नोक्सानी गरेको तथा

ख) नेपाल राष्ट्र बैंकको निर्देशन विपरित कामकाज गरेको वा संस्था वा निक्षेपकर्ताहरूको हित र संरक्षण विपरित हुने गरि काम गरेको हाम्रो जानकारीमा आएन ।

६. हाम्रो विचारमा तथा हामीले गरेको हिसाब किताब परीक्षणबाट

क) संस्थाले जोखिम व्यहोर्ने कोषको निमित्त आवश्यक व्यवस्था गरेको छ ।

ख) संस्थाले गरेको कारोवार संस्थाको अख्तियारी भित्र रहेको देखिन्छ ।

७. हाम्रो रायमा संस्थाको व्यवसाय सन्तोषजनक रूपबाट संचालन भएको छ ।

मिति: २०६४/०९/०८
स्थान: काठमाण्डौं, नेपाल ।

अनुप कुमार श्रेष्ठ
ए.के.श्रेष्ठ एण्ड कं.
चार्टर्ड एकाउन्टेन्टस्

A.K. Shrestha & Co. Kathmandu Nepal Chartered Accountants

# नेपाल ग्रामीण विकास समाज केन्द्र
## २०६४ आषाढ मसान्तको
## बासलात

| पुंजी तथा दायित्व | | | | सम्पत्ति | | | |
|---|---|---|---|---|---|---|---|
| गत वर्ष रकम ( रु. ) | पुंजी तथा दायित्व | अनुसुचि | यसवर्ष रकम ( रु. ) | गत वर्ष रकम ( रु. ) | सम्पत्ति | अनुसुचि | यसवर्ष रकम ( रु. ) |
| १७,७०८,२६६।५७ | १ जगेडा तथा कोषहरु | १ | १८,१५८,१६७।३७ | ३७४,२१२।५८ | १. नगद मौज्दात | ५ | ९९५।०० |
| ८८,४३४,६२५।०० | २. तिर्न बांकी कर्जा तथा सापटी | २ | १२८,३४०,१२९।६५ | ३०,९३७,१२५।१९ | २. बैंक मौज्दात | ६ | २७,९५४,०६८।८१ |
| ३५,४४३,७५९।७५ | ३. निक्षेप हिसाब | ३ | ३६,४१२,६८७।७५ | ११,५००,०००।०० | ३. लगानी | ७ | १३,५००,०००।०० |
| १,५२२,३०१।५९ | ४. अन्य दायित्व तथा व्यवस्था | ४ | २,२९९,६०७।२५ | ९०,६९६,४०४।३३ | ४. कर्जा तथा सापट | ८ | ११४,२४०,१२४।०० |
| | ५. जोखिम ब्यहोने कोष | | ३,५०४,१६५।३८ | ८,७३१,५८७।०० | ५. स्थिर सम्पत्ति | ९ | १४,६०३,६०५।०० |
| | | | | ८६९,६२४।५२ | ६. अन्य सम्पत्ति | १० | १८,४१५,९६४।५९ |
| १४३,१०८,९५२।९१ | जम्मा | | १८८,७१४,७५७।४० | १४३,१०८,९५३।६२ | जम्मा | | १८८,७१४,७५७।४० |

अनुसूची १ देखी १८ यस लेखाका अविभाज्य अंग हुन्।

१. सम्भावित दायित्व (Contingent Liabilities) — अनुसूची ११

२. लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु — अनुसूची १९

आजको मितिमा संलग्न प्रतिवेदन अनुसार

कोषाध्यक्ष — महासचिव — उप–सभापति — सभापति

सदस्य — सदस्य — सदस्य

अनुप कुमार श्रेष्ठ
ए.के.श्रेष्ठ एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेन्टस्

मितिः २०६४/०९/८

स्थानः विराटनगर, नेपाल

## नेपाल ग्रामीण विकास समाज केन्द्र
## आय व्यय हिसाव
श्रावण १, २०६३ देखी ३२ आषाढ २०६४

सम्पूर्ण कार्यक्रम

| खर्च | | | | | आम्दानी | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| गत वर्ष रकम (रु) | सि.नं | विवरण | अनुसूचि | यस वर्ष रकम (रु.) | गत वर्ष रकम (रु) | सि.नं | विवरण | अनुसूचि | यस वर्ष रकम (रु.) |
| ६,४७२,४९०।४५ | १ | व्याज खर्च | १५ | ९,९११,४७०।७१ | १८,१७३,६३०।७४ | १ | व्याज आम्दानी | १२ | २४,८०१,९३०।१२ |
| ७,०३८,३१८।८६ | २ | कर्मचारी खर्च | १६ | ९,०५८,७२३।४० | ५५०,७७३।९६ | २ | विविध आम्दानी | १४ | २,७०१,८२२।१४ |
| ४,२३४,३१२।९२ | ३ | कार्यालय सञ्चालन खर्च | १७ | ८,६४६,३५१।५३ | १,६३८,६०१।९४ | ३ | लघु वित्त कार्यक्रममा नोक्सान | | १,५१०,७१७।३८ |
| १,३०६,६८६।४१ | ४ | कर्जा नोक्सानी व्यवस्था | ८.१ | १,३९७,९२४।०० | | | | | |
| १,३११,१९८।०० | ५ | अन्य व्यवस्था | | | | | | | |
| २०,३६३,००६।६४ | | जम्मा | | २९,०१४,४६९।६४ | २०,३६३,००६।६४ | | जम्मा | | २९,०१४,४६९।६४ |
| १,६३८,६०१।९४ | ६ | लघु वित्त कार्यक्रममा नोक्सान | | १,५१०,७१७।३८ | ४,०४५,१२९।०० | ५ | प्लानबाट अनुदान प्राप्त | | ( |
| ६९,०८२।०० | ७ | कारितास कार्यक्तममा खर्च | | ( | ६९,०८२।०० | ६ | कारितासबाट अनुदान प्राप्त | | ( |
| | ८ | ए.डि.बि.कार्यकमको खर्च | | १,२६७,१५९।१६ | ( | ७ | ए.डि.बि.बाट अनुदान प्राप्त | | १,४५१,६७१।८५ |
| | ९ | ए.डि.बि.कार्यकमको बांकी पुजी | | १८४,५१२।६९ | ७,०००।०० | | गैह्र संचालन आम्दानी | १३ | ६५८,६८२।०० |
| २,४१३,५२७।०६ | १० | पूंजीकोषमा थपेको (घटाएको) | | (८५२०३५।३८ | ( | | | | |
| ४,१२१,२११।०० | | जम्मा | | २,११०,३५३।८५ | ४,१२१,२११।०० | | जम्मा | | २,११०,३५३।८५ |

अनुसूची १ देखी १८ यस लेखाका अविभाज्य अंग हुन्।

आजको मितिमा संलग्न प्रतिवेदन अनुसार

कोषाध्यक्ष    महासचिव    उप–सभापति    सभापति

सदस्य    सदस्य    सदस्य

अनुप कुमार श्रेष्ठ
ए.के.श्रेष्ठ एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेन्टस्

मितिः २०६४/०९/८
स्थानः विराटनगर, नेपाल

BRS Neupane & Co.
Chartered Accountants
Kumari Marg, House No. 43
P.O. Box 8137, Naxal,
Kathmandu, Nepal

Tel : 977-1- 4411314
Fax : 977-1- 4420572
E-mail : chartered@brs.com.np
Web : www.brs.com.np

**BRS Neupane & Co.**

# नेपाल ग्रामिण विकास समाज केन्द्र
# समक्ष लेखापरीक्षकको प्रतिवेदन

१. हामीले **नेपाल ग्रामिण विकास समाज केन्द्रको** २०७५ आषाढ मसान्तको वासलात सो मितिमा समाप्त भएको आर्थिक बर्षको आय व्यय हिसाब र नगद प्रवाह विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं । वित्तिय विवरणहरू प्रतिको उत्तरदायित्व व्यवस्थापनमा रहेको छ । व्यवस्थापनले तयार गरेका ती वित्तिय विवरण उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

२. हामीबाट नेपाल लेखापरीक्षण मापदण्ड आधारमा लेखापरीक्षण कार्य सम्पन्न गरिएको छ । वित्तिय विवरण सारभूतरूपमा गलत आंकाडा रहित छ भन्ने कुरामा विश्वस्त हुनका लागि यी सिद्धान्तहरू अनुसार लेखापरीक्षण योजना तयार गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्नुपर्दछ । वित्तिय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ । संस्थाले अवलम्बन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेका महत्वपूर्ण अनुमान एवं वित्तिय विवरण प्रस्तुतिको समग्र स्थितिको मूल्यांकन पनि लेखापरीक्षणमा समावेश हुन्छ । हाम्रो परीक्षणबाट हाम्रो लेखापरीक्षण मन्तब्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

३. हामीले लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानेका सूचना एवं स्पष्टिकरणको साथै माग गरेको विवरणहरू यथासिघ्र रूपमा पायौं । संस्थाको हिसाब किताब तथा श्रेस्ता प्रचलित कानून बमोजिम राखिएका छन् । संलग्न वासलात, आय व्यय हिसाब तथा नगद प्रवाह विवरण प्रचलित ढँचामा तयार भएको र सो विवरणहरू संस्थाको लेखासंग ठीक दुरूस्त छन् ।

४. हाम्रो रायमा संलग्न वित्तिय विवरणले २०७५ आषाढ मसान्तको आर्थिक अवस्था र सो मितिमा समाप्त भएको आर्थिक बर्षको आय व्यय हिसाब तथा नगद प्रवाह विवरणले उल्लेखित मितिमा समाप्त बर्षको नगद प्रवाहको उचित एवं यथार्थ चित्रण गर्दछ ।

५. हाम्रो विचारमा हामीलाई उपलब्ध गराएको स्पष्टिकरण तथा हामीले प्राप्त गरेको सुचना तथा हामीले गरेको हिसाब किताबको परीक्षणबाट संस्थाको संचालक समिति, कुनै सदस्य वा कर्मचारीले लेखासँग सम्बन्धित कानुनी व्यवस्था विपरित कामकाज गरेको वा संस्थाको बेहिसाब गरेको वा संस्थाको हानी नोक्सानी गरेको पाईएन ।

६. हाम्रो रायमा संस्थाको व्यवसाय सन्तोषजनक रूपबाट संचालन भएको छ ।

मितिः २०७५/०५/३१
स्थानः काठमाण्डौं, नेपाल ।

सि. ए. अनुप कुमार श्रेष्ठ

BRS Neupane & Co. Kathmandu Nepal

# नेपाल ग्रामीण विकास समाज केन्द्र, विराटनगर

## २०७५ आषाढ मसान्तको

## वासलात

| पूंजी तथा दायित्व | | | |
|---|---|---|---|
| पूंजी तथा दायित्व | अनुसूचि | यस वर्ष रकम ( रू. ) | गत वर्ष रकम ( रू. ) |
| १ जगेडा तथा कोषहरू | १ | २९,७३९,२६३।२५ | २६,३८९,८१५।९५ |
| २. भुक्तानी गर्न बाकी रकम | २ | १,४५५,०००।०० | ५,९५५,०००।०० |
| ३. अन्य दायित्व तथा व्यवस्था | ३ | २४,६६८।०० | २५,०००।०० |
| जम्मा | | ३१,२१८,९३१।२५ | ३२,३६९,८१५।९५ |

| सम्पत्ति | अनुसूचि | यस वर्ष रकम ( रू. ) | गत वर्ष रकम ( रू. ) |
|---|---|---|---|
| १. बैंक मौज्दात | ४ | १,६६८,०५७।७२ | ४,४९१,३८५।१५ |
| २. लगानी | ५ | २०,१००,०००।०० | १८,१००,०००।०० |
| ३. स्थिर सम्पत्ति | ६ | ८,८२०,८२०।०० | ९,१५१,४६७।०० |
| ४. अन्य सम्पत्ति | ७ | ६३०,०५३।५३ | ६२६,९६३।८० |
| जम्मा | | ३१,२१८,९३१।२५ | ३२,३६९,८१५।९५ |

१. सम्भावित दायित्व (Contingent Liabilities) — अनुसूची ८

२. लेखा नीतिहरू तथा लेखा सम्बन्धी टिप्पणीहरू — अनुसूची १५

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

कोषाध्यक्ष    महासचिव    उपसभापति    सभापति

सिए. अनुप कुमार श्रेष्ठ
बि.आर एस न्यौपाने एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेन्टस्

सदस्य    सदस्य    सदस्य

मिति: ३१ भाद्र,२०७५
स्थान: विराटनगर, नेपाल

# नेपाल ग्रामीण विकास समाज केन्द्र, विराटनगर

मिति २०७४ श्रावण देखि २०७५ आषाढ मसान्तसम्मको

## नाफा नोक्सान हिसाब

| विवरण | अनुसुची | यस वर्ष (रू) | गत आ. व. (रू) |
|---|---|---|---|
| १. व्याज आम्दानी | ९ | ४८,८७२।२५ | २३७,५४१।१० |
| २. व्याज खर्च | १०. | ४३६,१६३।०० | ९,६१६।४३ |
| खूद ब्याज आम्दानी | | (३८७२९०।७५ | २२७,९२४।६७ |
| ४. अन्य संचालन आम्दानी | ११. | ४१३,५४७।०० | ६६०,३५३।०० |
| कूल संचालन आम्दानी | | २६,२५६।२५ | ८८८,२७७।६७ |
| ६. कर्मचारी खर्च | १२. | २०,०००।०० | ४२०,०००।०० |
| ७. अन्य संचालन खर्च | १३. | १,११८,९५८।९५ | ८४५,६६५।०० |
| संचालन मुनाफा/नोक्सान | | (१११२७०२।७० | (३७७३८७।३३ |
| १०. गैर संचालन आम्दानी/नोक्सान | १४. | ४,४६२,१५०।०० | ४,२७५,०००।०० |
| नाफा/नोक्सान | | ३३४९४४७।३० | ३८९७६१२।६७ |

९ देखि १४ अनुसूचीहरू नाफा नोक्सान हिसावका अभिन्न अंग हून् ।

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

कोषाध्यक्ष    महासचिव    उपसभापति    सभापति

सिए. अनुप कुमार श्रेष्ठ
बि.आर एस न्यौपाने एण्ड क.
चार्टर्ड एकाउण्टेन्टस्

BRS Neupane & Co.
Kathmandu
Nepal
Chartered Accountants

सदस्य    सदस्य    सदस्य

मिति: ३१ भाद्र,२०७५
स्थान विराटनगर, नेपाल

# SRIJANA
FINANCE LTD. सिर्जना फाईनान्स लिमिटेड
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था

## हाम्रा विशेषताहरू:
- आधुनिक बैंकिङ्ग सेवा ।
- आकर्षक ब्याजमा बचत र मुद्धति खाता
- मोवाईलबाटै विजुली, पानी, मोवाईल रिचार्ज र खातामा रकम पठाउन र मौज्दात बुझ्न सकिने ।
- ATM बाट रकम झिक्ने सुविधा ।
- नि:शुल्क सि. आस्वा सुविधा
- सरल र सुलभ रुपमा कागजात बुझाएको तीन (३) दिनभित्र कर्जा लगानी ।
- आईएमई/प्रभु/वेष्टर्न युनियन/हिमाल/नविल/सिटी/रिलायवल लगायत प्रतिष्ठित रेमिट्यान्स कम्पनीबाट बिदेशबाट आएको रकम भुक्तानी र नेपालभित्र पैसा पठाउने सुविधा ।

Prabesh Aryal
Head-Market & Branch Management
M: +977-9802735890
O: +977-21-528049/528058
F: +977-21-528048
E: prabesh.aryal@srijanafinance.com
www.srijanafinance.com

सिर्जनाका लागि
SRIJANA
FINANCE LTD. सिर्जना फाईनान्स लिमिटेड

# Kitchen Cusine
Creating Benchmark

| 9804321814 | 9819005541 |

## Sales-Service-Parts

| E-mail: kitchencusinebrt@gmail.com | fb: kitchen cusino |

DHARAN ROAD, MUNALPATH-5, BIRATNAGAR

नेपाल ग्रामिण विकास समाज केन्द्र (NRDSC) स्थापनाको
२५ औं वर्ष पुरा गरेको अवसरमा हार्दिक मंगलमय



# शुभकामना
व्यक्त गर्दछौं ।

Deals In Best Quality Printing
# Panchakanya
PRINTERS
OFFSET PRESS

Sahakari Marg, Biratnagar-14 (Nepal)
Ph. No.: 021-525208, 525030
(e) : panchakanyaprinters@gmail.com

DEALS IN:
All kinds of Offset Printing, Screen Printing & Letter Press etc.




नेपाल ग्रामीण विकास समाज केन्द्र (NRDSC) ले आफ्नो स्थापनाको २५ औँ वार्षिकोत्सव (रजत महोत्सव) मनाउन लागेको जानकारी पाउँदा मलाई अत्यन्त खुशी लागेको छ । यस संस्थाले महिला सशक्तीकरण, ज्येष्ठ नागरिकहरुको सवाल लगायत लघुवित्तको माध्यमबाट समाज रूपान्तरणमा पुऱ्याएको योगदानको सराहना गर्न चाहन्छु र आउँदा दिनहरूमा पनि समाज परिवर्तनमा आफ्नो अमूल्य योगदान दिई रहनेछ भन्ने विश्वास लिएको छु ।

साथै रजत जयन्तीको उपलक्ष्यमा संस्थाका परिवारलाई बधाई तथा शुभेच्छा सहित उत्तरोत्तर प्रगति र उन्नतिको लागि शुभकामना व्यक्त गर्दछु ।

डा. भेषप्रसाद धमाला
अध्यक्ष
नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड
केन्द्रीय कार्यालय विराटनगर, परिवार


# श्रीजी ट्रेलर्स प्रा.लि.

विराटनगर

सम्पर्क:
०२१-४७२६८५, रोडशेष, ०२१-४६१८७६ बरगाछी
मो. ९८४२०२२५४८

**निर्माण सम्बन्धी सम्पूर्ण सामग्री पाईन्छ ।**

हामा डण्डी तथा Asian Paints को अधिकारीक बिक्रेता

हामा आइरन एण्ड स्टील
asianpaints





स्थापनाको २५ औं वर्ष पुरा गरेको अवसरमा हार्दिक मंगलमय

# शुभकामना

व्यक्त गर्दछौं ।

– रोशन खड्का




# होटल श्री कृष्ण

विराटनगर-१२, फोन: ०२१-४७२४६७



समुदाय स्तर कार्यक्रम संचालन गदै संस्थाकी सदस्य गायत्री अर्ज्याल नेपाल



सिलाई कटाई तालिम निरक्षण गर्दै संस्थाका सभापति



विकासका लागि सहभागितामूलक योजना तर्जूमा लेखा व्यवस्थापन कार्यक्रम अन्तरगत प्रशिक प्रशिक्षण तालिम



समुदाय स्तर कार्यक्रम संचालन गदै संस्थाकी सदस्य गायत्री अर्ज्याल नेपाल



कार्यक्रममा मन्तव्य राख्दै मणिकुमार अर्ज्याल



कार्यक्रमका लागि शिक्षण सामग्री बनाउदै गायत्री अर्ज्याल नेपाल



औपचारिक शिक्षा सम्बन्धी तालिम कार्यक्रममा प्रशिक्षण गर्दै गायत्री अर्ज्याल नेपाल




मिति २०५५ असोज २३ गते गैसस मोरङको पदस्थापन समारोहमा असानग्रहणमा मणिकुमार अर्ज्याल




मिति २०६३ श्रावण २७ गते वार्षिक प्रगति समिक्षा कार्यक्रम सामुहिक तस्विर लिदै बीचमा सभापति मणिकुमार अर्ज्याल, महासचिव उद्धवप्रसाद शर्मा लगायत संस्थाका सदस्यहरु



एनआरडीएसी देखि नेरुडे सम्मको प्रगति प्रतिवेदन प्रस्तुत गर्दै सभापति मणिकुमार अर्ज्याल




सोह्रौं वार्षिक साधारण सभा



संस्थाको भवन शिलन्यास गर्दै



समुदाय स्तरमा लघुवित्त कार्यक्रम संचालन गरीदै



समुदाय स्तर कार्यक्रम संचालन गरीदै



समुदाय स्तर कार्यक्रम संचालन गदै संस्थाका कर्मचारीहरुको साथमा मणिकुमार अर्ज्याल




मिति २०७० चैत्र २६ गते प्रशिक्षक प्रक्षिण सम्बन्धी तालिममा सामुहिक तस्विर लिदै




प्रो.डा. मोहमद यूनिससँग




अन्तर्राष्ट्रिय नारी दिवस कार्यक्रम



जेष्ठ नागरिकहरुको व्यवस्थापन कार्यक्रम पश्चात् सामुहित तस्विर




आश्रमलाई फलफुल तथा फ्रिज वितरण




जेष्ठ नागरिक कार्यक्रममा मतव्य व्यक्त गर्दै




"यात्रा भित्रको परिदृश्य" पुस्तक विमोचन समारोह




गैरसहकारी महासङ्घ जिल्ला शाखा मोरङद्वारा सम्मान



जेष्ठ नागरिक कार्यक्रममा मतव्य राख्दै



विशिष्ट व्यक्तित्वहरुलाई सम्मान



"विपन्नता विरुद्धको अभियान" पुस्तक विमोचन



जीवन भोगाइका प्रतिबिम्ब विमोचन समारोह



RMDC द्वारा उत्कृष्ट कार्य वापत सम्मान ग्रहण गर्दै




जेष्ठ नागरिक सम्बन्धी स्कुल एवारनेस कार्यक्रम




नवजात शिशुको दाँत स्याहार सम्बन्धी स्वयम्-सेवीकाहरुलाई सचेतना तालिम




सूचनाको हक र शिक्षाको अधिकार कार्यक्रम




मानव अधिकार दिवसका अवसरमा अन्तरक्रिया कार्यक्रम



त्रिशक्ति सिमेन्ट
असाधारण शक्ति सुरक्षित भविष्य
JAS-ANZ
ICS
AN ISO 9001 : 2008 (QMS) AN ISO 14001 : 2004 (EMS)
त्रिशक्ति सिमेन्ट सुपर
त्रिशक्ति सिमेन्ट सुपर
पोर्टल्याण्ड पोजोलाना सिमेन्ट
नारायणी सिमेन्ट उद्योग (प्रा.) लि.
त्रिशक्ति सिमेन्ट प्रीमीयम
OPC
त्रिशक्ति सिमेन्ट प्रीमीयम
नारायणी सिमेन्ट उद्योग (प्रा.) लि.
असाधारण शक्ति सुरक्षित भविष्य
नेपालमा बनेको
PPC
बज्रशक्ति सिमेन्ट
नारायणी सिमेन्ट उद्योग (प्रा.) लि.
शक्ति र रक्षाको प्रतिक

# नेपाल ग्रामीण विकास समाज केन्द्रको भवन




## नेपाल ग्रामीण विकास समाज केन्द्र

विराटनगर-९, भानु टोल, फोन नं. ९७७-२१-५२४५६०,
E-mail: nrdscbrt@gmail.com